# नगर शिक्षा क्षेत्र योजना

## (आर्थिक वर्ष २०८०/८१ - २०८९/९०)

## चामुण्डाविन्द्रासैनी नगरपालिका

## नगर कार्यापालिकाको कार्यालय

# शिक्षा, युवा तथा खेलकुद शाखा

जम्बुकाँध, दैलेख

कर्णाली प्रदेश, नेपाल

# विषय सुची

हाम्रो भनाई ........ ४

कार्यकारी सारांश........ ५

परिच्छेद १: परिचय ........ ७

१.१ पृष्ठभूमि ........ ७

१.२ अवधारणा........ ७

१.३ सन्दर्भ........ ८

१.३.१ सामाजिक तथा सांस्कृतिक सन्दर्भ........ ८

१.३.२ भौगोलिक तथा जनसाङ्खिक सन्दर्भ........ ९

१.३.३ प्रमुख ऐतिहासिक, पर्यटकीय तथा धार्मिक स्थलहरू : ........ ९

१.३.४ आर्थिक सन्दर्भ : ........ ९

१.३.५ यातायात, सञ्चार र विद्युतः ........ १०

१.३.६ नगरपालिकाको शिक्षा क्षेत्रको सन्दर्भ ........ १०

१.४ नगरपालिका शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतीहरू........१७

१.५ नगर शिक्षा योजना निर्माण प्रक्रिया ........२१

परिच्छेद -२: विद्यालय शिक्षा क्षेत्र योजना........ २४

२.१ शिक्षा योजनाको सन्दर्भ र औचित्य ........ २४

२.२ दीर्घकालीन राष्ट्रिय सोच........ २५

२.३ चामुण्डाविन्द्रासैनी नगरपालिकाको दीर्घकालीन सोच तथा गन्तव्य ........ २५

२.४ लक्ष्य ........ २५

२.५ उद्देश्यहरू........ २५

२.६ रणनीति तथा कार्यनीतिहरू........ २५

२.७ अपेक्षित मुख्य उपलब्धि ........ २९

२.८ प्रमुख उपलब्धि सूचकहरू ........ ३०

परिच्छेद- ३: शिक्षाका उप-क्षेत्रहरू........ ३४

३.१ प्रारम्भिक बालविकास तथा शिक्षा........ ३४

*प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य........ ३७*

३.२ आधारभूत शिक्षा ........ ३९

*आधारभूत तहका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य........ ४२*

३.३ माध्यमिक शिक्षा ........ ४४

*माध्यमिक तहका प्रमुख क्रियाकलापहरू तथा........ ४८*

३.४ उच्च शिक्षा र माध्यमिक शिक्षाको उच्च शिक्षासँग सम्बन्ध........ ५०

*उच्च शिक्षा र माध्यमिक शिक्षाको उच्च शिक्षासँग सम्वन्धका प्रमुख क्रियाकलापहरू तथा........ ५३*

३.५ प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तथा तालिम........ ५५

*प्राविधिक तथा व्यवसायिक शिक्षा र सिप विकास तालिम का प्रमुख क्रियाकलापहरू तथा........ ५८*

३.६ पाठ्यक्रम र पाठ्यसामग्री ........ ५९

*पाठ्यक्रम र पाठ्यसामाग्रीका प्रमुख क्रियाकलापहरू तथा........ ६२*

३.७ शिक्षक व्यवस्थापन र विकास ........ ६४

*शिक्षक व्यवस्थापन र विकासका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ........ ७०*

३.८ विद्यालय व्यवस्थापन (प्रधानाध्यापक व्यवस्थापन समेत)........ ७४

*विद्यालय व्यवस्थापनका प्रमुख क्रियाकलापहरू तथा........ ७७*

३.९ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा ........ ७९

*निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षाका प्रमुख क्रियाकलापहरू तथा........ ८२*

३.१० गुणस्तरीय सार्वजनिक शिक्षा ........ ८४

*गुणस्तरिय सार्वजनिक शिक्षाका प्रमुख क्रियाकलापहरू तथा........ ८८*

३.११ आर्थिक तथा सामाजिक रूपले पछाडी परेका वर्गको पहुँच/समावेशी शिक्षा ........ ९०

*आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच/समावेशी शिक्षाका प्रमुख क्रियाकलापहरू तथा ........ ९३*

३.१२ शिक्षामा सूचना तथा सञ्चार प्रविधि........ ९६

*शिक्षामा सूचना प्रविधिका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य........ ९८*

३.१३ आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा........ ९९

*आपतकालीन तथा सङ्कटपुर्ण अवस्थामा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा ........ १०२*

परिच्छेद ४ः संस्थागत संरचना र क्षमताविकास (प्रदेश र संघीय तहसँगको अन्तरसम्बन्ध)........ १०३

परिच्छेद ५ : लगानी र स्रोत व्यवस्थापन........ १०६

परिच्छेद ६ः कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण........ १११

परिच्छेद ७ः मुख्य मुख्य क्रियाकलाप र उपलब्धी सूचक ........ ११५

सन्दर्भ सामग्रीहरू ........ १३६

अनूसूची १ : नगर शिक्षा क्षेत्र योजना निर्माण मस्यौदा समिति/ नगर शिक्षा समिति........ १३७

# हाम्रो भनाई

शिक्षालाई मानवको तेस्रो आँखा तथा ज्ञानको ज्योति भनेर पनि चिनिन्छ । वर्तमानमा शिक्षालाई व्यक्तिको आधारभूत अधिकारको रुपमा लिइन्छ। नेपालको संविधानले नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने मौलिक हकको व्यवस्था गरेको छ ।

साथै, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११, (२), ज मा आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी स्थानीय तहका २३ वटा काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ । चामुण्डाविन्द्रासैनी नगरपालिकाले संविधान तथा कानूनले प्रदान गरेको अधिकारको प्रयोग गर्दै शैक्षिक विकास, पहूँच र व्यवस्थापनलाई अग्रस्थानमा राखेको छ । शिक्षा क्षेत्रमा संघीय सरकारबाट बन्नुपर्ने शिक्षा ऐन तथा नियमावली निर्माण तथा संसोधन नहुनुले स्थानीय तहले के, कसरी, कुन-कुन क्षेत्रमा शिक्षा सम्बद्ध कानून तर्जुमा गर्ने भन्ने कुरा हालसम्म स्पष्ट नहुनु तथा स्थानीय सरकारबाटै शिक्षा क्षेत्रमा नयाँ अभ्यास गर्नुपर्ने स्थितिका कारण विभिन्न समस्या तथा चुनौती विद्यमान रहेतापनि आवश्यक स्थानीय कानून, नीति तथा कार्यविधि तर्जुमा देखि तिनको सफल कार्यान्वयनमा चामुण्डाविन्द्रासैनी नगरपालिकाको तर्फबाट हरसम्भव प्रयासहरू भैरहेका छन् । शिक्षा विकास जस्तो पवित्र अभियानमा अगाडी बढ्दा आईपर्ने चुनौती तथा समस्याहरूलाई उचित तरिकाबाट समाधान गरी यस नगरपालिकाको समग्र शिक्षा क्षेत्रको सुधारका लागि सम्पूर्ण नगरबासीको साथ र सहयोग प्राप्त हुनेछ भन्ने पूर्ण आशा र विश्वास लिएका छौ ।

चामुण्डाविन्द्रासैनी नगरपालिकालाई उत्कृष्ट शैक्षिक गन्तव्यको रुपमा विकास गर्ने कार्यलाई मूर्तरुप दिन नगरसभाले पारित गरेका शिक्षाका नीतिको आधारमा शिक्षा क्षेत्रका सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा दश वर्षे नगर शिक्षाक्षेत्र योजना तर्जुमा गरिएको छ । विद्यालय तहका नियमित शैक्षिक कार्यक्रमका अतिरिक्त अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, विशेष शिक्षा, प्राविधिक शिक्षा, शिक्षाका अन्तर सम्बन्धित मुद्दाहरू, विपद् व्यवस्थापन सँगसँगै शिक्षामा समग्र सुशासन र व्यवस्थापनका पक्षहरूलाई समेटेर तयार पारिएको यस शिक्षा योजनाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको शैक्षिक मार्गदर्शन गर्ने कुरामा हामी विश्वस्त छौ ।

शिक्षाले व्यक्तिलाई ज्ञान मात्र नभएर सीप सिकाउन सकेमा सीपयूक्त व्यक्ति श्रमबजारमा सहजै बिक्न सक्ने, दक्ष जनशक्ति तयार भई हामीले कल्पना गरेको समृद्ध नेपाल र सुखि नेपाली तथा समुन्नत समाजको ढोका खुल्ने भएकोले विश्वव्यापी रुपमा उठाइएको जीवनोपयोगी शिक्षा साथै यस नगरपालिका क्षेत्रको परम्परागत मौलिक ज्ञान सीप, संस्कृति र सभ्यताका असल पक्षहरूलाई समेट्दै नयाँ पुस्तामा हस्तान्तरणका माध्यमले शिक्षित, सुसंस्कृत तथा समृद्ध नगरपालिका बनाउने पवित्र सोचका साथ यो योजना निर्माण गरिएको हो। यो योजना दस्तावेज तयारीमा सल्लाह दिने, सहयोग गर्ने तथा खटिने चामुण्डाविन्द्रासैनी नगरपालिका, नगर शिक्षा समितिका पदाधिकारीज्यूहरू, सामाजिक विकास समिति, शिक्षा युवा तथा खेलकुद शाखा, प्रधानाध्यापकज्युहरू, वि.व्य.स./ शि.अ.संघ. अध्यक्षज्यूहरू, शिक्षक प्रतिनिधि, नगर बाल संजालका प्रतिनिधि साथै आर्थिक तथा प्राविधिक सहयोगको लागि सेभ द चिल्ड्रेन नेपाल र एभरेष्ट क्लब दैलेख लगायत सम्पूर्ण सरोकारवालाहरू प्रति हार्दिक धन्यवाद एवम् कृतज्ञता व्यक्त गर्दै योजनाको ठोस कार्यान्वयनमा जुट्न सबैमा अपिल गर्दछौ ।

२०८० असार

चामुण्डाविन्द्रासैनी नगरपालिका परिवार

# कार्यकारी सारांश

कुनै पनि योजना उपलब्ध साधन र स्रोतको अधिकतम् उपयोग गरी पूर्वनिर्धारित समय सीमाभित्र अपेक्षित उपलब्धि हासिल गर्ने उद्देश्यले निर्माण गरिन्छ । कुनै पनि कार्य गर्दा यदि हामीले योजना बनायौं भने थोरै लगानीमा पनि धेरै उपलब्धि हासिल गर्न सकिन्छ ।

नेपालको सन्दर्भमा योजनाबद्ध विकासको थालनी २०१३ सालबाट भएको पाइन्छ । नेपाल संघीयतामा प्रवेश गरेसँगै हाल योजनालाई माथिबाट थोपरिने विषयभन्दा पनि जसका लागि चाहिने हो, त्यहाँका सरोकारवालाहरूको सक्रिय सहभागितामा उनीहरूको आवश्यकता पहिचान गरी स्थानीयस्तरको योजना बनाई क्रमशः ती स्थानीयस्तरमा तयार गरिएका योजनाहरूलाई समेत समेटेर माथिल्ला स्तरका योजना बनाउने पद्धतिलाई (Bottom-up Planning) स्थापित गर्ने प्रयास विगतदेखिनै गरेको पाइन्छ।

नेपालको शैक्षिक विकासको सन्दर्भमा विगत दशकौं देखि Bottom-up Planning को अवधारणा कार्यान्वयनमा ल्याइएकोले प्रत्येक सामुदायिक विद्यालयले विद्यालय व्यवस्थापन समितिको अगुवाइमा विद्यालयका सबै सरोकारवालाहरूको सहभागिता गराई विद्यालय स्तरमा विद्यालयको समग्र विकासको योजना (विद्यालय सुधार योजना) निर्माण गरिन्छ। यो योजना निर्माण गर्दा विद्यालयलाई दीर्घकालमा कस्तो बनाउने भन्ने दूरदृष्टि निर्धारण गरिन्छ । यसैलाई मध्यनजर गरी एक निश्चित अवधिभित्र विद्यालयलाई कहाँ पुर्याउने अथवा कस्तो बनाउने भन्ने लक्ष्य र उद्देश्य निर्धारण गर्दै विद्यालय सुधार योजना निर्माण गरिन्छ । यस योजनाले खासगरी सम्बन्धित विद्यालयको सेवाक्षेत्रभित्रका विद्यालय उमेर समूहका बालबालिकाहरूको विद्यालयसम्मको पहुँच सुनिश्चित गर्ने, गुणस्तरीय शिक्षा प्रदान गर्ने र संस्थागत क्षमता अभिवृद्धि गर्ने क्रियाकलापहरू समेटेको हुन्छ र हुनुपर्दछ । यसैका आधारमा नगरपालिकास्तरमा सोही स्तरका सरोकारालाहरूको सहभागितामा नगर शिक्षा समितिले नगर शिक्षा योजना निर्माण गर्ने गरिन्छ ।
वर्तमान संविधानप्रदत्त शैक्षिक अधिकार सुनिश्चित गर्न एकल अधिकारको विषयमा स्थानीय तहले योजनावद्ध विकासको थालनी गर्नुपर्ने देखिन्छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) ज मा उल्लेखित आधारभूत र माध्यमिक शिक्षासम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमनको व्यवस्था भएअनुरूप चामुण्डाविन्द्रासैनी नगरपालिकाले नगर शिक्षाक्षेत्र योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्ने आवश्यकता महशुस गरेको हो। आर्थिक वर्ष २०६६/६७ देखि नेपाल सरकारले विद्यालय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्नका साथै गुणस्तर सुधारका निमित्त सात वर्षे विद्यालय क्षेत्र सुधार योजना कार्यान्वयनमा ल्याएको थियो साथै यस योजनाबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न, विद्यालय शिक्षाका विविध सकारात्मक प्रयासहरूलाई निरन्तरता दिन र शिक्षाका नवीन कार्यक्रमहरूसहित आर्थिक वर्ष २०७३/७४ देखि सात वर्षे विद्यालय क्षेत्र विकास योजना तर्जुमा गरी कार्यान्वयन भइसकेको छ । विद्यालय शिक्षालाई निर्दिष्ट दिशा प्रदान गर्न १० वर्षे योजनाको रूपमा शिक्षा क्षेत्रको योजना, २०२१-२०३० कार्यान्वयनका चरणमा रहको छ। वि.स. २०७९ (सन् २०२२) सम्ममा नेपाललाई विकासशील राष्ट्रका रूपमा स्तरोन्नति गर्न, वि.सं. २०८७ (सन् २०३०) सम्ममा मध्यम आय भएको मुलूकको स्तरमा रूपान्तरणको लक्ष्य हासिल गर्ने र दिगो विकासका लक्ष्य प्राप्त गर्न महत्वपूर्ण साधनका रूपमा पन्ध्रौं योजना (२०७७/७८-२०८२/८३) कार्यान्वयनमा आएको छ ।

यसै पृष्ठभूमिमा चामुण्डाविन्द्रासैनी नगरपालिकामा पनि गुणस्तरीय विद्यालय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्न, व्यवस्थापकीय एवम् नियमनकारी निकायहरू र शैक्षिक संस्थाहरूको संस्थागत क्षमता विकास गरी

संस्थागत सुशासन कायम गर्नको लागि आ.व. २०८०/८१ देखि २०८९/९० सम्म कार्यान्वयन हुने गरी १० वर्षे नगर शिक्षाक्षेत्र योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने प्रयास गरिएको हो।

नेपालको संघीय लोकतान्त्रिक संविधानमा शिक्षा सम्बन्धी मौलिक हक, राज्यको निर्देशक सिद्धान्त तथा राज्यका नीति र प्राथमिकताका क्षेत्रहरूको उचित व्यवस्था गरिएको छ । नेपालको संविधानको भाग ३ को मौलिक हक र कर्तव्य सम्बन्धी धारा ३१ मा शिक्षा सम्बन्धी ५ वटा मौलिक हकको सुनिश्चितता गरिएको छ । यसै गरी धारा ३८ मा महिलाको हक सम्बन्धी उपधारा (५), धारा ३९ मा बालबालिकाको हक सम्बन्धी उपधारा (२), (३), (७) र (९), दलितको हकसम्बन्धी धारा (४०) उपधारा (२) मा, सामाजिक न्यायको हक सम्बन्धी धारा ४२ को उपधारा २ र उपधारा ५ मा शिक्षा सम्बन्धी विशेष व्यवस्था गरिएको छ । साथै नेपालको संविधानको राज्य संरचना र राज्य शक्तिको बाँडफाँड सम्बन्धी धारा ५७ को उपधारा ४ बमोजिम स्थानीय तहको अधिकार अनुसूची ८ मा उल्लेखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग संविधान र नगरसभा वा गाँउसभाले बनाएको कानून बमोजिम हुने व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) ज मा स्थानीय सरकारलाई माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन एवम् सञ्चालनको अधिकार प्रदान गरिएको छ ।

यस योजनाले विद्यालयहरूको भौतिक एवम् शैक्षिक पूर्वाधार विकासमा सहयोग पुर्याउनुका साथै विगतमा पूरा गर्न नसकिएका विषय र विद्यमान चुनौतीहरूको अन्तर घटाउन सहयोग गर्ने अवसरका रूपमा लिँदै परिवर्तित परिस्थिति अनुसार कार्यान्वयनमा लचकता अपनाउन सकिने गरी नयाँ योजना, कार्यक्रम र भावी कार्यदिशा तय गरेको छ । यो योजना निर्माण गर्दा दिगो विकास लक्ष्य, पन्ध्रौं योजना, नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, शिक्षासम्बन्धी सङ्घीय कानुनहरू, कर्णाली प्रदेशको पहिलो आवधिक योजनाको आधारपत्र, नगर शिक्षा ऐन र शिक्षा सम्बद्ध विभिन्न आयोगका प्रतिवेदनहरू समेतलाई आधार लिइएको छ । यस योजनामा प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत र माध्यमिक शिक्षा, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइ, गुणस्तरीय शिक्षा, पाठ्यक्रम र पाठ्यसामग्री, विद्यालय व्यवस्थापन, शिक्षक व्यवस्थापन र पेसागत विकास, शिक्षासँग सम्बन्धित सवालहरू, शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधि, उच्च शिक्षा, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, संस्थागत क्षमता विकास, लगानी र स्रोत व्यवस्थापन, शिक्षामा कमजोर वर्गको पहुँच, समावेशी शिक्षा र अनुगमन तथा मूल्याङ्कनसम्बन्धी अलगअलग सवालमा दश वर्षको उद्देश्य, रणनीति र कार्यक्रमहरू विस्तृत रूपमा तयार तथा प्रस्तुत गरिएको छ ।

यस योजनाको सफल कार्यान्वयनको सुनिश्चितताका लागि नगर सभा, कार्यपालिका, अन्तर्गतका कर्मचारी, शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति, सामुदायिक संघ/संस्थाहरूको बलियो प्रतिबद्धताका साथै राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट निरन्तर सहयोग प्राप्त हुने विश्वास लिइएको छ। यस योजनाले समेट्न नसकेका विषय एवम् कमजोरीहरू औंल्याइदिन र आगामी दिनमा यसलाई अझ व्यावहारिक अर्थात् वस्तुपरक ढङ्गबाट कार्यान्वयन योग्य बनाउन अमूल्य सुझाव र सकारात्मक राय सल्लाहको अपेक्षा समेत गरिन्छ।

यस चामुण्डाविन्द्रासैनी नगरपालिकाले पनि संविधान तथा कानूनले प्रदान गरेका अधिकारहरूको प्रयोग गर्दै दश वर्षे शिक्षा क्षेत्र योजना निर्माण गरेको छ । मुख्यतया यो योजना शुरुवाती योजना भएको कारणले पहिलेका योजनाहरूको समीक्षा गर्ने कार्य पूर्ण रूपमा नभएता पनि विद्यालय सुधार योजना, अन्य शिक्षासंग सम्बन्धित योजनाहरू तथा चामुण्डाविन्द्रासैनी नगरपालिकाको शिक्षा पार्श्वचित्र २०७८ र अन्य पालिकाका शिक्षा योजनाहरू तथा अन्य दस्तावेजहरूलाई मार्गदर्शकको रुपमा लिइएको छ ।यस योजनाको कार्यान्वयनका लागि शुरुका पाँच वर्षसम्म अनुमानित जम्मा ६६ करोड, २१ लाख ३० हजार खर्च हुने अनुमान गरिएको छ ।

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

यस चामुण्डाविनद्रासैनी नगरपालिकाको समग्र शैक्षिक स्थितिको गुणस्तर तथा नतिजामा सुधार ल्याउनका लागि यो दश वर्षे नगर शिक्षा क्षेत्र योजना निर्माण गरिएको हो । यस नगर शिक्षा क्षेत्र योजनाले यस नगरपालिकामा समानता, समता, विविधता, पहिचान, विकास तथा समृद्धि स्थापनाका लागि र नगरपालिकाले शिक्षा क्षेत्रमा गरेको र गर्ने लगानीको उपयूक्त तथा प्रशंसनीय प्रतिफल प्राप्तिमा सहयोग तथा आधार प्रदान गर्ने उद्देश्य तथा लक्ष्यका साथ यस नगर शिक्षा योजनाको निर्माण गरिएको छ ।

## १.२ अवधारणा

शिक्षा मानव विकास र समाज विकासको मुख्य आधार एवम् मानवअधिकारको विषय हो । हाल विद्यालय शिक्षा सबैको प्राथमिकतामा पर्दै चासो र चिन्ताको विषय पनि बनेको छ । नेपाल सरकारले पनि इन्चोन घोषणामा हस्ताक्षर गरी नेपालको सार्वजनिक शिक्षा सुदृढीकरण गरिनेछ भनि प्रतिबद्धता जनाएको छ भने हाल विद्यालय शिक्षा क्षेत्र योजना (SESP) निर्माण भई कार्यान्वयन भैरहेको छ । नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा उल्लेख गरी अनिवार्य तथा निःशुल्क विद्यालय शिक्षा सुनिश्चित गर्नको लागी निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ जारी गरी कार्यान्वयनमा ल्याएको छ। यसरी संविधानले सुनिश्चित गरेको शिक्षा सम्बन्धी मौलिक हक कार्यान्वयन गरिने जिम्मेवारी तथा दायित्व संविधान अनुसार मुख्यतया स्थानीय सरकारको रहेको छ । यसका साथै स्थानीय सरकारले दिगो विकासका लक्ष्यहरू (SDGs), सन् २०३० सम्मको शिक्षा, विद्यालय क्षेत्र विकास योजना (SSDP) जस्ता विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय योजना र मञ्च तथा दस्तावेजमा गरेका प्रतिबद्धताहरूलाई समेत आत्मसात गरी उक्त दस्तावेजको कार्यान्वयनमा समेत ध्यान दिन जरुरी रहेको छ । तर सीमित स्रोत साधन र असीमित आवश्यकताले गर्दा स्थानीय सरकारले प्रभावकारीरूपमा आफ्नो काम कर्तव्य पूरा गर्न चुनौती रहेको देखिन्छ । यस कारण दिगो विकासको लक्ष्य ४ मा रहेको शिक्षा सम्बन्धी लक्ष्य तथा उद्देश्यहरू नेपालको सन्दर्भमा पूर्ण रूपमा कार्यान्वयन गर्नका निमित्त विशेष गरी स्थानीय तथा प्रादेशिक सरकारहरूसँग निरन्तर बहस तथा पैरवी गरी उनीहरूको योजना र कार्यक्रमहरूमा विद्यालय शिक्षालाई प्राथमिकतामा राख्नु आवश्यक रहेको छ।

वर्तमान शिक्षा प्रणालीमा शिक्षक, विद्यार्थी, व्यवस्थापन, प्रशासन, नेतृत्व, पाठ्यक्रम, पाठ्यपुस्तक, लगानी, पठनपाठन प्रक्रिया, मूल्याङ्कन प्रणाली, दलीयकरण, राजनैतिक भागबण्डा र पढेको वा शिक्षित व्यक्तिको क्षमता उपर विगतमा हामीले धेरैथोरै आलोचना गर्‍यौ तर क्षमता र योग्यताको आधारमा जिम्मेवारी र शिक्षाको अवसर सुनिश्चित गर्न नसक्नु न्यायपूर्ण समाज निर्माणको बाधक सिद्ध हुन गयो । यसैबीच संविधानले स्थानीय सरकारलाई प्रारम्भिक बालविकास शिक्षा, अनौपचारिक शिक्षा, आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षाको जिम्मेवारी पनि सुम्पियो । यसै गरी प्रादेशिक तथा संघीय सरकारलाई उच्च शिक्षाको जिम्मेवारी दिइयो । प्राविधिक तथा व्यवसायिक शिक्षा स्थानीय, प्रदेश एवम् संघीय सरकारको साझा जिम्मेवारीमा राखियो । यस स्थितिमा नेपालको शिक्षालाई कसरी व्यवहारिक प्रतिस्पर्धी वैज्ञानिक, रोजगार उन्मुख, गुणस्तरीय, जनमुखी, जीवनोपयोगी, समालोचनात्मक क्षमता सहितको अनुसन्धानमूलक, एवम् नेपालका विविध कला, संस्कृति, ज्ञान, सीप, प्रविधि

आदिसँग जोड्दै उपयुक्त पश्चिमी प्रविधि, ज्ञान तथा सीपको पनि भरपूर प्रयोग गर्दै व्यक्तिगत विकास मार्फत समुदाय र देशको विकासमा योगदान गर्न सक्ने विद्यार्थी उत्पादन गर्नुपर्ने जिम्मेवारी स्थानीय तहको काँधमा आएको छ । त्यसैले नगरपालिकाले नगर शिक्षा क्षेत्र योजना निर्माण गरि कार्यान्वयन गर्नुपर्ने अनिवार्य आवश्यकता देखिएकोले यो दश वर्षे नगर शिक्षा क्षेत्र योजना निर्माण गरिएको हो ।

## १.३ सन्दर्भ

राज्यको पुर्नसंरचना तथा विकेन्द्रीकरणको अवधारणा अनुसार आफ्नो शिक्षाको विकास आफै गरौं भन्ने उद्देश्यले स्थानीय तहमा रहेर शिक्षाको गुणस्तर वृद्धि गर्दै विद्यालयको समग्र पक्षहरूको सुधार, विद्यालय शिक्षा विकास तथा गुणस्तर कायम गर्न विद्यालय सुधार योजनाले उल्लेखनीय भूमिका खेलेको छ ।यस नगरपालिकाका करिब सम्पूर्ण सामुदायिक विद्यालयहरूको विद्यालय सुधार योजना तयार गरी कार्यान्वयनमा आएको अवस्था रहेको छ । शिक्षा सरोकारवालासँगको अन्तरक्रिया साथै विद्यालय सुधार योजनालाई समेत विश्लेषण गरी यो दश वर्षे नगर शिक्षा क्षेत्र योजना तयार गरिएको छ । शिक्षा क्षेत्रमा विगतमा नेपाल सरकारले लागु गरेका र हाल सञ्चालन भैरहेका कार्यक्रमहरूका सकारात्मक नतिजाहरूलाई स्थायित्व दिने सन्दर्भमा समेत यो दश वर्षे शिक्षा क्षेत्र योजना निर्माण गर्नु परेको हो । यस नगरपालिकाको शिक्षा विकासमा सामाजिक, सांस्कृतिक र आर्थिक सन्दर्भ, भौगोलिक, जनसाङ्खिक र शासकीय स्वरुपको प्रभाव रहने भएकाले यो शिक्षा योजना निर्माणका क्रममा यी सन्दर्भहरूको समीक्षा गरिएको छ।

### १.३.१ सामाजिक तथा सांस्कृतिक सन्दर्भ

नेपाल सरकारद्वारा २०७३ फाल्गुन २७ मा तत्कालीन चामुण्डा, लयाँटि विन्द्रासैनी र जम्बुकाँध गाउँ विकास समितिहरूलाई मिलाई ९ वटा वडाहरू रहने गरी चामुण्डाविन्द्रासैनी नगरपालिकाको विधिवत् रूपमा घोषणा तथा स्थापना गरिएको हो । साविक चामुण्डा र लयाँटिविन्द्रासैनी गाउँ विकास समितिहरूको नामबाट यसको नाम चामुण्डाविन्द्रासैनी नगरपालिका रहन गएको हो ।यस नगरपालिकाका प्रशासनिक कार्यालयहरू जम्बुकाँधमा (समुन्द्र सतहबाट १३७० मिटर) अवस्थित छन्।
यो नगरपालिका पनि दैलेख जिल्लाका एघार वटा स्थानीय तह मध्येको एक जातीय विविधता युक्त नगरपालिका हो । यस नगरपालिकामा वाहुन (उपाध्याय, न्यौपाने, रेग्मी, चौलागाइ, ढकाल, खनाल, सापकोटा, अधिकारी, कंडेल, सुवेदी, भट्टराई, रिजाल, देवकोटा), ठकुरी (रास्कोटी, सोबन्सी, चन्द, सिंह, हमाल, कल्याल, रखाल), क्षेत्री (भण्डारी, थापा, विष्ट, खड्का, खत्री, घर्ती, बुढा, बोहोरा, रावत, सावद, कार्की, रोकाया क्षेत्री), जनजाती (गुरुङ, मगर, लामा, तामाङ्ग), दलित (दमाई, कामी, सावन, सार्की, रोकाया, वादी), दशनामी (गिरी, योगी) आदि जातजातीहरूको मुख्य बसोबास रहेको छ । यस नगरपालिकामा जन्मपश्चात् न्वारान, पास्नी, ब्रतबन्ध, विवाह, मर्दा किरिया बार्ने, देवीदेवताको पूजा आराधना, विभिन्न स्थानमा लाग्ने मेला जस्ता संस्कारका अतिरिक्त भजन, कीर्तन गर्ने चलन छ । माघी, तिहार, तिज,दशैं पर्व हिन्दू नारी तथा पुरुषले मनाउने प्रमुख चाड हुन् ।
पुरुषको पहिरन कमिज, शुरूवाल, दौरा शुरूवाल, सर्ट पेन्ट र महिलाको पहिरनमा सारीचोलो, ब्लाउज, कुर्ता शुरूवाल आदि प्रचलित छ। कार्यक्रम विशेष वा विवाहजस्ता कार्यमा जाति अनुसारका पहिरन समेत लगाएको देख्न पाइन्छ। प्रायः सबै जातिका महिलाले गहना लगाउने प्रचलन रहेको छ । हाल सबै जातिमा आधुनिकताका नाममा विदेशी भेषभूषा तथा रहनसहनले प्रश्रय पाएको देखिन्छ।

### १.३.२ भौगोलिक तथा जनसाङ्खिक सन्दर्भ

दैलेख जिल्लाको कुल क्षेत्रफल १५०५ वर्ग किलोमिटर मध्ये ६.२% भूभाग ओगटेको यस नगरपालिकाको क्षेत्रफल ९०.६० वर्ग कि.मि. रहेको छ। यो नगरपालिका २८°५२"०२.८०' डिग्री उत्तरी अक्षांश देखि २९°००"९६.८७' उत्तरी अक्षांशसम्म र ८१°३१"२५.३७' देखि ८१°३६"१६.८०' डिग्री पूर्वी देशान्तर सम्म फैलिएको छ ।यसको पूर्वमा भैरवी गाउँपालिका र दुल्लू नगरपालिका, पश्चिमा आठबिस नगरपालिका र ठाटिकाँध गाउँपालिका, उत्तरमा ठाटिकाँध गाउँपालिका र दक्षिणमा दुल्लू नगरपालिका र अछाम जिल्ला पर्दछन ।भौगोलिक स्वरुप अनुसार यो नगरपालिका उत्तर दक्षिण भएर फैलिएको छ । अधिकांश भूभाग पहाड र थुम्का थुम्की रहेको यस नगरपालिकामा कृषियोग्य जमिन ३७४५ हेक्टर, वन क्षेत्र १२०५८ हेक्टर, चरण क्षेत्र–००% र पोखरी र ताल-००%, सिमसार-००% र बाँकी अन्य क्षेत्र रहेका छन् । पूर्वमा पर्ने देउगाड खोला, पश्चिममा पर्ने रामगाड खोला, र दक्षिणमा अविरल बगिरहेको कर्णाली नदी आदि यस नगरपालिकाका प्रमुख नदी तथा खोलानालाहरू हुन । सबै खोलानालाहरू कर्णाली नदीमा मिसिएर बग्दछन् । यसको भूभाग समुद्री सतहबाट न्यूनतम ६०० मिटरदेखि अधिकतम् १७०० मिटरसम्म उचाइ रहेको छ । यस नगरपालिकाको सरदर अधिकतम तापक्रम ३०° सेल्सियस देखि न्यूनतम तापक्रम ५° सेल्सियससम्म रहेको छ भने औसत वार्षिक वर्षा सरदर १००० मि.मि. रहेको छ ।धरातलीय स्वरुपअनुसार समशितोष्ण मनसुनी हावापानी पाइने, गर्मीमा त्यति गर्मी नहुने र जाडोमा न जाडो हुने र चैत, बैशाख, जेठ महिनामा हावाहुरी बतास चल्ने यस नगरपालिकाकोमौसमी विशेषता हो।
२०७८ सालको जनगणना अनुसार यस नगरपालिकाको जनसंख्या २६,५५९ रहेको छ, जसमध्ये महिलाको जनसंख्या १३,१७९ र पुरुषको जनसंख्या १३,३८० रहेको छ भने वालवालिकाको जनसंख्या ९,७४८ रहेको छ । नगरपालिकामा जम्मा घरधुरी ५,११३ रहेका छन्।

### १.३.३ प्रमुख ऐतिहासिक, पर्यटकीय तथा धार्मिक स्थलहरू :

विन्द्रासैनी देवीको मन्दिर, चामुण्डा देवीको मन्दिर, दक्षिण भेगमा स्वामिकार्तिकको मन्दिर, पूर्वी भेगमा अवस्थित पवित्र पञ्चकोशी तीर्थस्थल अन्तर्गतका पादुकास्थान ,भैरवी र वडा नं ३ को भैरव मन्दिर हाडाकोट वडा नं ५ को खापरथान मन्दिर, वडा नं ७ को देउती र पूर्णामाला मन्दिर वडा न. ३ को जलगुफा, वडा नं ४ को कालिका मन्दिर गडाखा आदि यहाँका महत्वपूर्णप्रमुख ऐतिहासिक, पर्यटकीय तथा धार्मिक स्थलहरू हुन ।

### १.३.४ आर्थिक सन्दर्भ :

यस नगरपालिकामा आर्थिकरुपले सक्रिय जनसंख्या ६९.६% को ९४.६% कृषि र गैरकृषि पेशामा आवद्द छन।जसमध्ये आर्थिकरुपमा ७०.८% कृषि, वन र मत्स्य सम्बन्धी काममा लागेका छन्। कृषिमा अन्न-मकै/गहुँ/धान खेती, दालबाली, तेलहन बाली, पशुपालन, कुखुरापालन, बेलौती/आँप/सुन्तला जस्ता फलफूल खेती,आलु, गोपी आदि तरकारी खेती र शिक्षण, नोकरी, साना तथा मझौला व्यापार व्यवसाय, छिटपुट घरेलु उद्योग धन्दा, वैदेशिक रोजगारी, ज्याला मजदूरी, आदि निर्वाहमुखी पेशा चामुण्डाविन्द्रासैनी नगरबासीहरूको दिनचर्या हो । जम्बुकाँध बजार, विन्द्रासैनी विशाल बजार, हाडाकोट बजार, बुडेलीबजार, पाल्तडा, पादुका, लैनचौर, चाल्ने, सिमशेर पुलबजार आदि यस नगरपालिकाका प्रमुख व्यापारिक स्थलहरू हुन ।

### १.३.५ यातायात, सञ्चार र विद्युतः

मध्यपहाडी राजमार्ग र कर्णाली राजमार्गको केही भाग नगरपालिकाका प्रमुख सडक सञ्जाल हुन् । साथै २०७४ को स्थानीय तहको निर्वाचनपश्चात अधिकांश गाउँ/टोल जोड्ने ग्राबेल तथा कच्ची मार्गहरू स्थानीय पूर्वाधारका रूपमा निर्माण भएका छन् । कतिपय निर्माणाधीन अवस्थामा छन् । नजिकको हवाइ मार्ग वीरेन्द्रनगर सुर्खेतमा अवस्थित विमानस्थल हो ।
३ वटा वडामा अतिरिक्त हुलाक रहेका छन् तर मोबाइल प्रविधिका कारण तिनको उपयोग भने नगन्य छ । मोबाइल प्रविधि अधिकांशले प्रयोग गरिरहेका छन्। विभिन्न सेवाप्रदायकद्वारा संचालित इन्टरनेट प्रविधिहरूले चामुण्डाविन्द्रासैनी नगरबासीहरूलाई विश्वव्यापीकरणको अनुभूति दिलाईरहेका छन् । स्थान विशेष कतै कुनै रेडियो तरङ्ग बढी कतै कम भएकाले कुनै स्थानहरूमा राष्ट्रिय रेडियो तथा एफ.एम.का कार्यक्रमहरू सुन्न सकिन्छ । यस नगरपालिकामा १ वटा एफ.एम. रेडियो सञ्चालनमा रहेको छ । स्थानीय पत्रपत्रिकाको प्रकाशन तथा विक्रिवितरण नभए पनि नगन्य मात्रामा दैलेख जिल्लाका र राष्ट्रिय दैनिक पत्रिका, साप्ताहिक र मासिक रूपमा प्रकाशन हुने स्थानीय र राष्टिय पत्रिकाहरू पढ्न सकिन्छ । विद्युत प्रसारण केन्द्रबाट वितरण हुने विद्युतको सुविधा अधिकांश गाउँ/वस्तीमा पुग्ने क्रममा छ । तर कमजोर प्रसारण लाईनका कारण हावाहुरी, वर्षाको समयमा बढी प्रभावित हुने गर्दछ । वित्तीय कारोवारको लागि एस. बि.आई. बैंकको चामुण्डा शाखा (जम्बुकाँधमा), एउटा आइ.एम.इ. सेवा रहेको छ भने विभिन्न स्थानमा सहकारी संस्थाहरू छन् ।

### १.३.६ नगरपालिकाको शिक्षा क्षेत्रको सन्दर्भ

चामुण्डाविन्द्रासैनी नगरपालिकाभित्र ४२ वटा आधारभूत, १२ वटा माध्यमिक गरी ५४ ओटा सामुदायिक, ५ ओटा संस्थागत आधारभूत विद्यालय, २ ओटा सामुदायिक सिकाइ केन्द्र र एउटा क्याम्पस गरि ७० वटा शैक्षिक संस्थाहरू सञ्चालनमा रहेका छन ।५४ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयमा आधारित बालविकास केन्द्रहरूका अतिरिक्त १० वटा समुदायमा आधारित बालविकास केन्द्रहरूगरि जम्मा ६९ वटा बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन् । सामुदायिक विद्यालयहरूमा प्राथमिक तहमा ६२, निम्नमाध्यमिक तहमा ५, माध्यमिक तहमा ९ ० गरी कुल ७६ स्वीकृत दरबन्दी, प्राथमिक तहमा ४१, निम्नमाध्यमिक तहमा १६, माध्यमिक तहमा ८ गरी कुल ६५ राहत तथा उच्चमाध्यमिक तहमा ५ शिक्षक अनुदान गरी कुल ७०, निम्न माध्यमिक ५, माध्यमिक १४ गरी कूल १९ संघ शिक्षण सहयोग अनुदान र प्राथमिक ५०, निम्न माध्यमिक २४ र माध्यमिक १ गरी जम्मा ७५ पदमा शिक्षकहरू कार्यरत छन् । त्यसैगरी प्रत्येक विद्यालयमा संस्थागत समेत कम्तीमा १ जना गरी कुल ६९ जना भन्दा बढी प्रारम्भिक बालविकास सहजकर्ताहरू सेवारत छन्।
नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आधारभूत र माध्यमिक शिक्षाको व्यवस्थापकीय अधिकार स्थानीय तहमा अन्तर्निहित रहेकोले यस नगरपालिकाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको शिक्षा ऐन, २०७५, चामुण्डाविन्द्रासैनी नगरपालिकाको शिक्षक तथा विद्यालय व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ निर्माण गरि कार्यान्वयन भइरहेका छन् । चामुण्डाविन्द्रासैनी नगरपालिकाको शिक्षा नीति, शिक्षा नियमावली निर्माणको क्रममा रहेको छ । विद्यालय शिक्षासम्बन्धी अधिकार व्यवस्थित ढङ्गले कार्यान्वयन गर्न र विद्यालय शिक्षामा देखापरेका समस्याहरू निराकरण गरी नतिजामूलक सुधारका निमित्त विद्यमान कानून अपर्याप्त छन् । यसका निमित्त नगरपालिकाका विधायिकी, कार्यकारी र प्रशासनिक अङ्गले विद्यालय शिक्षामा देखापरेका समस्या, चुनौती एवम् अवसरहरूको सही मापन र विश्लेषण गरी आवश्यक विधि तथा कानून निर्माणको कार्यमा सक्रियतापूर्वक लाग्नुपर्ने देखिन्छ।

## तहगत विद्यालय विवरण (२०७८ माघ)

| क्र स | विद्यालय | सामुदायिक | | | संस्थागत | जम्मा |
|---|---|---|---|---|---|---|
| | | स्वीकृत | अनुमति | जम्मा | | |
| १ | बालविकास | | | ६४ | ५ | ६९ |
| २ | आधारभूत (१ कक्षा सम्म) | | | १ | १ | २ |
| ३ | आधारभूत (१-२) | | | १ | १ | २ |
| ४ | आधारभूत (१-३) | | | ११ | १ | १२ |
| ५ | आधारभूत (१-४) | | | १ | ० | १ |
| ६ | आधारभूत (१-५) | | | २० | २ | २२ |
| ७ | आधारभूत (१-८) | | | ८ | ० | ८ |
| ८ | माध्यमिक (१-१०) | | | ८ | ० | ८ |
| ९ | माध्यमिक (१-१२) | | | ४ | ० | ४ |
| १० | क्याम्पस | | | १ | ० | १ |
| ११ | सामुदायिक सिकाई केन्द्र | | | २ | ० | २ |
| १२ | प्रविधिक धार सञ्चालित विद्यालय | | | १ | ० | १ |
| जम्मा | | | | | ५ | ६९ |

## स्वीकृत शिक्षक दरबन्दी, राहत/शिक्षक अनुदान विवरण (२०७८ माघ)

| क्र.स | विद्यालयहरूकोनाम | प्रा.वि. दरबन्दी | प्रा.वि. राहत | नि.मा.वि. दरबन्दी | नि.मा.वि. राहत | मा.वि. दरबन्दी | मा.वि. राहत | उ.मा.वि.अनुदान | नि/.मा.वि.शि अनु | मा.वि नगर अनु | नि.मा./प्रा वि अनु | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री आनन्द मा.वि. चापागाँउ १(०-१०) | २ | १ | ० | २ | ० | १ | ० | २ | ० | २ | १० |
| २ | श्री पन्चकोशी आ वि पाल्त १(०-५) | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ |
| ३ | श्री दिपज्योतिआ वि रिठ्ठागाँउ १(०-५) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | २ |
| ४ | श्री हिमालय मा वि तिजकोडाडा १ (०-९) | ४ | १ | ० | ० | ० | ० | ० | ० | ० | २ | ७ |
| ५ | श्री हिमशिखर आ वि ओखेंनी १ (०-५) | १ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| ६ | श्री भैरव आवि भिरमान्म १(०-३) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ |
| ७ | श्री भैरव मा वि बाँस्ठाना २ (०-१०) | ४ | १ | ० | ० | ० | ० | ० | २ | ० | ३ | १० |
| ८ | श्री सरस्वती आ वि पुनडाडा २ (०-५) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ |
| ९ | श्री जनजागृतिआवि राम्ती २ (०-३) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | २ |
| १० | श्री चाल्नेचैतारा आवि खोक २ (०-३) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | श्री जनता आ वि तोल्पा २ (०-५) | १ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| १२ | श्री चामुण्डा मावि हाडाकोट ३ (०-१२) | २ | १ | ३ | १ | ५ | ० | २ | ० | ० | २ | १६ |
| १३ | श्री आदर्श आवि हाडाकोट ३ (०-५) | १ | २ | ० | ० | ० | ० | ० | ० | ० | २ | ५ |
| १४ | श्री विजयाआवि माझगाँउ ३ (०-५) | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | २ | ४ |
| १५ | श्री सिद्दार्थआ वि भुवाटाकुरा ३ (०-३) | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| १६ | श्री लक्ष्मीआवि देउराली ३ (०-५) | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० | २ | ५ |
| १७ | श्री जनता आ वि सिरौल २ (०-८) | ४ | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ५ |
| १८ | श्री बि पी आ वि सिरौल २ (०-४) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ |
| १९ | श्री जनकल्याण आ वि बुडेली ४ (०-८) | ३ | १ | ० | ० | ० | ० | ० | ० | ० | १ | ५ |
| २० | श्री धर्मदेव मा वि आयरपाटा ४ (०-१०) | ४ | ० | ० | ३ | ० | १ | ० | ० | १ | १ | १० |
| २१ | श्री आनन्दआ वि काँडाचगर्ता ४ (०-१) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ |
| २२ | श्री भैरवआ वि चिमेगाँउ ४ (०-३) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ |
| २३ | श्रीनवज्योति आ वि रोशनीडाडा ४ (०-३) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | २ |
| २४ | श्री सरस्वती आवि तिलुखाना ४ (०-५) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | ३ |
| २५ | श्री देवी आवि पातिकाल्ला ४ (०-३) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ |
| २६ | श्री जनज्योति आवि आमरुख ५ (०-३) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ |
| २७ | श्री जनता मावि बस्तेकोट ५ (०-१०) | ५ | १ | ० | ० | ० | ० | ० | ० | २ | ३ | ११ |
| २८ | श्री जनकल्याण आवि बान्देखाली ५(०-५) | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | २ | ४ |
| २९ | श्री देउती आ वि बनाडा ५ (०-८) | ४ | १ | ० | ० | ० | ० | ० | १ | ० | ० | ६ |
| ३० | श्री मष्टा आवि बेडुखाँडा ५ (०-३) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ |
| ३१ | श्रीखापरआवि बस्तेकोट ५ (०-५) | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | १ | ३ |
| ३२ | श्री जयसेवा आवि सितला ५ (०-८) | २ | १ | ० | ० | ० | ० | ० | ० | ० | २ | ५ |
| ३३ | श्री जयदेव मा वि जम्बुकाँध ६ (०-१२) | ० | ० | २ | २ | २ | ३ | २ | ० | ० | १ | १२ |
| ३४ | श्रीकालिका मा वि नेत्रपानी ६ (०-१०) | २ | ४ | ० | ३ | ० | २ | ० | ० | ० | ० | ११ |
| ३५ | श्री जनता मा वि लैनचौर ६ (०-१०) | ४ | १ | ० | १ | ० | ० | ० | २ | ० | १ | ९ |
| ३६ | श्री शान्ति आवि बडाला ६ (०-५) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | २ |
| ३७ | श्री पृथ्वी आवि हर्कस्थान ६ (०-५) | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | २ |
| ३८ | श्री पन्चकोशी आ वि चाफाकोट ६ (०-५) | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| ३९ | श्री कालिका आ वि पिपलचौर ६ (०-२) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ |
| ४० | श्री जनता मा वि मष्टामाडु ७ (०-१०) | २ | ३ | ० | ० | १ | ० | ० | १ | ० | २ | ९ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४१ | श्री कर्णालीजनचेतना आ वि पालेतडा ७ (०-८) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ | ४ |
| ४२ | श्री जनचेतना आवि बाजथला ७ (०-३) | ० | ० | ० | | ० | ० | ० | ० | ० | १ | १ |
| ४३ | श्री डवल सरस्वती आवि रातीमाटा ७ (०-५) | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | २ |
| ४४ | श्री रामलक्ष्मण आ वि कोलटाकुरा ७ (०-५) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | २ |
| ४५ | श्री बिन्दासैनी मा वि बिन्दासैनी ८ (०-१०) | ३ | ० | ० | १ | ० | ० | ० | २ | १ | ३ | १० |
| ४६ | श्री सरस्वतीआवि खार ८ (०-८) | २ | १ | ० | ० | ० | ० | ० | १ | ० | १ | ५ |
| ४७ | श्री जनजागृति आ वि कोहलपुर ८ (०-८) | ३ | १ | ० | ० | ० | ० | ० | १ | ० | १ | ६ |
| ४८ | श्री अम्कोट आवि अम्कोट ८ (०-८) | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | २ | ४ |
| ४९ | श्री जनज्योती आ वि मदनचौर ८ (०-५) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | ३ |
| ५० | श्री भैरव मा वि डौसुर ९ (०-१२) | ४ | ० | ० | ३ | ० | २ | १ | २ | ० | १ | १३ |
| ५१ | श्री लोककल्याण आवि रिडरोड ९ (०-५) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | २ |
| ५२ | श्री जनप्रेमी आवि दहगाँउ ९ (०-५) | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | २ | ४ |
| ५३ | श्री देउती आवि खार ९ (०-५) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | २ |
| ५४ | श्री हिमालय आवि शान्तिनगर ९ (०-५) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | २ |
| | जम्मा | ६२ | ४१ | ५ | १६ | ८ | ८ | ३ | १५ | ४ | ७७ | २३९ |

## श्रेणीगत शिक्षक विवरण (२०७८ माघ)

| क्र. स. | तह | प्रथम | द्वितीय | तृतीय | अस्थायी | राहत | नगर करार | शिक्षण सहयोग अनुदान संघ | रिक्त | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बालविकास | ० | ० | ० | ० | ० | ३७ | २४ | ३ | ६४ |
| २ | प्राथमिक | ० | १८ | २८ | १४ | ४० | ५१ | ० | ६ | १५१ |
| ३ | निम्न माध्यमिक | ० | १ | ३ | १ | १८ | २७ | ११ | ९ | ६१ |
| ४ | माध्यमिक | ० | ० | ७ | ० | ९ | ३ | १७ | ३ | ३६ |
| ५ | उच्च माध्यमिक | ० | ० | ० | ० | ० | ० | ५ | ० | ५ |
| | **जम्मा** | **०** | **१९** | **३८** | **१५** | **६७** | **११८** | **५७** | **२१** | **३१७** |

## सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थी विवरण (शैक्षिक सत्र २०७९)

| क्र.स | सामुदायिक विद्यालय विद्यार्थी संख्या | | | | संस्थागत विद्यालयका वि.संख्या | | | दलित विद्यार्थी संख्या | | | जनजाति विद्यार्थी संख्या | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कक्षा/तह | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| २ | बालविकास | ७०४ | ७१७ | १४२१ | ६५ | १४२ | २०७ | ३०० | ३०३ | ६०३ | ५७ | ४१ | ९८ | १६२८ |
| ३ | आ. वि. (१-५) | ३१४२ | २९०७ | ६०४९ | ५८ | ७८ | १३६ | १३३७ | १२९७ | २६३४ | १७४ | १४३ | ३१७ | ६१८५ |
| ४ | आ. वि. (६-८) | १२२५ | १२४५ | २४७० | ५ | ५ | १० | ४४८ | ४२७ | ८७५ | ६९ | ८२ | १५१ | २४८० |
| ५ | मा. वि. (९-१०) | ७५६ | ७८२ | १५३८ | ० | ० | ० | १८५ | २३७ | ४२२ | ३९ | ३७ | ७६ | १५३८ |
| ६ | मा. वि. (११-१२) | २७० | २२८ | ४९८ | ० | ० | ० | ३३ | २५ | ५८ | १३ | १० | २३ | ४९८ |
| कुल जम्मा | | ६०९७ | ५८७९ | ११९७६ | १२८ | २२५ | ३५३ | | | | | | | १२३२९ |

*स्रोत : CEHRD, 2079*

## साक्षरतासम्बन्धी विवरण

| क्र. स. | विवरण | महिला | पूरूष | अन्य | औषत/जम्मा |
|---|---|---|---|---|---|
| १ | कुल जनसंख्या | १३५८३ | १३०२१ | | २६५५९ |
| २ | ५ वर्ष माथिको जनसंख्या | ८२७० | ९२६३ | | १७५३३ |
| ३ | ५ वर्ष माथिको साक्षरता प्रतिशत | ६८.७% | ८१.३% | | ७४.९% |
| ४ | साक्षर-निरक्षर नखेलेको जनसंख्या | | | | |

*स्रोत :NPH Census, 2021*

## शैक्षिक उपलब्धि विवरण (शैक्षिक सत्र २०७७) २०७९ को तथ्याङ्क राखी शिक्षा शाखाले update गर्ने

| नेपाली | | | अंग्रेजी | | | गणित | | | विज्ञान | | | सामाजिक | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ५९.७५ | ६१.७५ | ६० | ५९.७५ | ६१.७५ | ६० | ५२.५० | ५३.७५ | ५२.८० | ५८ | ५८.७५ | ५८.२५ | ५९ | ६० | ५९.५० |

स्रोत : IEMIS Report, 2077

## शैक्षिक सूचकहरूको अवस्था

| क्र.स. | सूचकहरू | न.पा.को स्थिति (२०७७/७८) | राष्ट्रिय स्थिति (२०७७) | शिक्षेयोको लक्ष्य (२०८२) | पन्ध्रौं योजनाको (२०८०/८१) | न.पा.को लक्ष्य (२०८४/८५) |
|---|---|---|---|---|---|---|
| १. प्रारम्भिक बालविकास र शिक्षा | | | | | | |
| क | कुल भर्ना दर | ८१.१० | ८६.४ | १०० | १०० | १०० |
| ख | वर्षका बालबालिकाको भर्ना अनुपात | ६० | ६७.२ | ९० | ९० | ९० |
| ग | कक्षा १ मा नवप्रवेशीमध्ये प्रारम्भिक बालविकास र शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | २७.३२ | ६८.७ | ९० | ९० | ९० |
| २.आधारभूत शिक्षा | | | | | | |
| क | कक्षा १ मा कुल प्रवेशदर | १७६.५ | १२१.९ | १०६ | | १०५ |
| ख | कक्षा १ मा खुद प्रवेशदर | ३२.०८ | ९६.८ | ९९ | | ९५ |
| ग | कक्षा १-५ मा कुल भर्नादर | १४३.८७ | ११९.३ | ११२ | | ११० |
| घ | कक्षा १-५ मा खुद भर्नादर | ८४.६४ | ९७.१ | १०० | | ९८ |
| ङ | कक्षा १-८ मा कुल भर्नादर | १३९.०९ | ११०.४ | ११५ | | १०५ |
| च | कक्षा १-८ मा खुद भर्नादर | ९९.६१ | ११०.४ | ९९ | ९९ | ९५ |
| छ | कक्षा ८ मा टिकाउ दर | N/A | ७९.३ | ९८.९ | | ९५ |
| ज | आधारभूत तहको शिक्षाको पूरा गर्ने दर | N/A | ७२.७ | ९८.७ | | ९५ |
| ३. माध्यमिक शिक्षा | | | | | | |
| क | कक्षा ९-१० मा कुल भर्नादर | ७०.६४ | ९४.६ | १०५.६ | | १०५ |

| क्र. स. | सूचकहरू | न.पा.को स्थिति (२०७७/७८) | राष्ट्रिय स्थिति (२०७७) | शिक्षेयोको लक्ष्य (२०८२) | पन्ध्रौं योजनाको (२०८०/८१) | न.पा.को लक्ष्य (२०८४/८५) |
|---|---|---|---|---|---|---|
| ख | कक्षा ९-१० मा खुद भर्नादर | ४१.८६ | ६८.७ | ८१.४ | | ८० |
| ग | कक्षा ९-१२ मा कुल भर्नादर | N/A | ७१.४ | ९१.६ | | ९० |
| घ | कक्षा ९-१२ मा खुद भर्नादर | N/A | ४७.६ | ५८.१ | ६५ | ६० |
| ङ | कक्षा ११-१२ मा कुल भर्ना दर | N/A | ५१.५ | ७७.३ | | ७० |
| च | कक्षा ११-१२ मा खुद भर्नादर | N/A | २५.८ | ४०.१ | | ४० |
| छ | कक्षा १० मा टिकाउ दर | N/A | ६०.३ | ९७.९ | | ९० |
| ज | कक्षा १२ मा टिकाउ दर | N/A | २४ | ३५.४ | | ३५ |
| ४. अनौपचारिक शिक्षा र जीवन पर्यन्त सिकाइ | | | | | | |
| क | ५ वर्ष माथिको साक्षरता दर | N/A | ७८ | ९६ | ९६ | ९६ |
| ख | १५-२४ वर्षको साक्षरता दर | N/A | ९२ | ९९ | ९९ | ९७ |
| ग | १५ वर्षमाथिको साक्षरता दर | N/A | ५८ | ९५ | ९५ | ९५ |
| ५.महिला शिक्षक प्रतिशत | | | | | | |
| क | आधारभूत तह | २९.०३ | ४३.७ | ५० | | ३० |
| ख | माध्यमिक | ९.५२ | २०.६ | २५ | | १० |
| ६.प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पूरा गरेका विद्यालय प्रतिशत | | | | | | |
| क | प्रारम्भिक बालविकास केन्द्र | N/A | | ६० | | ८० |
| ख | आधारभूत विद्यालय | N/A | १३.४ | ७० | | ८० |
| ग | माध्यमिक विद्यालय | N/A | | ६० | | ७० |
| घ | | | ११.६४ | १७ | | ३० |

## १.४ नगरपालिका शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतीहरू

### १.४.१ शिक्षा क्षेत्रका मुख्य समस्याहरू

सबैका लागि गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न नसकिनु, लक्षित समूहका बालबालिकाको सहभागिता कमजोर हुनु, विद्यालय भर्ना भएका विद्यार्थीको निरन्तरता कायम गर्दै अपेक्षितरूपमा सिकाइ उपलब्धि हासिल हुन नसक्नु, तहगत र विषयगत रूपमा सबै विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसकिनु, प्राविधिक शिक्षालाई विद्यालय शिक्षाको मूल धारको रूपमा विकास गर्न नसकिनु, शिक्षासम्बन्धी अधिकार कार्यान्वयनको लागि पर्याप्त स्रोतको व्यवस्था हुन नसक्नु, तोकिएको शैक्षिक सत्रमा तह पार गर्नेको सङ्ख्या कम हुनु, पठन संस्कृतिको विकास तथा जीवनपर्यन्त सिकाइका लागि सार्वजनिक पुस्तकालय प्रणालीको विकास नहुनु, शिक्षा क्षेत्रका सबै तहमा सुशासनको प्रत्याभूति हुन नसक्नु, निजी लगानीका शैक्षिक संस्थाहरूको उचित व्यवस्थापन र प्रतिभाहरूको पलायन नियन्त्रण गर्न नसकिनु जस्ता विषयहरू विद्यालय शिक्षाका प्रमुख समस्याका रूपमा रहेका छन् । विद्यालय शिक्षाका उपलब्धि र अन्तरका आधारमा देखिएका समस्याहरू निम्नानुसार पहिचान गरिएको छ :

- सूचना तथा सञ्चारको प्रभावकारी व्यवस्थाको अभावले गर्दा माथिल्लो निकायबाट प्राप्त हुने कार्यक्रम तथा बजेटएवम् अख्तियारीको निकासा फुकुवा समयमा हुन नसक्दा कार्यक्रम सञ्चालनमा बाधा परेको।
- कतिपय कार्यक्रमहरूको सञ्चालन निर्देशिका तथा सामग्री समयमा प्राप्त नभएकाले कार्यक्रम सञ्चालन गर्न बाधा परेको।
- विद्यालयसँग प्रत्यक्ष सम्बन्धित विभिन्न निकायहरू विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, स्थानीय निकाय र सर्वसाधारण सरोकारवालाहरूको सहभागिता र अपनत्वको भावनाको आशातीत रूपमा विकास हुन नसक्दा सञ्चालित कार्यक्रम भने जति उद्देश्यमूलक र दीगो हुन नसकेका । कतिपय कार्यक्रमहरू आर्थिक वर्षको अन्तिम समयमा प्राप्त हुन आएको हुँदा पूर्व योजना र तयारीका साथ प्रभावकारीरूपमा कार्यक्रम सम्पन्न गर्न समस्या परेको ।
- विद्यालय उमेरका सबै बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच पुग्न नसक्नु ।
- बालबालिकाहरूको बीचैमा विद्यालय छाड्ने र पुनःकक्षा दोहोर्याउने दर उच्च हुनु ।
- अझै पनि परिवार, समाज र विद्यालयमा शिक्षासम्बन्धी सामाजिक एवम लैङगिक विभेद कायमै रहनु।
- विशेष किसिमको आवश्यकता भएका बालबालिकाहरूको चाहना र आवश्यकतालाई पहिचान गरी सम्बोधन गर्ननसकिनु।
- सामाजिक, आर्थिक र जातीय विविधताका कारण सबैका लागि समान र समतामूलक शैक्षिक सेवा र सुविधा प्रवाहतथा वितरण हुन नसक्नु।
- गुणस्तरीयताको अवस्था अझै पनि न्युन रहेको छ । विस्तारै क्रमिकरूपमा शिक्षाको गुणस्तरमा सुधार भए तापनिशैक्षिक सुधारका लागि गुणस्तर शब्दलाई स्पष्टरूपमा परिभाषित गर्न नसकिनु ।
- विद्यालयस्तरीय पाठ्यक्रमलाई बालमैत्री, बालमनोविज्ञानमा आधारित बनाई सबै तहका बालबालिकाहरूका लागि समय सान्दर्भिक, स्तरयुक्त र आवश्यकता पूरा गर्ने खालको बनाउन नसकिनु ।
- अझै पनि ठूलो जनसङ्ख्या निरक्षर रहनुले तिनीहरूलाई साक्षर बनाई सान्दर्भिक र जीवनोपयोगी सीप प्रदान गर्न नसकिनु।
- विद्यालय सञ्चालन र व्यवस्थापनमा समुदायको सहभागिता र अपनत्व वृद्धि हुन नसक्नु ।

### १.४.२ विद्यालय शिक्षाका चुनौतीहरू

विद्यालय शिक्षाको सर्वसुलभता, उपयुक्त पूर्वाधारको विकास, समतामूलक पहुँच, गुणस्तर सुनिश्चितता सहित सार्वजनिक शिक्षा प्रतिको आकर्षण बढाउनु, विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु, शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु, शिक्षण सिकाइ पद्धतिलाई व्यावहारिक, बालमैत्री एवम् प्रविधिमा आधारित बनाउनु, उद्यमशील, समालोचनात्मक र अन्वेषणकारी नागरिक तयार गर्नु, विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गर्नु, कक्षा छाड्ने दर शून्यमा झारी अपेक्षित सिकाइ उपलब्धि हासिल गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षा विकासको लागि भौतिक पूर्वाधार, प्राविधिक जनशक्तिको उपलब्धता र समन्यायिक पहुँच सुनिश्चित गर्न आवश्यक पर्ने स्रोतसाधनको उपलब्धता र व्यवस्थापन गर्नु, शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, क्षमतावान युवालाई स्थानीय तहमै सेवा गर्ने अवसरको सिर्जना गर्नु, जनसाङ्ख्यिक बनोट, आन्तरिक र बाह्य बसाइँ सराइको प्रवृत्ति समेतको अध्ययन गरी शैक्षिक संस्थाहरूको नक्साङ्कन गर्नु र सूचना तथा सञ्चार प्रविधिले ल्याएका विविध अवसरको सदुपयोग गर्नु विद्यालय शिक्षा क्षेत्रका प्रमुख चुनौतीहरू हुन् । विद्यालय शिक्षाका उपलब्धि र अन्तरका आधारमा निम्नानुसारका चुनौतीहरू पहिचान गर्न सकिन्छ :

- सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षा सुनिश्चित गर्न प्रारम्भिक बाल विकास केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्ने
- प्रारम्भिक बालविकास तथा शिक्षा ४ वर्षका बालबालिकाहरूका लागि लक्षित भए पनि ४ वर्षभन्दा कम उमेरकाबालबालिकाहरू पनि सहभागी हुनु;
- विद्यालय नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी विद्यालय शिक्षामा सबैबालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गर्ने
- सबै विद्यालयको भौतिक र शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने;
- आधारभूत शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षालाई निःशुल्क गरी गुणस्तरीय सिकाइ सुनिश्चितगर्न आवश्यक स्रोत-साधनको व्यवस्था र संस्थागत संरचना तथा क्षमता विकास गर्ने सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्न पाठ्यक्रम तथा सिकाइ क्रियाकलापमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता बढाउने;
- शिक्षक र शिक्षा क्षेत्रको जनशक्तिमा पेशागत जवाफदेहिता सुनिश्चित गर्नेविद्यालय नेतृत्वको भूमिका सबलीकरण गर्ने र शिक्षा प्रणालीमा शैक्षिक सुशासन कायम गर्ने;
- शिक्षक सहायता प्रणालीको व्यवस्था र शिक्षण सकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरी विद्यालय शिक्षाकोसान्दर्भिकता, गुणस्तर र कार्यकुशलता वृद्धि गर्ने
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक र विद्यार्थीको पहुँच विस्तार र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्ने;
- विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने;
- बालबालिकाको पोषणको अवस्था र स्वास्थ्यमा सुधार गर्न दिवा खाजा, सरसफाइ, स्वच्छता, आधारभूत स्वास्थ्यतथा पोषण सेवा विद्यालयमार्फत प्रदान गर्ने;
- विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त बनाई विविधता अनुकूल, समावेशी र समतामूलक बनाउने; साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर वृद्धि गर्ने र बढी उमेरकालाई वैकल्पिक प्रबन्ध गर्ने;
- नगरपालिकामा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउँदै नतिजामुखी व्यवस्थापन र सुशासन प्रवर्द्धन गर्न उत्तरदायित्व प्रणालीलाई प्रभावकारी बनाउने;

- सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण बढाउने र सबै नागरिकको विश्वास जगाउने वातावरण सिर्जना गर्ने;
- शिक्षा र रोजगारीबीच तालमेल मिलाउने र प्रतिभा पलायन रोक्ने।

### १.४.३ अवसरहरू

शिक्षालाई मौलिक हकको रूपमा स्थापित गर्दै आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार र जिम्मेवारी स्थानीय तहलाई दिने व्यवस्थाले शिक्षामा सहभागिता र पहुँचमा वृद्धि गरी गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना हुनु, साक्षरता दरमा भएको वृद्धि, विद्यालय तहको खुद भर्नादर र लैङ्गिक समता सूचकाङ्कमा प्रगति देखिनु, समावेशी सहभागिता बढ्दै जानु, सामुदायिक विद्यालयप्रतिको चासो र जनअपेक्षा बढ्दै जानु, प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रारम्भ हुनु जस्ता विषयहरू शिक्षा क्षेत्रका अवसरहरू हुन्। विद्यालय शिक्षाका उपलब्धि र अन्तरका आधारमा निम्नानुसारका अवसरहरू पहिचान गर्न सकिन्छ :

- शिक्षाका कार्यक्रमहरू अभियानको रूपमा सञ्चालन गरिने र मूल बजेट प्रवाह हुने प्रमुख प्राथमिकताका कार्यक्रमहरूको पहिचान भएको।
- स्थानीय तहमा शिक्षाको दिगो विकासको लागि निर्धारित लक्ष्य हासिल गर्न समुदायको प्रतिबद्धता जाहेर भएको।
- सरोकारवालाहरू शैक्षिक व्यवस्थापनको निर्णय प्रक्रिया र स्रोत परिचालनमा उत्तरदायी एवम् उत्साही देखिएको।
- शैक्षिक सेवाहरूको विस्तार र सुधारमा एकरुपता ल्याउन राजनीतिक पार्टी र नागरिक समाजको समेत सहयोग र समर्थन प्राप्त भएको।
- विद्यालय क्षेत्र विकास कार्यक्रमको सफल कार्यान्वयनबाट सेवा प्रवाहमा दक्षता बृद्धि भई नगर शिक्षा योजनाकार्यान्वय गर्न आवश्यक पूर्वाधार तयार भएको ।
- विद्यार्थीको सक्रिय सहभागिता र सिकाइका लागि सेवा प्रदान गर्न नगरपालिकाको संयन्त्रको आन्तरिक क्षमता र दक्षतामा आवश्यक बृद्धि भएको।
- विद्यालय क्षेत्र विकास कार्यक्रमबाट शिक्षा क्षेत्रमा पहुँच र गुणस्तर सुधारको लागि योगदान पुगेको।
- बालबालिकाहरूका लागि गुणस्तरीय शिक्षामा समान पहुँच र अवसरमा बृद्धि गर्न विभिन्न संघ/संस्थाको साझा प्रतिबद्धता जाहेर भएको।
- हालसम्मका कार्यक्रमहरूबाट बनेका भौतिक पूर्वाधारहरूलाई जग बनाई नगर शिक्षा योजना कार्यान्वयन गर्न मजबुत आधारशीला निर्माण भएको।

### १.४.४ विद्यालय शिक्षाका अनुभव तथा सिकाइहरू

सन् २००१ देखि २०१५ सम्मको लागि विद्यालय शिक्षालाई मार्गदर्शन गरेको सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना, २००४ देखि २००९ सम्मको सबैका लागि शिक्षा, माध्यमिक शिक्षा सहयोग कार्यक्रम (२००३-२००८), शिक्षक शिक्षण आयोजना (२००२-२००७), विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२), विद्यालय क्षेत्र विकास योजना (२०७३-२०८०) जस्ता योजना तथा कार्यक्रमहरू हालसम्म कार्यान्वयनमा आइसकेका छन् । शिक्षा क्षेत्रको योजना (२०२१-२०३०) मस्यौदा तयार भई छलफलका क्रममा रहेको छ । सामाजिक क्षेत्र

अन्तर्गत शिक्षा विकासका कार्यक्रमहरू परिलक्षित गरेर पन्ध्र ओटा आवधिक योजनाहरू तर्जुमा भइसकेका छन् । हालसम्मका यी योजना तथा कार्यक्रमहरू कार्यान्वयनबाट निम्नानुसारका अनुभव र सिकाइ भएका छन् :

| क्र.स. | पक्षहरू/क्षेत्रहरू | अनुभव र सिकाइ |
|---|---|---|
| १. | प्रारम्भिक बालविकास तथा शिक्षा | १. सहयोगी कार्यकर्ता स्थानीय विवाहित महिला भएमा बाविके सञ्चालन र व्यवस्थापन प्रभावकारी हुने ।<br>२. छुट्टै भौतिक व्यवस्थापन आवश्यक नपर्ने हुँदा विद्यालयमा आधारित बाविके प्रभावकारी रूपमा सञ्चालन भएको पाइएको।<br>३. बाविकेमा बालबालिकाको संख्या कम हुँदै गएको र सञ्चालनमा रहेका बाविकेलाई थप व्यवस्थित गर्न सके उत्तम हुने।<br>४. स.का.हरूका लागि पुनर्ताजगी तालिम आवश्यक हुने । स.का.हरूको अर्धवार्षिक सिकाइ आदानप्रदान कार्यशाला प्रभावकारी भएकाले निरन्तरता दिइनुपर्ने ।<br>५. लगानी अनुसारको अपेक्षित प्रतिफल प्राप्त हुन नसकेको। |
| २. | विद्यालय शिक्षामा पहुँचको सुनिश्चितता | १. विद्यालय समाहीकरण र कम विद्यार्थी भएका स्थानमा प्राथमिक शिक्षा विस्तार कार्यक्रम आवश्यक।<br>२. सबैका लागि शिक्षाको अवधारणा अनुरूप समाहित शिक्षा स्रोत कक्षामा मात्र सीमित नराखी एकीकृत रूपमा विद्यालयहरूमा नै स्रोतकक्षा सञ्चालन गर्नुपर्ने।<br>३. विद्यार्थीहरूको विविधता, अपाङ्गता र लैङ्गिक विषयसँग सम्बन्धित कार्यक्रम सञ्चालनका लागि बजेट थप गर्न आवश्यक।<br>४. विभिन्न विद्यालयहरूमा शिक्षक अनुदान आवश्यक रहेको।<br>५. विद्यालयहरूबीच सहकार्य भएमा उच्च उपलब्धि हासिल गर्न सहयोग पुग्ने। |
| ३. | साक्षरता तथा निरन्तर शिक्षा | १. सामुदायिक सिकाइ केन्द्रहरू शैक्षिक कार्यक्रम सञ्चालन गर्ने महत्वपूर्ण थलोको रूपमा विकास गर्न क्षमता विकास गरिनुपर्ने ।<br>२. साक्षरता अभियान मार्फत साक्षर प्रौढहको सङ्ख्या बृद्धि गर्दै जानुपर्ने ।<br>३. सा.सि.के.का पदाधिकारीहरूको क्षमता विकास गर्न आवश्यक भएको र त्यसका लागि रकम विनियोजन हुनुपर्ने। |
| ४. | शैक्षिक गुणस्तर अभिवृद्धि | १. उत्कृष्ट विद्यालय, शिक्षक र विद्यार्थीलाई प्रोत्साहन गर्दा प्रतिस्पर्धाको भावना विकास हुने ।<br>२. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रभावकारी हुन नसकेको ।<br>३. शिक्षकहरूलाई अभिमुखीकरण गर्न तथा तालिम दिन आवश्यक भएको<br>४. विद्यालयमा दिइने अनुदान व्यवस्था प्रभावकारी हुँदैगएको तर विद्यार्थी सङ्ख्या बढाउने प्रवृत्ति अझै देखिए पनि न्यून नभएको । |
| ५. | शिक्षक शिक्षा तथा विकास | १. प्रभावकारी शिक्षक तालिम आवश्यक भएको ।<br>२. शिक्षकको वास्तविक समस्या पहिचान भई आवश्यकता प्रमाणिकरणका |

| | | |
|---|---|---|
| | | आधारमा पेसागत विकास तालिम सञ्चालन आवश्यक हुने।<br>३. प्रअको क्षमता विकासका लागि प्रअ नेतृत्व क्षमता विकास तालिम आवश्यक भएको। |
| ६. | विद्यालय व्यवस्थापन तथा अनुगमन | १. विद्यालयको व्यवस्थापन, अनुगमन तथा सुशासनका लागि सरोकारवालाहरूलाई क्षमता विकास दिनुपर्ने आवश्यकता देखिएको ।<br>२. पालिकालाई आफ्नो आवश्यकता अनुसार कार्यक्रम तय गर्न सजिलो भएको ।<br>३. |
| ७. | विद्यालय स्तरीय शैक्षिक तथ्याङ्क प्रमाणीकरण | १. योजना निर्माणका लागि महत्वपूर्ण रहेको।<br>२. निश्चित आधार नभएकाले सङ्ख्यात्मक तथ्याङ्कलाई प्रमाणीकरण गर्न गाह्रो भएको।<br>३. निःशुल्क पा.पु. एवम् छात्रवृत्ति रकमको दुरुपयोग रोक्न तथ्याङ्क सत्यापन तथा प्रमाणिकरण आवश्यक भएको। |
| ८. | प्रोत्साहन तथा सहयोग | १. छात्रवृत्ति रकमको सही सदुपयोग हुन नसकेको।<br>२. छात्रवृत्तिले गलत तथ्याङ्क पेश गर्ने कार्यलाई प्रोत्साहित गरेको।<br>३. छात्रवृत्तिले विद्यार्थी बढाउन नसकेको तर विद्यार्थी सङ्ख्या मात्र बढाएको। |
| ९. | भौतिक पूर्वाधार निर्माण | १. कोटा वितरणमा राजनैतिक प्रभाव पर्ने गरेको ।<br>२. मागअनुसारको कोटा अपुग भएकोले वितरणमा कठिनाइ भएको। |
| १० | कार्य सम्पादन अनुदान | १. प्रस्तावना मागका आधारमा विद्यालय छनोट गरी कार्यप्रगतिका आधारमा अनुदान उपलब्धगराउँदा शिक्षण सिकाइमा सकारात्मक प्रभाव पर्ने, |
| ११ | प्रवर्तनात्मक कार्यक्रम | १. आवश्यकता पहिचान गरी कार्यक्रम सञ्चालन गर्न प्रभावकारी भएको। |

## १.५ नगर शिक्षा योजना निर्माण प्रक्रिया

नेपालमा योजना निर्माण तथा योजनाबद्ध विकास प्रयासको थालनी २०१३ सालदेखि भएको हो । योजनाबद्ध विकासको क्रमलाई हेर्दा हालसम्म १४ ओटा योजना निर्माण भई कार्यान्वयन भइसकेका छन् भने हाल पन्ध्रौं योजना (२०७६/७७ -२०८०/८१) कार्यान्वयन भइरहेको छ । हालसम्म योजना निर्माणको अभ्यासलाई सर्सर्ती केलाउँदा समयका आधारमा तीनथरि (१–३ वर्षे अल्पकालीन, ३-५ वर्षे मध्यकालीन र ५ वर्षभन्दा माथि दीर्घकालीन) र तहगत आधारमा दुई थरि (बृहत र सूक्ष्म तथा केन्द्रीकृत र विकेन्द्रित) योजना निर्माण भई कार्यान्वयन भएका छन् । हासिल गर्नुपर्ने लक्ष्य तथा उद्देश्य, उपलब्ध समय, स्रोत साधन र सञ्चालन गर्नुपर्ने कार्यक्रमहरूको आवश्यकता पहिचान गरी योजना कस्तो हुने, कति अवधिको हुने, कसले निर्माण गर्ने र कार्यान्वयनको जिम्मेवारी कसलाई दिने भन्ने कुराको निर्धारण गरिन्छ।

स्थानीय तह नागरिकसँग दैनिक रूपमा साक्षात्कार हुने भएकोले स्थानीय आवश्यकता र प्राथमिकताको बढी जानकार हुने गर्दछ । यसका साथै शैक्षिक सेवा प्रवाह र विद्यालय शिक्षाको विकास लगायतका कार्य जिम्मेवारी

स्थानीय तहको कार्यक्षेत्रमा पर्ने भएकोले शैक्षिक योजना तर्जुमा गर्नुपर्ने प्रावधान अनुरूप चामुण्डाविन्द्रासैनी नगरपालिकाले यो योजना तर्जुमा गरी कार्यान्वयन ल्याउने प्रयास गरेको छ ।

नगर शिक्षा क्षेत्र योजना तर्जुमाको प्रारम्भिक चरणमा नगर शिक्षा समितिमा छलफल भई नगर शिक्षा योजना निर्माण कार्यशालाको तयारी गरिएको थियो ।योजना तयारीका लागि निम्नानुसारका सामग्रीहरूको अध्ययन र समीक्षा गरिएको थियो :

- नगर प्रोफाइल, २०७५ को मस्यौदा
- घरपरिवार सर्वेक्षण विवरण, २०७५
- सामुदायिक तथा संस्थागत विद्यालयहरूको IEMIS, 2077/2078
- विद्यालय अनुगमन प्रतिवेदनहरू
- नगरपालिकाको वार्षिक बजेटहरू
- नगरपालिकाद्वारा जारी ऐन, नियम र कार्यविधिहरू
- शिक्षा ऐन तथा नियमावलीहरू
- राष्ट्रिय शिक्षा नीति, २०७६
- पन्ध्रौ योजना (२०७६-२०८१) मा शिक्षा
- शिक्षा क्षेत्रको योजना (२०२१-२०३०) को मस्यौदा
- विभिन्न आर्थिक वर्षमा भएका विद्यालय निकासाहरू

योजना तयारीका क्रममा शिक्षाका विभिन्न क्षेत्र उपक्षेत्रहरूमा केन्द्रित भई चामुण्डाविन्द्रासैनी नगरपालिकाको अवस्था पहिचान, विश्लेषण गरी मस्यौदा तयार गरिएको थियो।योजना तयारी तथा विकासको लागि निम्नानुसारका प्रक्रिया अपनाइएको थियो :

**योजना निर्माण आवश्यकता पहिचान कार्यशाला:** चामुण्डा बिन्द्रासैनी नगरपालिकाको नगर शिक्षा क्षेत्र योजना निर्माणका लागि शिक्षा, युवा तथा खेलकुद शाखा, महिला, बालबालिका शाखासँग प्रत्यक्ष सम्बन्ध राख्ने मौजुदा नीति तथा कार्यक्रम र कार्यविधिहरू बिश्लेषण गरिएको थियो।

**योजना निर्माणको लागि प्रारम्भिक छलफल:** योजना निर्माणका लागि शिक्षा, युवा तथा खेलकुद शाखा, महिला, बालबालिका शाखाको संयोजनमा विभिन्न चरणमा छलफल र बैठकहरूको आयोजना भएका थिए । सो क्रममा योजना निर्माणको लागि एभरेष्ट क्लब र सेभ द चिल्ड्रेनसँग प्राविधिक एवं आर्थिक साझेदारी गर्ने निर्णयअनुरुप योजना निर्माणको थालनी गरिएको हो ।

**योजना निर्माणको लागि कार्यशाला:** योजाना निर्माणको क्रममा चामुण्डा बिन्द्रासैनी नगरपालिकाका आदरणीय नगर प्रमुखको प्रमुख आतिथ्यमा दुई दिने कार्यशाला आयोजना गरिएको थियो । यस योजना तर्जुमाको/निर्माणको सुरुवातमा दुई दिने कार्यशालामा पालिकाका सबै विषयगत शाखाहरूका जस्तै स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाइ, महिला, बालबालिका र विपद् व्यवस्थापनका प्रमुखहरू साथै वडाध्यक्ष, महिला स्वास्थ्य स्वयंसेविका, बालविकास सहजकर्ता वा शिक्षक,अभिभावक प्रतिनिधि लगायत एभरेष्ट क्लब र सेभ द चिल्ड्रेनको सक्रिय सहभागिता रहेको थियो।

**मस्यौदा तयारी** : नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा र नगर शिक्षा समितिको अगुवाइमा एभरेष्ट क्लब र सेभ द चिल्ड्रेनको प्राविधिक सहयोगमा नगरपालिकामै शिक्षा सरोकारवालाहरूको बृहत कार्यशालामार्फत मस्यौदा तयारीका कार्यहरू सम्पन्न भएका थिए।

**सुझाव संकलन** : नगरस्तरीय प्र. अ बैठकमा छलफल र सुझाव सङ्कलन, नगरपालिकाको वेबसाइटमा मस्यौदा प्रति प्रकाशन गरी राय-सुझाव सङ्कलन गरिएको थियो।

**अन्तिम मस्यौदा तयारी** : सरोकारवालाको राय-सुझाव मिलान गरी नगर शिक्षा समिति बैठकमा छलफल गरी र कार्यपालिका बैठकमा पेश गर्ने आदेश अनुसार कार्य अगाडी बढाइएको थियो।

**कार्यपालिका बैठकमा छलफल, परिमार्जन र स्वीकृति** : कार्यपालिका बैठकको मिति .......को छलफल, स्वीकृति र निर्णयबमोजिम १० वर्षे नगर शिक्षा क्षेत्र योजना आत्मसातिकरण गर्दै कार्यान्वयनमा ल्याइएको हो।

# परिच्छेद -२: विद्यालय शिक्षा क्षेत्र योजना

परिच्छेद एकमा उल्लेखित चामुण्डाविन्द्रासैनी नगरपालिकाको शैक्षिक परिवेशको समीक्षासहित उठान गरिएका विद्यमान समस्या, मुख्य चुनौती तथा अवसरहरूले यस नगरपालिकाको लागि विद्यालय शिक्षाको आगामी १० वर्षको मार्ग पहिचान गर्न आधार सिर्जना गरेको छ । नगर शिक्षा क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ आधारभूत साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइमा योजनाको अन्त्यसम्म प्राप्त गर्ने उपलब्धिहरूलाई समेट्ने गरी यस परिच्छेदमा योजनाको दूरदृष्टि (Vision), उद्देश्यहरू (Objectives), रणनीतिहरू (Strategies) तथा प्रमुख उपलब्धि सूचक (Key Indicators) प्रस्तुत गरिएको छ।

## २.१ शिक्षा योजनाको सन्दर्भ र औचित्य

देशमा संघीयता पश्चातको शिक्षा व्यवस्थापनमा संविधानले संघीयताका विभिन्न तहहरूको अधिकार र कार्यक्षेत्र विभाजन गरे पश्चात शिक्षा क्षेत्रमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रम २०७८ को असाढ मसान्तमा सकिदै गरेको र SSDP को समय सकिए संगै तीनवटै तहका सरकारहरूले शिक्षा क्षेत्रमा १० वर्षे शिक्षा योजना निर्माण भैरहेको सन्दर्भमा चामुण्डाविन्द्रासैनी नगरपालिकाले पनि नगरपालिकाको आफ्नै आर्थीक स्रोत र एभरेष्ट क्लब दैलेखको प्राविधिक सहयोगमा आ.व. २०८०/८१ देखि कार्यान्वयन गर्ने गरी यो शिक्षा क्षेत्रको दश बर्षे योजना २०८० - २०८९ निर्माण गरेको हो ।

नेपालको संविधानको धारा ३१ ले अनिवार्य र निःशुल्क आधारभूत र निःशुल्क माध्यमिक शिक्षालाई नागरिकको मौलिक अधिकारका रुपमा स्थापित गरेको प्रस्तुत सन्दर्भमा अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५ ले स्थानीय सरकार र मुख्य गरी वडा समितिहरूलाई जिम्मेवार बनाएको पाइन्छ । मौलिक अधिकार संवैधानिक उपचार सहितको अधिकार हुनुको नाताले शिक्षा व्यवस्थापनका यी कुरा राज्यको अनिवार्य दायित्व भित्र पर्ने हुनाले सबै विद्यालय उमेरका बालबालिकाहरूलाई अनिवार्य विद्यालय शिक्षामा सहभागी गराएर नागरिकको मौलिक अधिकार सुनिश्चित गरिने भन्ने मनसायका साथ प्रस्तुत शिक्षा क्षेत्र योजना निर्माण गरिएको हो ।

सन् २०३० सम्म विश्वमा निश्चित लक्ष्य हासिल गर्नका लागि विश्वका साझा समस्या र उपलब्धिलाई मध्यनजर गर्दै १७ वटा दिगो विकासका साझा लक्ष्यहरू निर्धारण गरेको छ। यी लक्ष्यहरू मध्ये ४ नं. दिगो विकासको लक्ष्यले शिक्षासम्बन्धी दिगो विकासको लक्ष्य राखेको छ जसमा सन् २०३० सम्ममा सबैका लागि समावेशी तथा समानतामा आधारित गुणस्तरीय शिक्षाका साथै जीवनपर्यन्त सिकाइको सुनिश्चितता गरिने कुराको उल्लेख गरेको छ। त्यो साझा प्रतिबद्धताको पक्ष राष्ट्र नेपाल पनि भएकोले यस स्थानीय तह अन्तर्गत उक्त लक्ष्य पुरा गर्न तथा राष्ट्रिय उपलब्धि हासिल गर्न सहजीकरण गर्न यस योजनाको आवश्यकता परेको हो ।

त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ मा स्थानीय तहको काम, कर्तव्य र अधिकार अर्न्तगत २ (ज) मा आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी विद्यालय अनुमति देखि सञ्चालन एवम् नियमनको काम समेत स्थानीय तहहरूलाई दिएकोले सोही व्यवस्थापन बमोजिम विद्यालय तहको शिक्षा व्यवस्थापन र विकासको लागि यस योजनाले सहयोग गर्ने अपेक्षा गरिएको छ ।

## २.२ दीर्घकालीन राष्ट्रिय सोच

**"समृद्ध नेपाल र सुखी नेपाली"** को दीर्घकालिन सोच राखेको हाम्रो देशले वि. स. २०७९ सम्ममा अतिकम विकसित मूलुकबाट विकासशील देशमा स्तरोन्नती हुने र २०८७ सम्ममा दिगो विकासका लक्ष्यहरू प्राप्त गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तोरोन्नती हुने दीर्घकालिन सोच राखेको छ। त्यसै गरी शिक्षाको विकासका लागि " **सामाजिक आर्थिक रुपान्तरणका लागि मानव संसाधनको विकास** " भन्ने दीर्घकालिन सोच राखेको पाइन्छ ।

## २.३ चामुण्डाविन्द्रासैनी नगरपालिकाको दीर्घकालीन सोच तथा गन्तव्य

गुणस्तरीय, प्रविधिमैत्री तथा सीपमूलक व्यवहारिक शिक्षा, चामुण्डाविन्द्रासैनी नगरपालिकाको इच्छा

## २.४ लक्ष्य

"शिक्षालाई सीप, सीपलाई श्रम, श्रमलाई उत्पादन र उत्पादनलाई समृद्धिसँग जोड्दै चामुण्डाविन्द्रासैनी नगरपालिकालाई समुन्नत पालिकाको रुपमा निर्माण गर्ने"।

## २.५ उद्देश्यहरू

गुणस्तरीय विद्यालय शिक्षालाई अधिकारका रूपमा स्थापित गरी समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु यस योजनाको समग्र उद्देश्य हुनेछ । समग्र उद्देश्यको विस्तृतीकरण गर्न निम्नलिखित उद्देश्यहरू रहनेछन् :

- ४ वर्षका सबै बालबालिकाहरूका लागि गुणस्तरीय बालविकास तथा शिक्षाको अवसर उपलब्ध गराइनु ।
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा समतामूलक पहुँच सुनिश्चित गरी गुणस्तर अभिवृद्धि गर्नु ।
- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु।
- सबै युवा तथा प्रौढहरूका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर उपलब्ध गराउनु ।
- विद्यालयमा सुशासन प्रवर्द्धन गरी बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास गर्नु ।
- आपत्कालीन र सङ्कटपूर्ण परिस्थितिमा समेत बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्नु ।

## २.६ रणनीति तथा कार्यनीतिहरू

खासगरी नगर शिक्षा क्षेत्र योजना (२०८०/८१-२०८९/९०) कार्यान्वयन अवधिभर कार्यान्वयनमा आउने तर तिनको कार्यान्वयनका बखत समस्या देखापर्ने कार्यक्रम एवम् क्रियाकलापहरूलाई मात्र समेटी कार्यक्रमगत रूपमा समस्या, चुनौती, समस्या समाधानका उपाय र कार्यान्वयनमा सक्रियता देखाउनुपर्ने निकायहरूका बारेमा चर्चा गरिएको छ । हालसम्मको कार्यक्रम कार्यान्वयनको अनुभव र सिकाइका आधारमा मुख्यमुख्य क्रियाकलापहरूको प्रभावकारी कार्यान्वयनको लागि यस कार्ययोजनाले स्पष्ट दिशा प्रदान गर्ने अपेक्षा गरिएको छ । योजना अवधिभरमा उप क्षेत्रगत रूपमा निम्नलिखित रणनीति र रणनीतिक क्रियाकलापहरू अपनाइनेछ :

| क्र. स. | रणनीति | कार्यनीति |
|---|---|---|
| १ | प्रारम्भिक बालविकास शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्ग बनाई सबै बालबालिकाहरूका लागि अनिवार्य गर्ने | १. संघीय सरकारबाट दिइँदै आएको अनुदानलाई निरन्तरता दिँदै नगरपालिका र प्रदेश सरकारबाट समेत लगानी गरी लागत साझेदारी गरिनेछ।<br>२. प्रारम्भिक बालविकास सहजकर्ताको लागि तालिम दिने व्यवस्था मिलाइनेछ।<br>३. निर्धारित मापदण्ड अनुरूप सरसफाइ, बसाइ व्यवस्था मिलाई खेलसामग्री, सिकाइ लागि सामग्री, मनोरञ्जन सामग्री, अडियो-भिडियो सामग्री सहित आकर्षक, मनोरञ्जक र बालमैत्री कक्षाकोठा व्यवस्थापन गरिनेछ।<br>४. बालबालिका स्याहार र संरक्षणका लागि परम्परागत ज्ञानसीपको खोजी गर्ने र राम्रा अभ्यास प्रबर्धन गर्ने र नकारात्मक व्यवहारलाई निरुत्साहीत गरिनेछ ।<br>५. प्रारम्भिक बाल विकास उमेरका सबै बालबालिकालाई प्रारम्भिक बालविकासको संवैधानिक अधिकार सुनिश्चित गर्न स्थानीय आवश्यकता अनुसार विद्यालयमा बालविकास कक्षा तथा समूदायमा कलष्टर बनाइ बालविकास केन्द्र स्थापना, सञ्चालन र व्यवस्थापन गरिनेछ ।<br>६. स्थानीय तह र समुदायको साझेदारीमा स्थानीय तहको प्रत्येक वडा वा टोलमा बालबालिकाहरूलाई खेल्ने (परम्परागत खेल समेत), सिक्ने र मनोरञ्जन गर्ने सामग्रीहरू सहितको बालउद्यान निर्माण गर्न पहल गरिनेछ।<br>७. प्रारम्भिक बालविकास उमेर समूहका बालबालिकाको अभिभावकलाई अनुसन्धानबाट आएका राम्रा अभ्यासलाई समेत समावेश गरी बालबालिकाको प्रारम्भिक उत्प्रेरणा, स्याहार, पोषण, संरक्षण, सकारात्मक अभिभावकत्व र विकासका लागि अभिभावक शिक्षा सञ्चालन गरिनेछ । |
| २ | अनिवार्य निशुल्क र गुणस्तरीय आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने | १. विद्यालय उमेर समूहका सबै बालबालिकाहरू तथा विद्यालय बाहिर बालबालिकाहरूलाई विद्यालय भर्ना गर्न र शिक्षामा सबै पिछडिएका/ दलित समुदायका/कामदारका बालबालिकालाई सेवाक्षेत्र रहेको सम्बन्धित विद्यालय, विद्यालय व्यवस्थापन समिति, वडा कार्यालय र गैरसरकारी निकायको सक्रियतामा विद्यार्थी भर्ना र घरदैलो कार्यक्रमलाई अगाडि बढाई निरन्तरता दिइनेछ । साथै त्यस्ता बालबालिकालाई विद्यालय जान प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. विद्यालयमा विद्यार्थी टिकाइ राख्न र कक्षा छाड्ने समस्या समाधान गर्न दिवा खाजा,छात्रवृत्तिजस्ता प्रोत्साहनमूलक कार्यक्रम सञ्चालनगरिनेछ।<br>३. नपुग विषयगत शिक्षक व्यवस्था गर्न प्रदेश र संघीय सरकारसँग समन्वय गरी न्यूनतमशिक्षक सुनिश्चित गर्न स्वयंसेवक शिक्षक परिचालन वा एकमुष्ठ अनुदान तथा नगर करार शिक्षक व्यवस्था गरिनेछ ।<br>४. संघीय र प्रदेश सरकारसँग समन्य गरी आवश्यकता र प्राथमिकताका आधारमा विद्यालयहरूको भौतिक पूर्वाधार विकास गरिनेछ। |
| २. | निशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच | १. माध्यमिक शिक्षा निःशुल्क गरिनेछ । अति विपन्न र पिछडिएका समुदायका विद्यार्थीहरूका लागि छात्रवृत्तिको प्रबन्ध मिलाइनेछ ।<br>२. विषयगत शिक्षणसिकाइलाई प्रभावकारी तुल्याउन विषयगत शिक्षकहरूको |

| | | |
|---|---|---|
| | | पेशागत विकासमा जोड दिइनेछ । विज्ञ समूह गठन गरिनेछ र कक्षा अवलोकन, - मूल्याङ्कन र पृष्ठपोषण लिने/दिने कार्यमा यस्तो समूहलाई परिचालन गरिनेछ।<br>३. जनप्रतिनिधि, कर्मचारी, पेशाविद, शिक्षकहरू, आदिको समूह बनाईनिरीक्षण र सुपरिवेक्षणको कार्यमा उपयोग गरिनेछ।<br>४. विद्यालयले वार्षिक कार्यपात्रो, विषयगत शिक्षकहरूबाट वार्षिक शैक्षणिक योजना र दैनिक योजना बनाई कार्यान्वयन गर्ने कार्यलाई अनिवार्य गरिनेछ।<br>५. विद्यार्थी गृहकार्य र कक्षा कार्य प्रणालीलाई व्यवस्थित र सुदृढ गरिनेछ ।<br>६. आवधिक परीक्षाको नतिजा विश्लेषण, प्रबोधीकरण र विद्यार्थी प्रगति विवरण सम्प्रेषणको कार्यलाई आवधिक रूपमा नियमित तुल्याइनेछ। |
| ३. | सबै विद्यालयहरूमा समान गुणस्तर कायम राख्ने | १. विद्यालयहरूमा सिकाइ कुना, पुस्तकालय र उचित प्रयोगशालाको व्यवस्था गरी "पढ्नका लागि सिक्ने र सिक्नका लागि पढ्ने" व्यवस्थालाई प्रोत्साहित गरिनेछ।<br>२. शिक्षक र विद्यार्थी सङ्ख्या कम भएका विद्यालयमा बहुकक्षा शिक्षण व्यवस्था र कक्षा शिक्षण व्यवस्था गर्न उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोतसामग्री, प्रयोगात्मकसामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापनको प्रबन्ध मिलाइनेछ।<br>३. माग र आवश्यकताका आधारमा शिक्षक पेसागत विकास र सहयोग कार्यक्रमसञ्चालन गरिनेछ। |
| ४. | पूर्वाधार तथा प्रविधिको विकासमार्फत सबै तहको शिक्षामा गुणस्तर सुनिश्चित गर्ने, | १. प्रत्येक वर्ष कक्षा ८ मा नगरपालिकाद्वारा आधारभूत शिक्षा परीक्षा सञ्चालन गरिनेछ ।कक्षा १० र १२ मा सञ्चालन हुने प्रदेश र राष्ट्रियस्तरको परीक्षालाई नै विद्यार्थी उपलब्धी परीक्षणको रूपमा उपयोग गरिनेछ।<br>२. आधारभूत शिक्षाको लागि तोकिएको मापदण्ड बमोजिम विकास गरिएको र विकास गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री कार्यान्वयन गरिनेछ।<br>३. राष्ट्रिय नीतिअनुरूप नयाँ पाठ्यक्रम र पाठ्यपुस्तक कार्यान्वयन गर्दै लगिनेछ।<br>४. विज्ञान शिक्षालाई व्यावहारिक र रूचिकर तुल्याउन सबै माध्यमिक विद्यालयहरूमाविज्ञान प्रयोगशाला तथा आधारभूत विद्यालयमा विज्ञान कक्ष निर्माणमा जोड दिनुका साथै नगरपालिका क्षेत्रमा पूर्वाधार, जनशक्ति र विद्यार्थी सङ्ख्याका आधारमाउपयुक्त विद्यालयमा कक्षा १२ सम्म विज्ञान विषय सञ्चालन गर्न प्रोत्साहित गरिनेछ। |
| ५. | संस्थागत विद्यालयको नियमन र सेवामूलक संस्थाका रूपमा रूपान्तरण गर्न प्रोत्साहित गर्ने। | १. संस्थागत विद्यालयमा कार्यान्वयनमा रहेको पाठ्यक्रम, भौतिक वातावरण, शिक्षक तथा कर्मचारी एवम् आर्थिक व्यवस्थापनको नियमन गरिनेछ।<br>२. नीतिगत र कानुनी व्यवस्थामार्फत नाफामूलकबाट सेवामूलक संस्थाको रूपमा रूपान्तरण गर्न प्रोत्साहित गरिनेछ। |
| ६. | प्राविधिक तथा व्यावसायिक शिक्षा | १. प्राविधिक तथा व्यावसायिक शिक्षा धार सञ्चालन भइरहेका र सञ्चालन हुनेविद्यालयमा उपयुक्त प्रयोगशाला सामग्री र कक्ष व्यवस्थापनको लागि संघीय |

| | | |
|---|---|---|
| | र सीप विकासको अवसर तथा पहुँच सुनिश्चित गर्ने | र प्रदेशसरकारसँग सहकार्य गरिनेछ।<br>२. निश्चित मापदण्डका आधारमा गरिब, जेहेन्दार र पिछडिएका वर्गका विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा धारमा अध्ययनको अवसर जुटाइने तथा छात्रवृत्ति प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।<br>३. सामुदायिक माध्यमिक विद्यालयमा प्राविधिक शिक्षालयको कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गर्नुका साथै पूर्वाधार विकास गरिनेछ। |
| ७. | उच्च शिक्षमा पहुँच विस्तार र अवसर सुनिश्चित | १. नगरपालिकाको वडा नं. ३ मा सञ्चालित एक मात्र उच्च शिक्षा संस्था (क्याम्पस) को पूर्वाधार विकासको लागि संघ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।<br>२. उच्च शिक्षा हासिल गरेका नगरवासीहरूको अभिलेख राखिनेछ।<br>३. नगरवासी उत्कृष्ट स्नातक र स्नातकोत्तर युवा तथा विद्यावारिधि गरेका जनशक्तिलाई सम्मानको कार्यक्रम सञ्चालन गरिनेछ । त्यस्ता युवाहरूलाई उपयुक्त विषय शिक्षण रअन्य पेसामा संलग्न हुने अवसर जुटाइनेछ। |
| ८. | अनौपचारिक शिक्षा तथाजीवन पर्यन्त सिकाइ सुनिश्चित गरिने। | १. निरक्षरता न्यूनीकरण गर्न निरक्षर प्रौढहरूका लागि आधारभूत साक्षरता र निरन्तरशिक्षाका कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. पठन संस्कृतिको विकास तथा जीवनपर्यन्त शिक्षाको लागि संघ र प्रदेश सरकारसँगसमन्वय एवम् सहकार्य गरी सार्वजनिक पुस्तकालय प्रणालीको विकास गरिनेछ ।<br>३. योजना अवधिभरमा आधारभूत सुविधासहितको १ ओटा पुस्तकालय स्थापनागरिनेछ। |
| ९. | शैक्षिक सुशासन पारदर्शिता र सेवा प्रवाहमा सुधार ल्याउने। | १. कानून बमोजिम विद्यालयहरूको आर्थिक कार्यप्रणाली व्यवस्थित गरिनेछ । नियमानुसार लेखा राख्ने व्यवस्था मिलाइनेछ । लेखापरीक्षणपूर्व सामाजिक परीक्षणलाई अनिवार्य गरिनेछ।<br>२. वार्षिक कार्यक्रम र बजेट तर्जुमा, आम्दानी र खर्च सार्वजनिक गर्ने कार्यलाई अनुदान निकासासँग आवद्ध गरिनेछ।<br>३. विद्यालयको बृहत विकासको लागि विद्यालय सुधार योजना निर्माणको कार्यलाई आवश्यकता, स्रोत साधन र समुदाय सम्बन्धसँग आवद्ध गरिनेछ र कार्यान्वयनयोग्य तुल्याइनेछ।<br>४. संघ र प्रदेश सरकारसँग विद्यालय सञ्चालन एवम् व्यवस्थापनको लागि सहकार्य गरिनेछ ।<br>५. आवश्यकता र कार्यसम्पादन सूचकका आधारमा प्राथमिकीकरण गरी कार्यसम्पादनमा आधारित अनुदान, शैक्षिक सुदृढीकरण अनुदान, विज्ञान प्रयोगशाला अनुदान, शिक्षामा सूचना तथा सञ्चार प्रविधि अनुदान, पुस्तकालय अनुदान लगायतका अनुदान उपलब्ध गराइनेछ।<br>६. विद्यालयका प्रअ, विव्यस शिअसं पदाधिकारीहरूका लागि व्यवस्थापकीय क्षमता विकास तालिम सञ्चालन गरिनेछ। |
| १० | शैक्षिक व्यवस्थापन | १. शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा उपलब्ध विद्यालयहरूको एकीकृत |

| | | |
|---|---|---|
| | सूचना प्रणालीमा सुधार गर्ने। | शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) व्यवस्थित र सुदृढ गरिनेछ । यसको लागि तालिम दिइनेछ ।<br>२. विद्यालय IEMIS लाई अनुदान निकासासँग आवद्धगरिनेछ ।<br>३. सूचना तथा सञ्चार प्रविधिमा आधारित विद्यालयको अभिलेख राख्न र सेवा प्रवाहगर्न प्रत्येक विद्यालयको प्रअ/शिक्षक/कर्मचारीमध्ये १ जनालाई कम्प्युटर सीप सम्बन्धी तालिम दिइनेछ। |
| ११ | विपद जोखिम न्यूनीकरण र विद्यालय सुरक्षाको उपाय अपनाइने। | १. विपद जोखिम न्यूनीकरणका सम्बन्धमा शिक्षक, विद्यार्थी र अन्य सरोकारवालाहरूको भूमिकाको अभिवृद्धि गरिनेछ साथै जलवायु परिवर्तन न्युनिकरण तथा लचिलोपनमा टेवा दिने विद्यालय निर्माणमा जोड दिइनेछ ।<br>२. विद्यालयको व्यवस्थापकीय क्षमता विकास तालिमको विषयवस्तुमा जलवायु परिवर्तन, विद्यालय स्वास्थ्य र पोषण लगाएत विपद व्यवस्थापन सम्बन्धी सामग्री समेटिनेछ।<br>३. सुरक्षित विद्यालय तथा उत्थानशीलताको सुनिश्चितताका लागि समुदायको संलग्नतालाई परिभाषित र अनुगमन गरिनेछ।<br>४. विद्यालय भौतिक पूर्वाधार निर्माणको कार्य गर्दा स्वीकृत डिजाइन, भवन निर्माण संहिता र सामाजिक वातावरणीय कार्यढाँचाको अनुसरण भए-नभएको अनुगमन/निरीक्षण गरी वातावरणमैत्री भए/नभएको सुनिश्चित गरिनेछ। |

## २.७ अपेक्षित मुख्य उपलब्धि

नगर शिक्षा योजना कार्यान्वयनको अन्त्य सम्ममा निम्नानुसारका उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ :

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने,
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तरमा सुधार आउने,
- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार आउने,
- विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुने,
- सबै युवा तथा प्रौढहरूका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुने,
- सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने, • विद्यालय तहको पाठ्यक्रम सान्दर्भिक र मूल्याङ्कन प्रणाली प्रभावकारी हुने,
- बालबालिकाको स्वास्थ्य र पोषणको अवस्थामा सुधार आई सिकाइमा सहयोग पुग्ने,
- सबै विद्यार्थीहरूका लागि सुरक्षित र उपयुक्त भौतिक पूर्वाधारसहितको विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त हुने,
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउनसहयोग पुग्ने,
- आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने ।

## २.८ प्रमुख उपलब्धि सूचकहरू

यो शिक्षा योजना लागु भए पश्चात चामुण्डाविन्द्रासैनी नगरपालिकाको शिक्षाको क्षेत्रमा तपसिलका उपलव्धिहरू प्राप्त भएको हुनेछन् ।

प्राथमिकताका आधारमा कार्यक्रमहरू सञ्चालन गरी निम्नानुसारका कार्यसम्पादन सूचकहरू पहिचान गरी योजना अवधिभरमा हासिल हुने परिमाणात्मक लक्ष्यहरू निर्धारण गरिएका छन् :

तालिका २.१:प्रमुख उपलब्धि सूचक तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचकहरू | आधार वर्ष २०७७ | | | लक्ष्य २०८२ | | | लक्ष्य २०८७ | | | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | |
| **१. प्रारम्भिक बालविकासतथा शिक्षा** | | | | | | | | | | | |
| १.१ | कुल भर्नादर | ८६.४ | ७१.६ | ८१.१० | १०० | ९५ | १०० | १०५ | १०५ | १०५ | |
| १.२ | चार वर्षका बालबालिकाको भर्ना अनुपात | ६७.२ | ५८.५ | ९५ | ९० | ८० | ९८ | १०० | १०० | १०० | |
| १.३ | न्यूनतम योग्यता पुगेका शिक्षक प्रतिशत | ९५.७ | ८२.० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| १.४ | आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | ९१.२ | ८७.१ | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| १.५ | कक्षा १ का नवप्रवेशीमध्ये प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | ६८.७ | ६७.४ | ९५.५ | ९० | ९० | १०० | १०० | १०० | १०० | |
| **२. आधारभूत शिक्षा** | | | | | | | | | | | |
| २.१ | कक्षा १ मा कुल प्रवेशदर | १२६.९ | १२६.९ | १७६.४८ | १०६ | ११० | | १०० | १०० | १०० | |
| २.२ | कक्षा १ मा खुद प्रवेशदर | ९६.८ | ९७.८ | ३१.३७ | ९९ | ९९ | | ९९ | ९९ | ९९ | |
| २.३ | कक्षा १-५ मा कुल भर्नादर | ११९.३ | १२५.९ | १४३.८४ | ११२ | ११५ | १०० | १०७ | १०५ | १०५ | |
| २.४ | कक्षा १-५ मा खुद भर्नादर | ९७.१ | ९७.२ | ८४.६४ | १०० | १०० | | १०० | १०० | १०० | |
| २.५ | कक्षा १-५ सम्म विद्यालय शिक्षक अनुपात | ३.६ | २.८ | ४.३ | | ३.० | | | ४.० | | |
| २.६ | कक्षा १-५ सम्म शिक्षक विद्यार्थी अनुपात | २४.० | ३१.० | ४२.९३ | | ३०.० | | | ३०.० | | |
| २.७ | कक्षा १-८ मा कुल भर्नादर | ११०.४ | ११६.७ | १४३.८४ | ११५ | ११२ | १०२ | ११० | ११० | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २.८ | कक्षा १-८ मा खुद भर्नादर | ९३.८ | ९४.९ | ९९.६१ | ९९ | ९९ | | १०० | १०० | | |
| २.९ | कक्षा १-८ को खुद भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | ०.९८ | ०.९८ | ०.९७ | १.०० | १.०० | | १.०० | १.०० | | |
| २.१० | कक्षा ८ मा टिकाउ दर | ७९.३ | | | ९८.९ | | | ९९.५ | | | |
| २.११ | आधारभूत शिक्षाको तह पुरा गर्ने दर | ७२.७ | | | ९८.७ | | | ९९ | | | |
| २.१२ | कक्षा ६-८ सम्मको विद्यालय शिक्षक अनुपात | २.१ | १.६ | ४.२ | | ४.०० | | | ४.०० | | |
| २.१३ | कक्षा ६-८ सम्मको शिक्षक विद्यार्थी अनुपात | ५१.० | ७०.० | ६५.२६ | | ३०.० | | | ३०.० | | |
| २.१४ | ५-१२ वर्ष उमेरका विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ६.२ | ५.१ | | १ | | | ० | | | |
| **३. माध्यमिक शिक्षा** | | | | | | | | | | | |
| ३.१ | कुल भर्नादर कक्षा ९-१० | ९४.६ | १२१.७ | ७०. ६४ | १०५.६ | ११५.० | | १०९ | ११० | | |
| ३.२ | खुद भर्नादर कक्षा ९-१० | ६९.० | ६५.५ | ४१. ८६ | ८१.४ | ७७.५ | | ९६.४ | ९० | | |
| ३.३ | कुल भर्नादर कक्षा ९-१२ | ७१.४ | ८२.१ | | ९१.६ | ९०.५ | | ९७ | ९५ | | |
| ३.४ | खुद भर्नादर कक्षा ९-१२ | ४७.६ | ४६.१ | | ५८.१ | ५७.५ | | ७२.१ | ७० | | |
| ३.५ | कुल भर्नादर कक्षा ११-१२ | ५१.५ | ५१.४ | ९०.७९ | ७७.३ | ७७.१ | | ८५.८ | ८५.५ | | |
| ३.६ | खुद भर्नादर कक्षा ११-१२ | २५.८ | २६.७ | | ४०.१ | ४२.५ | | ६२.२ | ६५.५ | | |
| ३.७ | कक्षा १० सम्मको टिकाउ दर | ६०.३ | | | ९७.९ | | | ९९ | | | |
| ३.८ | कक्षा १२ सम्मको टिकाउ दर | २४.० | | | ३५.४ | | | ५२.३ | | | |
| ३.९ | कक्षा ९-१० सम्मको विद्यालय शिक्षक अनुपात | २.८ | २.० | ३.५ | | ५.० | | | ६.० | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **३.१०** | कक्षा ९- १० सम्मको शिक्षक विद्यार्थी अनुपात | ४०.० | ५९.० | ३०.२० | | ३०.० | | | ३०.० | | |
| **३.११** | कक्षा ११- १२ सम्मको विद्यालय शिक्षक अनुपात | ३.६ | ३.४ | | | ४.० | | | ५.० | | |
| **३.१२** | कक्षा ११- १२ सम्मको शिक्षक विद्यार्थी अनुपात | ७३.० | ७०.० | | | ४०.० | | | ३०.० | | |
| **३.१३** | कक्षा १-१२ मा खुद भर्नादरका आधारमालैङ्गिक समता सूचकाङ्क | १.०१ | १.०९ | | १.०० | १.०५ | | १.०० | १.०० | | |
| **४. अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | | | | | | | | | | | |
| ४.१ | ५ वर्ष माथिको साक्षरता दर | ७८ | ८५ | | ९६ | ९५ | | १०० | १०० | | |
| ४.२ | १५–२४ वर्षको साक्षरता दर | ९२ | | | ९९ | | | १०० | | | |
| ४.३ | १५ वर्ष माथिको साक्षरता दर | ५८ | | | ९५ | | | १०० | | | |
| **५. महिला शिक्षक प्रतिशत** | | | | | | | | | | | |
| **५.१** | आधारभूत तह | ४३.७ | ३०.० | ४३.६६ | ५० | ३७ | | ५० | ४५ | | |
| **५.२** | माध्यमिक तह | २०.६ | १४.१ | | २५ | २० | | ३० | २५ | | |
| **६. प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC)पुरा गरेका विद्यालय प्रतिशत** | | | | | | | | | | | |
| **६.१** | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र | | | १०० | ६० | | | ९० | | | |
| **६.२** | आधारभूत विद्यालय | १३.४ | | | ७० | | | ९५ | | | |
| **६.३** | माध्यमिक विद्यालय | | | | ६० | | | ९० | | | |
| **७. कुल बजेटमा शिक्षा क्षेत्रको बजेटकोप्रतिशत** | | **११.६४** | | | **१७** | | | **२०** | | | |

# परिच्छेद- ३: शिक्षाका उप-क्षेत्रहरू

यस परिच्छेदमा विद्यालय शिक्षाका विभिन्न उप-क्षेत्रहरू : प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र पेशागत विकास, अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइका वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ ।नेपालको संविधानले निर्देशित गरेका दृष्टिकोण, मौलिक अधिकार, राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षा तथा अधिकारसम्बन्धी विविध कानूनी प्रबन्ध, दिगो विकासका लक्ष्य ४ सम्बन्धी नेपालको कार्ययोजना, अन्तर्राष्ट्रिय सन्धि, सम्झौता तथा नेपालका प्रतिबद्धता, पन्ध्रौं योजनाका सम्बन्धित पक्षलाई यस योजनाका प्रमुख सन्दर्भका रूपमा लिइएको छ।

## ३.१ प्रारम्भिक बालविकास तथा शिक्षा

### ३.१.१ परिचय

४ वर्ष उमेरका बालबालिकाहरूको सर्वाङ्गीण पक्ष (शारीरिक, मानसिक तथा बौद्धिक, सामाजिक र संवेगात्मक) पक्षको विकासमा सहयोग पुगाइ आधारभूत शिक्षाको लागि तयार गराउने कार्यक्रम नै प्रारम्भिका बालविकास तथा शिक्षा हो । यस्ता कार्यक्रमहरू विभिन्न समयावधिका सञ्चालन गर्ने प्रचलन भएपनि ४ वर्ष उमेर पुगेका बालबालिकाका लागि १ वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने कानूनी प्रावधान रहेको छ । यो कार्यक्रम विद्यालय र समुदाय दुवैमा सञ्चालन गर्ने नीति भएपनि पछिल्ला वर्षहरूमा विद्यालयमा सञ्चालन गर्ने प्रचलन बढ्दै गएको पाइन्छ । यसका लागि छुट्टै व्यवस्थापन समितिको व्यवस्था गरिए पनि विद्यालयमा आधारित केन्द्रको हकमा सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिबाटै व्यवस्थित हुने गरेको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रारम्भिक बालविकास तथा शिक्षामा गुणस्तर कायम गर्नका लागि प्रारम्भिक बालविकास सम्बन्धी मापदण्ड निर्देशिका, २०६७ (पहिलो संशोधन २०७५) जारी गरी कार्यान्वयनमा ल्याएको छ ।

### ३.१.२ वर्तमान अवस्था

चामुण्डाविन्द्रासैनी  नगरपालिकामा हाल २४ वटा संघ अनुदान प्राप्त र ४० वटा नगरपालिका अनुदान प्राप्त र ५ संस्थागत गरी जम्मा ६९ वटा प्रारम्भिक बालविकास कक्षा/केन्द्रहरू सञ्चालनमा छन। तीमध्ये १० वटा समुदायमा सञ्चालन भइरहेका छन । ५४ वटा सामुदायिक विद्यालयमा १/१ वटा प्रारम्भिक बालविकास केन्द्र आवद्ध छन् । सबै बालविकास सहजकर्ताहरू कक्षा १० वा सोभन्दा बढी शैक्षिक योग्यता प्राप्त छन् । शैक्षिक सत्र २०७९ को तथ्याङ्क अनुसार ७६९ बालिका र ८५९ बालक गरी १६२८ जना बालबालिकाहरू प्रारम्भिक बालविकास कक्षामा भर्ना भई सिकिरहेका छन् । कुल भर्ना दर १७६.४८ प्रतिशत देखिएबाट ४ वर्ष उमेर समूहभन्दा कम वा बढी उमेर समूहका धेरै बालबालिकाहरू सहभागी रहेको देखिन्छ । बालविकास शिक्षकहरूको पारिश्रमिक ज्यादै कम भएको कारणले पनि उनीहरूमा उत्प्रेरणा जगाउन र मनोबल बढाउन सकिएको छैन । अधिकांश प्रारम्भिक बालविकास केन्द्रहरूमा प्रारम्भिक बालविकासका मापदण्ड अनुसार न्यूनतम भौतिक र शैक्षिक सुविधा पुर्याउन सकिएको छैन ।पिछडिएका समुदायका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षामा पहुँच पुर्याउने, सबै प्रारम्भिक बालविकास केन्द्रमा न्यूनतम मापदण्ड पूरा गर्ने र बालविकास शिक्षकहरूको पारिश्रमिक वृद्धि, वृत्ति विकास तथा क्षमता विकास गर्ने कार्य चुनौतीपूर्ण छन्।

### ३.१.३ चुनौती

हाल सञ्चालनमा रहेका केही बालविकास केन्द्रहरू न्यूनतम मापदण्ड अनुसार नभएको हुनाले तिनीहरूको सुधारका लागि आवश्यक पहल गर्नुपर्ने देखिन्छ।त्यसैगरी भुगोल, जनसंङ्ख्या, मानववस्ती आदिलाई मध्यनजर गरी नक्साङ्कनको आधारमा बालविकास केन्द्रको समायोजन, स्थानान्तरण एवम् नयाँ स्थापना गर्नुपर्ने देखिन्छ ।यसैगरी हाल कायम बालविकास केन्द्रहरूको संस्थागत विकासका साथै थप व्यवस्थापन गर्न जरुरी देखिन्छ भने नयाँ स्थापना हुने बालविकास केन्द्रहरूको क्षमता अभिवृद्धि गर्दै लैजानु जरुरी देखिन्छ ।बालविकास केन्द्रहरूमा उचित र पर्याप्त भौतिक तथा शैक्षिक पूर्वाधारको स्थापना तथा व्यवस्थापन, बालविकास सहजकर्ताहरूको लागि उचित तथा न्यूनतम पारिश्रमिक व्यवस्थापन, सबै अभिभावकहरू तथा सरोकारवालहरूको अझै पनि पूर्णरूमा बाल शिक्षा प्रति ध्यान जान नसक्नु, बालविकास केन्द्रहरूमा बालमैत्री वातावरण तथा दक्ष सहजकर्ताहरूको अभाव साथै बालबालिका संख्याको आधारमा सबै बालविकास केन्द्रहरूमा सहजकर्ताहरूको अभाव पुरा गर्नु अहिलेका चुनौती हुन।

गर्भदेखि ४ वर्ष उमेर समूहका बालबालिकालाई पोषण, सुरक्षा र विकासमा सरोकारवालाहरू सचेत भएका, ४ वर्ष सम्म उमेर समूहका सबै बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकास कार्यक्रमको माध्यमबाट शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक, नैतिक तथा सृजनात्मक पक्षको विकास गराई कक्षा १ मा भर्नाका लागि तयार गराउने अभ्यास बढ्दै जानु, बालबालिकाको घरायसी वातावरणलाई बालमैत्री बनाउदै बालबालिकाको समुचित विकासमा आमा, बुवा, परिवार, संरक्षक तथा समुदायको सक्रिय संलग्नता बढ्दै गइरहेको, नगरपालिकाको आफ्नै स्रोतमा ४० वटा बालविकास केन्द्रहरू स्थापना र सहजकर्ताहरूको दरबन्दी सिर्जना तथा व्यवस्थापन, नगरपालिकाले आफ्नो स्रोतमा सञ्चालित बालविकास केन्द्रहरूलाई मसलन्दको व्यवस्था, बालविकास सहजकर्ताहरूका लागि विभिन्न क्षमता विकास तालिमहरूको व्यवस्था, नगरपालिका भित्रका ४ वर्ष सम्म उमेर समूहका सबै बालबालिकाको पहुँच हुने गरि बालविकास केन्द्रहरूको स्थापना तथा सञ्चालन यस चामुण्डाविन्द्रासैनी नगरपालिकाका प्रारम्भिक बालविकासका अवसरहरू हुन्।

### ३.१.४ लक्ष्य

४ वर्ष उमेर पुगेका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास शिक्षाको पहुँचमा ल्याउने,

### ३.१.५ उद्देश्यहरू

सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु मुख्य उद्देश्य रहेको छ । यसका लागि निम्नलिखित विशिष्ट उद्देश्य पहिचान गरिएका छन् :

- ४ वर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास गरी आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बढाउनु।
- प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु ।
- सरसफाई र सुरक्षा सम्बन्धी बानी बसाल्न तथा सामान्य शिष्टचार गर्न अभिप्रेरित गर्ने ।
- ४ वर्ष सम्म उमेर समूहका सबै बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकास कार्यक्रमको माध्यमबाट शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक, नैतिक तथा सृजनात्मक पक्षको विकास गराई कक्षा १ मा भर्नाका लागि तयार गराउने ।
- बालविकास केन्द्रहरूलाई प्राम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ ( संसोधन सहित) अनुसार गुणस्तरीय बनाउने ।

### ३.१.६ रणनीतिहरू

प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ

- निर्धारित मापदण्ड र ढाँचाअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन र व्यवस्थापन गरिनेछ ।
- संघ तथा प्रदेश सरकारको सहयोगमा क्षमता विकास, समन्वय तथा सहजीकरणको कार्य गरिनेछ।
- प्रारम्भिक बालविकास तथा शिक्षाको नक्साङ्कन र पुनर्वितरण गरिनेछ।
- सामाजिक र आर्थिक रूपमा पिछडिएका समुदायका बालबालिकालाई समेट्ने गरी आवश्यकतामा आधारित विभिन्न नमुना विकास गरी पहुँच सुनिश्चित गरिनेछ।
- प्रारम्भिक बालविकास कक्षाहरूमा न्यूनतम मापदण्ड अनुरूपका खेल तथा सिकाइ सामग्रीहरूको व्यवस्था गरिनेछ।
- अभिभावक शिक्षा (सचेतना) कार्यक्रम सञ्चालन गरिनेछ ।
- अडियो-भिडियो (श्रव्य-दृश्य) सामग्री व्यवस्था गरी मनोरञ्जनपूर्ण सिकाइ व्यवस्था गरिनेछ।
- प्रारम्भिक बालविकास सहजकर्ताहरूको मासिक पारिश्रमिक वृद्धि गरिनेछ।
- खेल तथा सिकाइको तौरतरिका सम्बन्धमा सहजकर्ताहरूका लागि क्षमता विकास तालिम तथा पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ।
- यसको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी संघसंस्था र विद्यालयहरूलाई जिम्मेवार बनाइनेछ।

### ३.१.७ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप र लक्ष्य

**<u>उपलब्धिः</u>**

सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने

**<u>प्रमुख नतिजाः</u>**

- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकारूलाई एक बर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज पहुँच हुने,
- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ भा प्रवेश गर्ने अवसर हुने ,
- सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक तथा बालबालिकाको हेरचाह तथा सहयोगका लागि सहायक कर्मचारी सहित केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेका हुने,
- बालबालिकाहरूको विकासात्मक तथा सिकाइ आवश्यकता सम्बोधन हुने पाठ्यक्रम समायोजन तथा अनुकूलन भएको हुने,
- भौगोलिक जटिलता रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्न आवश्यकतामा आधारित जस्तै घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र तथा घुम्ती बालविकास तथा शिक्षा कार्यक्रमका नमूना विकास हुने,
- प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैरसरकारी संघसंस्था र विद्यालयहरू जिम्मेवार भएको हुने

## प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | जम्मा | | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रबोधिकरण गर्ने | पटक | १ | | | | | १ | १ | |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | पटक | | | १ | | | १ | १ | |
| ३ | परिवार, समुदाय, गैर सरकारी संघसंस्था, निजीक्षेत्रसँगको सहकार्य गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ४ | अनाथ असहाय र अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | बाल विकास केन्द्रमा छुट्टै सुरक्षित तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था गर्ने | वटा | २ | १ | २ | १ | २ | ८ | १५ | |
| ६ | बालबालिकाको अभिलेखीकरण गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ७ | सुपरिवेक्षणको लागि अधिकार सम्पन्न संयन्त्रको विकास गर्ने | पटक | १ | | | | | १ | १ | |
| ८ | अनाथ असहाय र अपाङ्गता भएका बालबालिकाका लागि आवासिय योजना | वटा | | | १ | | | १ | १ | |
| ९ | पोषणयुक्त दिवा खाजाको व्यवस्था गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १० | पाठ्यक्रम प्रबोधिकरण गर्ने | पटक | १ | | १ | | १ | ३ | ५ | |
| ११ | पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन गरी न्यूनतम मापदण्डमा सुधार गर्ने | वटा | १० | १५ | १५ | १० | १४ | ५४ | ६४ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | शिक्षकको योग्यता क्षमता र पेसागत विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १३ | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | २५ | |
| १४ | स्थानीय भाषालाई प्राथमिकता दिई आवश्यकताअनुसार स्थानीय भाषाको प्रयोग | आवश्यकता अनुसार | | | | | | | | |
| १५ | अभिभावक शिक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १६ | अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा सिपहरू बालबालिकालाई सिकाउने व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १७ | बालबालिकाको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने | आवश्यकता अनुसार | | | | | | | | |
| १८ | परिवार, समुदाय, निजीक्षेत्र तथा गैर सरकारी संघ संस्थाहरूको सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १९ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| २० | सहयोगी (आया) को व्यवस्था | जना | | | | | | | | |
| २१ | प्रारम्भिक वालविकास तथा शिक्षाका शिक्षकको सेवा तथा सुविधामा वृद्धी गर्ने | पटक | १ | | १ | | १ | ३ | ५ | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग गर्दछ । यसले व्यक्तिलाई जीवनपर्यन्त सिकाइको मार्ग प्रशस्त गरी सामाजिक र आर्थिक रूपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्दछ । नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच हुने र यो तहको शिक्षा अनिवार्य र निःशुल्क पाउने हकको प्रत्याभूति गरेको छ । प्रचलित कानूनहरूले परिभाषित गरेअनुसार प्रारम्भिक बालशिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षालाई आधारभूत शिक्षा मानिएको छ।

### ३.२.२ वर्तमान अवस्था

चामुण्डाविन्द्रासैनी नगरपालिकाभित्र ५४ वटा सामुदायिक विद्यालयहरूमध्ये कक्षा ८ सञ्चालन भएका ८ वटा, कक्षा ५ सम्म सञ्चालित ३० वटा, कक्षा ४ सम्म सञ्चालित १ वटा, कक्षा ३ सम्म सञ्चालित ९ वटा, कक्षा १ सम्म सञ्चालित १ वटा विद्यालयहरू रहेका छन् । ५ वटा आधारभूत तहको अनुमति प्राप्त संस्थागत विद्यालयहरू छन् । प्राथमिक तहमा ६२ स्वीकृत दरबन्दी, ४१ राहत र ५० नगर करार दरबन्दी तथा निम्नमाध्यमिक तहमा ५ स्वीकृत दरबन्दी,१८ राहत, २४ नगर करार, र ५ संघ शिक्षण सहयोग अनुदान गरी आधारभूत तहमा २०५ शिक्षक दरबन्दी, राहत, संघ शिक्षण सहयोग अनुदान, नगर करार रहेका छन् । शैक्षिक सत्र २०७९ को तथ्याङ्कअनुसार सामुदायिक विद्यालयमा कक्षा १ देखि ८ सम्म छात्रा ४३६७ र छात्र ४१५२ गरी जम्मा ८५१९ विद्यार्थी अध्ययन गरेको देखिन्छ। आधारभूत शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच पुर्याउन विगतमा गरिएका प्रयासहरूको नतिजास्वरूप कक्षा १-५ र १-८ को खुद भर्नादर क्रमशः ९७.१ र ९३.१ पुगेको छ (CEHRD 2079)। विशेषगरी दलित र आर्थिक एवम् सामाजिक रूपमा पिछडिएका समुदायका बालबालिकाहरू विद्यालयबाहिर रहेका वा कक्षा छाड्ने बढी देखिन्छन् । आधारभूत शिक्षाको पहुँचमा आर्थिक र सामाजिक स्थितिमा आधारित असमानताहरू विद्यमान छन् । आर्थिक र सामाजिक रूपले पछाडि परेका, सीमान्तकृत समुदाय, दलित, जनजाति, कठिन परिस्थितिमा रहेका क्षेत्रका बालबालिकाको पहुँचको अवस्था तुलनात्मक रूपमा कमजोर रहेको छ । कक्षा ८ को टिकाउ दर र आधारभूत शिक्षाको तह पूरा गर्ने दर करिब ७० प्रतिशत रहेको छ । महिला शिक्षकको अनुपात ४३.६६ प्रतिशत रहेको छ । प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गरेका विद्यालयहरू करिब ५० प्रतिशत रहेका छन् । बालबालिकाको विकास तथा सिकाइलाई प्रभावित गर्ने पोषण, स्वास्थ्य, सरसफाइ, दिवा खाजाजस्ता सेवाहरूमा विस्तार एवम् सुधार गर्नुपर्ने छ । पेशागत रूपमा सक्षम, योग्य शिक्षकको अपर्याप्तता र विद्यालयको नेतृत्व तथा व्यवस्थापनका पक्षमा भएका विभिन्न समस्याहरूले पनि आधारभूत शिक्षाको पहुँच र गुणस्तरमा असर परेको देखिन्छ ।

### ३.२.३ चुनौती

यस नगरपालिकामा सञ्चालित सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूमा अध्ययन गरी रहेका विद्यार्थीहरूको अवस्थालाई हेर्दा सामुदायिक विद्यालयहरूमा विद्यार्थी भर्नादर बढेको अवस्था देखिन्छ तर विद्यार्थी टिकाउ दर भने कम देखिन्छ । साथै संस्थागत विद्यालयहरूको भन्दा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर कम भएको देखिन्छ । आधारभूत शिक्षा सञ्चालनका लागि यस नगरपालिकामा विभिन्न किसिमका चुनौतीहरू छन् । जस्तै आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा शिक्षण सिकाइमा अनिवार्य सहभागिता सुनिश्चित गर्ने, अनिवार्य तथा निशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गर्ने, आधारभूत तहमा सिकाइको गुणस्तर सुधार गरी विद्यार्थीको सिकाई उपलब्धिलाई थप सुधारमा ल्याउने, आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई

विद्यालयलाई बालबालिका मैत्री  बनाउने, विद्यालय पहुँच भन्दा टाढा रहेका र ग्रामिण दूरदराजमा रहेका बालबालिकाहरूलाई विद्यालय सेवाक्षेत्र भित्र प्रवेश गर्न बैकल्पिक प्रबन्धहरूको व्यवस्था गरी सहभागितामा सुनिश्चितता गर्ने , विद्यालयमा कक्षागत तथा विषयगत शिक्षकहरूको दरबन्दी सिर्जना गरी सक्षम तथा तालिम प्राप्त योग्य जनशक्तिको व्यवस्थापन गर्ने, पोषण, सेनेटरी प्याड, दिवाखाजा, सन्दर्भ शैक्षिक सामग्रीहरूको उचित व्यवस्थापन गरी विद्यार्थीहरूलाई विद्यालयमा नियमित उपस्थिति गराउने व्यवस्था गराउने, विद्यालय शिक्षालाई प्राविधिक, व्यावसायिक, समावेशी र समतामुलक शैक्षिक संस्थाको रुपमा विकसित गराउने, विद्यालयलाई शान्तिक्षेत्र बनाउनका लागि विभिन्न खालका प्रकोप, महामारी र संकटहरूलाई परिस्थिति अनुसार निराकरण गरी शैक्षिक वातावरणमय बनाउने, विद्यालय शिक्षालाई परम्परागत नभई आधुनिक प्रविधियूक्त सिकाइ प्रति अग्रसर बनाउने, मूल्याङ्कन प्रणलीलाई सिकाइ क्रियाकलापको अभिन्न अंगको रुपमा विकास गर्न परम्परागत परीक्षा प्रणाली परिमार्जन गर्दै आधुनिक परीक्षा प्रणालीलाई विकास गरी विश्वसनीय र वैध बनाउने, शिक्षकको वृति विकासलाई व्यवस्थित बनाई पारदर्शि, नतिजामुखी कुशल क्षमता भएका जनशक्ति बनाउने, विद्यालयहरूलाई सूचना प्रविधियूक्त बनाउने

सबै बालबालकिलाई निशुल्क तथा अनिवार्य आधारभूत  शिक्षा प्रदान गर्ने, आधारभूत शिक्षालाई प्रभावकारी तुल्याई शैक्षिक प्रवाहलाई सुधार गर्ने अवसर दिने, आधारभूत तहका उमेर समूहका विद्यार्थीहरू विद्यालयको पहुँचमा रहेका, आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरणलाई बालबालिकामैत्री बनाउन पहल गरिएको, विद्यालयप्रति अभिभावक र विद्यार्थीको को चासो बढेको आदि ।

### ३.२.४ लक्ष्य

सबै बालबालिकाहरूका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्ने

### ३.२.५ उद्देश्यहरू

आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्नु यस योजनाको समग्र उद्देश्य रहेको छ । यसका लागि निम्नलिखित विशिष्ट उद्देश्य रहेका छन् :

- अनिवार्य र निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयनमार्फत सबैको समतामूलक पहुँच र सहभागितासुनिश्चित गर्नु,
- आधारभूत शिक्षा उमेर समूहका सबै बालबालिकाहरूलाई आधारभूत तहको शिक्षा पूरा गर्ने अवस्था सुनिश्चतगर्नु,
- आधारभूत तह सञ्चालित विद्यालयहरूको भौतिक र शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षिततुल्याउनु,
- विद्यालयहरूको प्रशासनिक र व्यवस्थापकीय पक्षमा सुधार गरी जवाफदेही बनाउनु ।
- आधारभूत तहको शिक्षालाई अनिवार्य, निःशुल्क र समावेशी बनाउने सुनिश्चितता गर्ने ।
- ५- १२ वर्ष उमेर समूहका सबै बालबालिकाहरूलाई आधारभूत शिक्षाको पहूँच सुनिश्चितता गर्ने ।
- आधारभूत तहको शिक्षालाई व्यवहारिक तथा अनुसन्धनात्मक बनाउदै बालमैत्री तथा भय तथा दण्डरहित वातावरणमा गुणस्तरीय शिक्षा प्रदानको सुनिश्चितता गर्ने ।
- कक्षा १ मा भर्ना भएका सबै बालबालिकालाई कक्षा ८ सम्मको शिक्षा अनिवार्यरुपमा पुरा गराउने ।
- आधारभूत तहको सक्षमता हासिल गरेका विद्यार्थीहरूलाई माध्यमिक तहमा भर्नाका लागि तयार गर्न

### ३.२.६ रणनीतिहरू

माथिका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

- विद्यालय नक्साङ्कन गरी पुनर्वितरण र समायोजन गरिनेछ।
- अनिवार्य र निःशुल्क आधारभूत शिक्षाको अवधारणा कार्यान्वयन गर्न आवश्यक कानून तर्जुमा र स्रोतकोव्यवस्था मिलाइनेछ।
- विद्यालयबाहिर रहेका बालबालिकाहरूको विवरण सङ्कलन गरी प्रोत्साहनका कार्यक्रमहरू सञ्चालनगरी उनीहरूको पहुँच सुनिश्चित गरिनेछ।
- विद्यार्थी मूल्याङ्कन प्रणालीलाई सुदृढ गर्न शिक्षक र प्रधानाध्यापकलाई जवाफदेही बनाइनेछ।
- विद्यालयहरूमा खानेपानी, शौचालय र सरसफाइको उचित व्यवस्था मिलाई न्यूनतम भौतिक सुविधा सहित बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गरिनेछ।
- संघीय र प्रदेश सरकारसँग समन्वय तथा सहकार्य गरी प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पूरागराउन आवश्यक लगानीको प्रबन्ध मिलाइनेछ।
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरूको क्षमता विकास गरिनेछ।
- विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधको प्रयोगलाई विस्तार गरिनेछ।
- शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गरिनेछ।
- विद्यार्थीको सिकाइ सक्षमताको परीक्षण गरी सुधारका क्षेत्र पहिचान गरिनेछ।

### ३.२.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

<u>उपलब्धि:</u>

अनिवार्य तथा निशुःल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिबृद्धि हुने ।

<u>प्रमुख नतिजा:</u>

- सबै बालबालिकाको आधारभूत शिक्षाको पहुँचमा तथा सहभागि हुने,
- सबै विद्यालयले न्यूनतम प्राथमिकता प्राप्त सक्षमता पुरा गरेको हुने  र न्यूनतम भौतिक पुर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता भएको हुने तथा बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने
- आवश्यक संख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था हुने,
- विद्यालयमा पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धबाट बालबालिकाहरूको पोषण तथा स्वास्थ्य अवस्थामा सुधार हुने
- बालबालिकाले न्यूनतम सिकाइ उपलब्धी हासिल गरेको हुने,
- आधारभूत शिक्षाको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक समता सूचकमा सुधार हुने,
- विविध प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील हुने,
- सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग हुने,
- शिक्षकहरूले शिक्षणमा बिताउने समयावधिमा सुधार हुने,
- कार्यरत जनशक्तिको क्षमता विकास भइ गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने,

## आधारभूत तहका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ १ | २०८१/८२ २ | २०८२/८३ ३ | २०८३/८४ ४ | २०८४/८५ ५ | जम्मा | | |
| १ | विद्यालय नक्साङ्कन | पटक | | | १ | | | १ | १ | |
| २ | दरबन्दि पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ३ | मापदण्डअनुसार शिक्षक व्यवस्था | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ४ | सबै बालबालिकालाई विद्यालय भर्ना | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ६ | विद्यालयको न्यूनतम भौतिक पुर्वाधार विकास | वटा | १० | ५ | ४ | १० | ११ | ३४ | ५४ | |
| ७ | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | | |
| ८ | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय प्रतिशत | २० | ३० | ३० | २० | | १०० | | |
| ९ | शिक्षक विकास तथा सहायता प्रणालीको पुनर्संरचना | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १२ | पाठ्यपुस्तक व्यवस्था | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १३ | सन्दर्भ सामग्रीको व्यवस्था | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १६ | कक्षाकोठामा आधारित मूल्याङ्कन | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | व्यवस्थित परीक्षा प्रणाली | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १८ | शैक्षिक मानव संसाधन सूचना प्रणाली स्थापना तथा व्यवस्थापन | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १९ | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | पटक | १० | १० | ८ | ८ | ८ | ४४ | ५४ | |
| २० | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | पटक | १५ | १२ | १० | ३ | ४ | ४४ | ५४ | |
| २१ | विव्यस, शिअसंका पदाधिकारीहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २२ | अभिभावक अभिमुखिकरण र सहभागिता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २३ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| २४ | समुह तथा अन्य क्रियाकलाप सञ्चालनका लागि उपयुक्त कोठाको व्यवस्थापन | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| २५ | कक्षा १ देखि ३ मा बालमैत्री र छापायुक्त कक्षाकोठाको ब्यवस्था | विद्यालय | ७ | ७ | ७ | ७ | ६ | ३४ | ५४ | |
| २६ | कक्षा १ देखि ३ सम्मको बालवालिकाका लागि बालमैत्री बसाई व्यवस्थापन | विद्यालय | ७ | ७ | ७ | ७ | ६ | ३४ | ५४ | |
| २७ | कक्षा पुस्तकालयको वा बुक कर्नरको स्थापना गरी बालवालिकालाई  भरपुर पढाईको अवसर प्रदान | सबै विद्यालयमा | √ | √ | √ | √ | √ | √ | √ | |
| २८ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायतको व्यवस्थापन | विद्यालय | ७ | ७ | ७ | ७ | ६ | ३४ | ५४ | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

कक्षा ९ देखि १२ सम्म दिइने शिक्षा माध्यमिक शिक्षा हो । माध्यमिक शिक्षाले मानवीय मूल्यका साथै कला, संस्कृति, विज्ञान र प्रविधिको क्षेत्रका आधारभूत मूल्य-मान्यताको ज्ञान, सीप र दृष्टिकोण तथा व्यवहार आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने लक्ष्य राख्दछ । यो तहको शिक्षा कामको संसारमा प्रवेश गर्नसक्ने सीप सहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो। नेपालको संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ । संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र समेटेको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुणसहितको प्रतिस्पर्धी, सीपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ।

### ३.३.२ वर्तमान अवस्था

चामुण्डाविन्द्रासैनी  नगरपालिकाभित्र साधारण, प्राविधिक तथा व्यावसायिक धारका गरि जम्मा १२ वटा माध्यमिक सामुदायिक विद्यालय सञ्चालनमा छन् । कक्षा ९ सम्म सञ्चालित एउटा, कक्षा १० सम्म सञ्चालित ७ वटा र कक्षा १२ सम्म सञ्चालित चारवटा माध्यमिक विद्यालय रहेका छन् । माध्यमिक तहमा विद्यार्थीको पहुँचमा क्रमिक सुधार आएको छ । कक्षा ९-१०, ९-१२ र ११-१२ को खुद भर्नादर क्रमशः ८२.५, ६५.९ र ३५.३ प्रतिशत *(CEHRD 2079)* पुगेको देखिए तापनि कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये कक्षा १२ सम्म पुग्ने दर निकै कम रहेको छ । कक्षा ८ र १० पछि ठूलो सङ्ख्यामा बालबालिकाहरूले विद्यालय छाड्ने प्रवृत्ति धेरै छ । विशेषगरी दलित र आर्थिक एवम् सामाजिक रूपमा पिछडिएका समुदायका बालबालिकाहरू विद्यालयबाहिर रहेका वा कक्षा छाड्ने बढी देखिन्छन् । सामुदायिक विद्यालयको कक्षा ९-१० मा स्वीकृत दरबन्दी ७,  राहत ९, नगर अनुदान ३ तथा कक्षा ११-१२ मा स्वीकृत दरबन्दी ० र अनुदान कोटा ५ मा शिक्षकहरू कार्यरत छन् । १० वटा विद्यालयको कक्षा ९-१० मा शून्य दरबन्दी/राहत तथा कक्षा ११-१२ मा शिक्षक अपर्याप्त छन् । यसले गर्दा पनि माध्यमिक शिक्षामा गुणस्तर सुधार हुनसकेको छैन । बहुवञ्चितिमा परेका समुदायका बालबालिकाहरूको पहुँच कम देखिन्छ । कक्षा १०, ११ र १२ का परीक्षाहरूको नतिजाले ठूलो सङ्ख्यामा विद्यार्थीहरू न्यूनतम सिकाइ उपलब्धि हासिल गर्ननसकेको कारणले उच्च शिक्षाबाट समेत बञ्चित छन् । शिक्षकलाई नयाँ ज्ञान, सीप र प्रविधिमा अद्यावधिक गराई सिकाइ सुधार जरूरी देखिन्छ ।

यसका अतिरिक्त प्राविधिक शिक्षाका अन्य शिक्षण संस्थाहरू अस्तित्वमा नरहेबाट नेपाल सरकारले स्थानीय तहमा प्राविधिक शिक्षाको संस्थागत पहुँच पुर्याउने नीति लिएपनि विषयगत रूपमा अपर्याप्त छन् । थप विषयका प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन गर्नसके मात्र प्राविधिक तथा व्यावसायिक सीप प्राप्त गर्ने अधिक युवाहरूको चाहना पूरा गर्न सकिएला। नगरपालिकामा शिक्षाका कर्मचारी व्यवस्था भएपनि प्रशासनिक कार्य के बोझ बढी भएकोले विद्यालयको अनुगमन तथा सुपरिवेक्षण र शिक्षक सहायता प्रणाली कमजोर देखिएको छ । वर्तमान संरचना शिक्षकको पेसागत सहयोग गर्ने कार्यमा पर्याप्त छैन।

### ३.३.३ चुनौती र अवसरहरू

माध्यमिक शिक्षालाई अनिवार्य तथा निःशूल्क बनाउने संबैधानिक तथा नितिगत व्यवस्था कार्यान्वयन गर्नका लागी माध्यमिक तहसम्मको शिक्षा पूर्ण निःशूल्क बनाउनु, नगरपालिकाक्षेत्रभित्रका सामुदायिक विद्यालयमा माध्यमिक तहमा विषयगत शिक्षक दरबन्दी न्युन हुनु , साबिकको उच्च माध्यमिक तहको शिक्षक दरबन्दी कम हुनु , माध्यमिक शिक्षाको पहुँचबाट बाहिर रहेका सङ्ख्यालाई विद्यालयमा ल्याउनु, विपन्न बालबालिकाविभिन्न किसिमका

अपाङ्गता भएका बालबालिका, दलित ,पिछडिएका वर्गका बालबालीकाहरूलाइ विद्यालय शिक्षामा पहुँच पुर्याउनु, शिक्षकहरूलाइ समयानुकूल पुनर्ताजगी र पेशागत तालिम प्रदान गर्नु, विद्यालय शिक्षा पद्धतिलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउनु,विद्यार्थी मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा विकास गर्नु, नगरक्षेत्रभित्रका माध्यमिक तह सन्चालित सबै विद्यालयमा शैक्षिक गुणस्तर कायम गर्नु, नतिजा प्रणालीमा सुधार ल्याउनु, सबैले माध्यमिक तह पुरा गर्ने अवसर बनाउनु ,माध्यमिक शिक्षा परीक्षामा सहभागी हुने विद्यारूथीहरूको सक्षमता विकास गर्नु, माध्यमिक विद्यालयहरूलाइ सूचाना प्रविधिको पहुँचमा पुर्याउनु, सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षकको सक्षमता बढाउनु , शिक्षकको दक्षतामा वृद्धि र सिकाइमा प्रभावकारी ढङ्ले प्रयोग गरीसिकाइ सुधार तथा डिजिटल डिभाईडलाई कम गर्नु ,,सबै माध्यमिक विद्यालयमा न्यूनतम सक्षमताका अवस्था पूरा गरी विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउनु,विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउनु, शिक्षकको वृत्ति विकासलाई पारदर्शी, नतिजामा आधारित र अनुमानयोग्य बनाई व्यवस्थित गर्नु,विद्यालय शिक्षालाई विविधता अनुकूल, समावेशी र समतामूलक बनाउनु,आवश्यक विषयगत शिक्षक दरवन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम र योग्य विद्यालय जनशक्ति व्यवस्थापन गर्नु विद्यालय व्यवस्थापन समितिलाइ विद्यालयप्रति जवाफदेहि बनाउनु, नमूना माध्यमिक विद्यालयको शैक्षिक गुणस्तर कायम गर्नु, प्रधानाध्यापकको क्षमता विकास गर्नु, लेखाप्रणालीलाइ पारदर्शी बनाउनु, शिक्षा शाखामा कम जनशक्ति भएका कारण नयिमत अनुगमन निरीक्षण गर्न नसकिनु, माध्यमिक तहसम्मको अधिकार संबिधानमा स्थानीय तहको भनी उल्लेख गरिएपनि सो अनुसारको अधिकार प्रयोग गर्न नपाउनु, न्यायिक समितिलाइ बालअधिकार र बाल न्यायका सम्बन्धमा साधनस्रोत उपलब्ध नहुनु सो सम्बन्धमा तालिम, सेमिनार र कार्यशाला गोष्ठी नहुनु, चामुण्डाबिन्द्रासैनी नगरपालिकको नगर शिक्षा ऐन, २०७५ को पूर्ण कार्यान्वयन गराउनु, माध्यमिक तहको विज्ञान, गणित र अंग्रेजी विषयका अध्यापन अनुमतीपत्र प्राप्त उम्मेदवारहरू उपलब्ध नहुनु चुनौतीका रूपमा रहेका छन् ।

माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहमा हुनु, विद्यालयहरूलाइ आवश्यकताको आधारमा सुदृढिकरण गर्दै लैजानु, माध्यमिक तहसम्मको शिक्षालाइ निःशूल्क बनाउन सक्षम हुनु, माध्यिमक तहसम्मको शिक्षासम्बन्धी नियम कानुन बनाउने अवसर हुनु, स्थानीय सरकार सन्चालन ऐन,२०७४, को परिच्छेद ३ दफा ११ (२) ज मा स्थानीय तहलाइ दिएका अधिकार प्रयोग गर्न पाउनु, सो ऐनकै दफा १०२ मा स्थानीय कानुन बनाउने अधिकार, कानुन बनाएर करारमा शिक्षक तथा विद्यालय कर्मचारीहरू व्यवस्थापन गर्न पाउने अधिकार स्थानीय तहमा हुनु, विद्यालय अनुगमन, निरीक्षण तथा सुपरीवेक्षणको अधिकार हुनु, माध्यमिक शिक्षा सुधारका लागी स्थानीय तहले बजेट बिनियोजन गर्न पाउनु, विद्यालयमा साधन स्रोत विनियोजनमा बढोत्तरी हुँदै जानु, विभिन्न गैरसरकारी संस्थाहरूको सहयोग लिनसक्ने वातावरण तयार भएको, संविधानको धारा ३१ मा प्रत्येक नागरिकलाई राज्यबाट माध्यमिक शिक्षा निःशुल्क पाउने हक हुनेछ भनेर ग्यारेण्टी गरिएको छ, संविधानको त्यही धाराले अपांगता भएकार आर्थिक रुपले बिपन्न नागरिकलाई उच्च शिक्षासम्म समेत निशुल्क हुने ब्यवस्था गरेको छ, त्यस्तै, दलितको लागि पनि नेपालको संविधानको धारा ४० ले उच्च शिक्षासम्म छात्रवृत्तिसहित निःशुल्क हुने ब्यवस्था गरेको छ, संविधानको धारा ५१ ले शिक्षालाई वैज्ञानिक, प्राविधिक, ब्यावसायिक, सीपमूलक, रोजगारमूलक एबम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने नीति अंगिकार गरेको , बालबालीका सम्बन्धी ऐन, २०७५ जारी भइ कार्यान्वयन हुनु सोही ऐनको दफा ६४ मा स्थानीय तहले बालबालीकाको अधिकार प्रचलन गराउने सम्बन्धी अवसर पाउनु, राष्ट्रिय शिक्षा नीति, २०७६ कार्यान्वयनमा हुनु सो को बुँदा नं. १० कार्यान्वयनमा हुनु, आदि अवसरका रूपमा रहेका छन ।

### ३.३.४ लक्ष्य

मानवीय मूल्यका साथै कला, संस्कृति, विज्ञान र प्रविधि क्षेत्रका आधारभूत मूल्य मान्यताको ज्ञान, सिप र दृष्टिकोण तथा व्यवहारहरू आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने ।

### ३.३.५ उद्देश्य

- माध्यमिक तहको शिक्षालाई निःशुल्क, बालमैत्री र समावेशी बनाउने ।
- आधारभूत तहको शिक्षा हासिल गरेका विद्यार्थीहरूलाई सीपमूलक ,प्रविधियुक्त र गुणस्तरीय माध्यमिक शिक्षाको अवसर प्रदान गर्ने ।
- माध्यमिक तहको शिक्षण विधिलाई व्यवहारिक, अनुसन्धनात्मक, सिकाईमैत्री तथा भयरहित बनाउदै विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गरी प्रतिस्पर्धी तथा उच्च शिक्षा हासिल गर्न योग्य बनाउने ।
- माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्ने
- विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउने
- शासकीय तथा व्यवस्थापकीय प्रवन्धमा सुधार ल्याउने

### ३.३.६ रणनीतिहरू

- विद्यालयहरूको नक्साङ्कन गर्ने,
- सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने,
- नि:शुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने,
- माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने,
- विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने ,
- वैकल्पिक माध्यमका कार्यक्रम सञ्चालन गर्ने,
- सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने,
- माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने,
- शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने,
- शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने,
- शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने,
- हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने,
- विद्यालयहरूलाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने,
- विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधार सहितको व्यवस्था गर्ने ,
- सक्षम र उत्प्रेरित प्रअको व्यवस्था गर्ने,
- आवधिकरूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने।

### ३.३.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

<u>उपलब्धिः</u>

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने ।

**<u>प्रमुख नतिजाः</u>**

- सबै बालबालिकाहरूलाई नि:शुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चत भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने,
- सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको हुने,
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने,
- पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग, र उचित सिकाइ वातावरणको निर्माण भएको हुने,
- माध्यमिक शिक्षा पुरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने,
- माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार हुने,
- माध्यमिक विद्यालयहरू प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील हुने,
- सूचना तथा सञ्चार प्रविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुने,
- माध्यमिक तहको शिक्षामा सुशासन कायम हुने,
- माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह हुने।

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

- नि:शुल्क माध्यमिक शिक्षाका लागि आवश्यक कानुन, कार्यविधि र निर्देशिका तयारी,
- विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन,
- विज्ञान, गणित तथा कम्प्यूटर विज्ञान विषय अध्ययनका लागि अवसर,
- मापदण्डअनुसार शिक्षक व्यवस्था,
- सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने,
- आवश्यकताअनुसार खुला तथा दूर शिक्षालगायतका बैकल्पिक प्रबन्ध,
- विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास,
- विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण,
- शिक्षक क्षमता विकास,
- विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन,
- सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास,
- शिक्षक सहायता प्रणालीको पुनर्संरचना,
- विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम,
- अपाङ्गता भएका विद्यार्थीलाई सहयोग,
- नि:शुल्क माध्यमिक शिक्षा सुनिश्चितताका लागि पाठ्यपुस्तक, ड्रेस तथा स्टेशनरी, दिवा खाजा, छात्रबृत्ति र सिकाइ सामग्री व्यवस्था,
- कक्षाकोठामा आधारित मूल्याङ्कन,
- व्यवस्थित परीक्षा प्रणाली,
- शैक्षिक मानव संसाधन सूचना प्रणाली स्थापना,
- विव्यस, शिअसंका पदाधिकारीहरूको क्षमता विकास,

## माध्यमिक तहका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | जम्मा | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिकाहरू तयारी | पटक | १ | | | | | १ | १ | संघ, प्रदेश र स्थानीय तह |
| २ | विद्लय सेवा क्षेत्रको सिमांकन गरी हरेक माध्यमिक विद्यालयको सेवा क्षेत्र एकीन गर्ने र सिमाङ्कन भित्रका बालबालिकाहरू भर्नाको सुनिश्चितताको लागि विद्यालयमा नक्साङ्कन, पुनर्वितरण तथा समायोजन र स्थापना | पटक | १ | | | | | १ | १ | स्थानीय तह |
| ३ | माध्यमिक शिक्षामा विज्ञान प्रविधि, इन्जिनियरिङ, कला र गणित शिक्षा (STEAM) जस्ता विषायको सिकाइलाइ अन्तरसम्वन्धित गर्ने र विज्ञान, गणित तथा कम्प्युटर विज्ञान विषय अध्ययनका लागि अवसर बढाउने | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | संघ र स्थानीय तह |
| ४ | माध्यमिक शिक्षामा सबैको पहुँच सनिश्चित गर्न आवश्यकतानुसार बसको व्यवस्था तथा खुला तथा दुर शिक्षा लगायतका बैकल्पिक प्रवन्ध गर्ने | माध्यमिक विद्यालय | | १ | २ | २ | १ | ६ | १२ | |
| ५ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, खानेपानी, खेलमैदान, घेरावार, शौचालय) | माध्यमिक विद्यालय | | १ | १ | २ | १ | ५ | १२ | संघ र स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | प्रविधि तथा व्यवहारकुशल सिपहरूको एकिकरण तथा विद्यार्थी मूल्याङ्कन सम्वन्धी शिक्षक क्षमता विकास | शिक्षक प्रतिशत | २० | २० | ३० | ३० | | १०० | | संघ, प्रदेश र स्थानीय तह |
| ७ | विव्यस, शिअसंघ पदाधिकारीहरूको क्षमता विकास र अभिमुखिकरण | प्रतिशत | २५ | ३० | ३० | १५ | | १०० | | प्रदेश तथा स्थानीय तह |
| ८ | विद्यालय शिक्षालाइ प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने आकस्मिक व्यवस्थापन योजना निर्माण तथा कार्यान्वयन | स्थानीय तह | १ | | | | | १ | १ | स्थानीय तह |
| ९ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामाग्री तथा क्षमता विकास | विद्यालय प्रतिशत | २० | ३० | ३० | २० | | १०० | | संघ र स्थानीय तह |
| १० | विभिन्न किसिममा अपांगता भएका विद्यार्थिलाइ सहयोग | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | संघ तथा स्थानीय तह |
| ११ | निःशुल्क शिक्षाको सुनिश्चितताको लागि पाठ्यपुस्तक | कक्षा | ९ र १० | ९ र १० | ९ र १० | ९ र १० | ९ र १० | | | |
| १२ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस तथा स्टेशनरी सहयोग | विद्यार्थी सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | २५० | ४०० | |
| १३ | सिकाइ सामाग्री तथा विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान | माध्यमिक विद्यालय | ६ | ६ | ६ | ६ | ६ | ६ | १२ | |
| १४ | कक्षाकोठामा धारित मूल्यांकनलाइ शिक्षण सिकाइ प्रकृयामा एकीकृत गर्ने गरी सुधार तथा प्रयोग | विद्यालय | ६ | ६ | ६ | ६ | ६ | ६ | १२ | |

## ३.४ उच्च शिक्षा र माध्यमिक शिक्षाको उच्च शिक्षासँग सम्बन्ध

### ३.४.१ परिचय

संवैधानिक व्यवस्थाअनुसार उच्च शिक्षाको व्यवस्थापकीय अधिकार संघ र प्रदेश सरकारको हुने भएकाले स्थानीय तहले समन्वय, सहयोग र आवश्यक परेमा नियमनकारी भूमिका मात्र निर्वाह गर्नेछ । विश्वविद्यालय र उच्च शिक्षण संस्थाहरूको स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने दायित्व संघ र प्रदेश सरकारको रहेको छ । स्थानीय तहले समाध्यमिक तहको शिक्षा पूरा गरेका चामुण्डाविन्द्रासैनी  नगरवासीहरूमा उच्च शिक्षाको पहुँच वृद्धिका लागि सहायक भूमिका निर्वाह गर्नेछ । भौतिक पूर्वाधार विकास, प्राध्यापन गर्ने जनशक्ति व्यवस्थापनमा आर्थिक सहयोग, उच्च शिक्षण संस्था स्थापना र विस्तार जस्ता कार्यमा नगरपालिकाले सहकार्य गर्नेछ । नगर क्षेत्रभित्र उच्च शिक्षाको माग र आवश्यकता पहिचान गरी स्थानीय समुदायलाई उच्च शिक्षण संस्था खोल्न र सञ्चालन गर्न सहयोग गरी प्रवर्द्धन गर्ने कार्य नगरपालिकाले गर्नेछ।

### ३.४.२ वर्तमान अवस्था

चामुण्डाविन्द्रासैनी  नगरपालिकामा उच्च शिक्षण संस्थाको रूपमा एक मात्र त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पस वडा नं. ३ चामुण्डामा क्याम्पसमा शिक्षाशास्त्र संकायको पठनपाठन भइरहेको छ । संकायगत विविधता अहिलेको आवश्यकता हो । भौतिक पूर्वाधारको अभाव, न्यून विद्यार्थी सङ्ख्या र दिगो स्रोतको कमीका कारण उक्त क्याम्पस सञ्चालनमा समुदायले विविध समस्या भोग्नुपरेको छ । न्यूनतम भौतिक तथा शैक्षिक पूर्वाधार अभावका कारण गुणस्तरीय उच्च शिक्षामा पहुँच बढाउने कार्य चुनौतीपूर्ण देखिन्छ । नगरपालिकामा एक मात्र क्याम्पस सञ्चालन भइरहेको अवस्थामा भौतिक पूर्वाधार विकासमा ध्यान दिन जरूरी देखिन्छ । हालै सो क्यापसमा स्नात्तकोतर सम्मको अध्यापन गराउने लक्ष्य लिइएको छ ।

### ३.४.३ चुनौतिहरू तथा अवसरहरू

उच्च शिक्षामा आर्थिक रुपले विपन्न रभौगोलिक रुपमा पिछडिएका र माध्यमिक तह पुरा गरेका नागरिकको समेत सहभागिता गराउनु, माध्यमिक शिक्षाको उच्च शिक्षासंग् सम्बन्ध कायम राख्नु, भौगोलिक विकटता, भौतिक पूर्वाधार र आर्थिक लगानीको सुनिश्चितता गर्नु, दक्ष र योग्य जनशक्तिको अभाव हुनु र युग अनुकुलको गुणस्तरीय तथा प्राविधिक उच्च शिक्षा प्रदान गर्ने संस्थाको विकास गर्नु उच्च शिक्षाका प्रमुख चुनौतिका विषयहरू हुन् । उच्च शिक्षालाई व्यवसायिक, व्यवहारिक र जीवनोपयोगी बनाई शैक्षिक बेरोजगारी न्यूनीकरण गर्नु र उच्च शिक्षा प्राप्त गरेका जनशक्तिहरूलाई स्थानीय तहमानै रोजगार सिर्जना गर्नु जस्ता सवालहरूलाई समेत उच्च शिक्षाका सहायक चुनौतिकारुपमा लिन सकिन्छ ।

नेपालको संविधानमा उच्च शिक्षा तीनवटै तहको साझा अधिकार क्षेत्रभित्र रहनु, पालिका क्षेत्रभित्र .एउटा. मात्रै उच्च शिक्षा प्रदायक संस्था सञ्चालन हुनु, क्याम्पसको सेवाक्षेत्र फराकिलो रहनु, पालिकाका सबै सरोकारवाला, राजनीतिक दल तथा जनप्रतिनिधिहरूमा क्याम्पसको थप प्रभावकारी सञ्चालन तथा व्यवस्थापनमा एकमत रहनु, पालिकामा १ वटा माध्यमिक विद्यालयमा बाली विज्ञान, डिप्लोमा तहका कक्षाहरू सञ्चालन हुनु आदिलाई यस पालिकाको उच्च शिक्षाको अवसरको रुपमा लिनसकिन्छ ।

### ३.४.४ लक्ष्य

प्राज्ञिक उत्कृष्टता तथा उन्नयनका लागि अध्ययन तथा अनुसन्धान गर्ने उच्च शिक्षा प्रदायक संस्थामार्फत उच्चस्तरीय, प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी जनशक्ति उत्पादन गर्ने ।

### ३.४.५ उद्देश्य

विपन्न समुदायका उपयुक्त उमेर समूहका नागरिकको उच्च शिक्षामा पहुँच विस्तार तथा सहभागिता वृद्धि गर्नु यस योजनाको समग्र उद्देश्य रहेको छ । यसका लागि निम्नलिखित उद्देश्यहरू निर्धारण गरिएको छ :

- उच्च शिक्षामा स्थानीय समुदायका विद्यार्थीहरूको पहुँच विस्तार गर्नु,
- उच्च शिक्षामा विपन्न र पिछडिएको समुदायका नागरिकहरूको सहभागिता वृद्धि गर्नु,
- उच्च शिक्षातर्फ प्राविधिक शिक्षाको लागि आवश्यक पूर्वाधार विकास गर्नु,
- शिक्षाशास्त्र. व्यवस्थापन, प्राविधिक लगायत संकायगत विविधतायूक्त शिक्षण संस्था स्थापना र सञ्चालनकोलागि सहयोग उपलब्ध गराउनु,
- नगरपालिकामा उच्च शिक्षाको नियामक संयन्त्र विकास र सुदृढ गर्नु ।
- सामाजिक र आर्थिक विकासका लागि विज्ञान र प्रविधिप्रति अभिप्रेरित, प्रतिस्पर्धी र उद्यमशील मानव संशाधनको विकास गर्ने
- उच्च शिक्षाका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउने

### ३.४.६ रणनीतिहरू

चामुण्डाविन्द्रासैनी नगरपालिका क्षेत्रभित्र उच्च शिक्षाको विकास र विस्तारका लागि निर्धारण गरेका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

- संघीय सरकार र प्रदेश सरकारसँगको सहयोग र नगरपालिकाको साझेदारीमा उच्च शिक्षातर्फ थप पूर्वाधार विकास गरिनेछ।
- स्थानीय तह अन्तर्गत विद्यालय शिक्षाको कक्षा १२ वा सो सरहको तह पुरा गरेका विद्यार्थीको विवरण तयार गरी उनीहरूको क्षमता र योग्यता अनुसार उच्च शिक्षाको प्रबन्धका लागि योजना तयार गर्ने
- स्थानीय तह क्षेत्रभित्र आवश्यकता अनुसार उच्च शिक्षा प्रदान गर्ने संस्थाहरू स्थापना गर्ने
- खुला एवम् दूर शिक्षा लगायतका व्यस्थामार्फत समेत उच्च शिक्षामा पहुँच बृद्धिका लागि पहल गर्ने
- पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिबासी/जनजाती, दलित, अपाङ्गताभएका नागरिक एवम् आर्थिक रूपले विपन्न समूदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्न
- उच्च शिक्षालाई राष्ट्रिय विकासका प्राथमिकताका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकूद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने
- विद्यार्थीहरूलाई उच्च शिक्षाका अवसर उपलब्ध गराउनका लागि उच्च शिक्षा सञ्चालन गर्ने संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने
- स्थानीय तहमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने
- उच्च शिक्षा प्रदायक संस्थाहरूको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापनका लागि समन्वय, सहकार्य र सहजीकरण गर्ने
- उच्च शिक्षा विकासका लागि सार्बजनिक, सामूदायिक तथा निजी स्तरमा साझेदारी कार्यलाई प्रोत्साहन गर्ने
- स्थानीय तहको मानव संशाधन योजनाका आधारमा आवश्यक मानव स्रोत विकासका लागि कार्यक्रम बनाई कार्यान्वयन गर्ने

### ३.४.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

उच्च शिक्षामा पहुँच अभिबृद्धि भई सान्दर्भिकता र गुणस्तरमा सुधार ।

**प्रमुख नतिजाः**

- स्थानीय तह अन्तर्गत विद्यालय शिक्षाको कक्षा १२ वा सो सरहको तह पुरा गरेका विद्यार्थी क्षमता र योग्यता अनुसार उच्च शिक्षामा पहुँच हुने
- स्थानीय तहमा उच्च शिक्षा प्रदायक संस्थाहरूको स्थापना हुने
- स्थानीय तहमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिबृद्धि हुने
- उच्च शिक्षा उत्पादन र आर्थिक उपार्जनसँग जोडिने
- उच्च शिक्षामा सार्बजनिक, निजी तथा सामूदायिक सहभागितामा लगानी अभिबृद्धि हुने

## उच्च शिक्षा र माध्यमिक शिक्षाको उच्च शिक्षासँग सम्वन्धका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | जम्मा | | |
| १ | बहुप्राविधिक शिक्षालय स्थापना गर्न सहयोग तथा सहजीकरण गर्ने | वटा | | १ | | | | १ | १ | संघ र प्रदेशको सहयोग |
| २ | अनुसन्धान केन्द्रको स्थापना गर्न आवश्यक सहयोग् गर्ने | वटा | | | | | १ | १ | १ | संघ र प्रदेशको सहयोग |
| ३ | स्नातकतहमा अध्ययनरत विद्यार्थीहरूलाई शिक्षक सङ्ख्या कम भएका विद्यालयहरूमा स्वयमसेवक शिक्षकको रुपमा परिचालन गर्ने | विद्यार्थी संख्या | १५ | १५ | १५ | १५ | १५ | ७५ | ७५ | संघ र स्थानीय तह |
| ४ | शिक्षामा सबैको पहुँच सुनिश्चितगर्न आवश्यकता रको समन्वय र सहजीकरण गर्ने | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ७५ | | क्याम्पस,स्थानीय तह |
| ५ | उच्च शिक्षा प्रदायक संस्थामा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबार, खाजा घर आदि) विकास गर्न सहयोग गर्ने | | | भवन तथा कक्षा कोठा | खानेपानी र शौचालय | फर्निचर खेलमैदान | घेराबार | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | उच्च शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील बनाउन पालिकास्तरको योजना तयार गरी कार्यान्वयन गर्न सहयोग गर्ने | पटक | १ | | | | | | १ | क्याम्पस |
| ७ | उच्च शिक्षाको खुला एवम् दूर शिक्षा प्रणालीको स्थापना गर्न सहजीकरण एवम सहयोग गर्ने | पटक | | | | १ | | | १ | क्याम्पस |
| ८ | विद्यार्थीहरूकोअध्ययन अनुसन्धान कार्यमा सहयाग गर्न इ— पुस्तकालयको स्थापना गर्न सहयोग गर्ने | पटक | | | | | १ | | १ | |

## ३.५ प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तथा तालिम

### ३.५.१ परिचय

विकासका लागि साधारण र प्राविधिक जनशक्तिका बिच सन्तुलनको आवश्यकता पर्दछ । सुरुवातका दिनहरूमा साधारण शिक्षातर्फ जोड दिइएतापनि विस्तारै प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका क्षेत्रमा जोड दिन थालिएको छ । कृषि, भेटनरी, सव ओभरसियर, इन्जिनियरिङ, चिकित्सा विज्ञान, कम्प्युटर लगायतका क्षेत्रमा दक्ष जनशक्तिको माग उच्च रहेको छ । प्राविधिक तथा व्यवसायिक शिक्षाका अवसरहरूमा सबै लिंग, अपाङ्गता, गरिवी, सीमान्तकृत आर्थिक सामाजिक रुपले पछि परेको समुदाय लगायतका सबै बर्गको समतामूलक पहुँच, सहभागिता र सिकाई उपलव्धिमा सुधार गर्दै श्रम बजार सँग आवद्ध गर्नुपर्ने देखिन्छ ।वि. सं. २०७२ को संविधान सँगसँगै “समृद्ध नेपाल, सुखी नेपाली” भन्ने राष्ट्रिय आकांक्षा पुरा गर्नका लागि राष्ट्रिय योजना आयोगले नौ वटा राष्ट्रिय लक्ष्य अन्तर्गत उच्च र दिगो उत्पादन तथा उत्पादकत्व तय गरेको र त्यसको लागि गुणस्तरिय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विस्तारमा जोड दिएको देखिन्छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ मा प्राविधिक तथा व्यावसायिक शिक्षालाई विद्यालय शिक्षाको तल्लो तहदेखि नै समेट्ने प्रयास गरिएको छ ।

सन् २०१५ मा संयुक्त राष्ट्र संघले सन् २०३० सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दिगो विकास लक्ष्यले पनि प्रत्येक व्यक्तिलाई गरी खाने शिक्षामा समावेशी, समतामूलक र समन्यायिक ढङ्गमा दिने अवसरलाई व्यापक बनाउन जोड दिएको छ । यस प्रकारको शिक्षाको विकासले यस पालिकामा सिपयुक्त दक्ष जनशक्ति उत्पादन हुने र रोजगार एवम रोगारीका अवसरहरू सृजना भई विदेशिने युवाहरू आत्मनिर्भर बन्ने अवस्था सिर्जना हुनेछ ।

### ३.५.२ वर्तमान अवस्था

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको पछिल्लो तथ्याङ्क अनुसार नेपालमा ५७ वटा आङ्गिक पोलिटेक्निकशिक्षालयहरू, १७ वटा साझेदारीमा सञ्चालित पोलिटेक्निक शिक्षालयहरू, ४३४ वटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा, ४२९ वटा सम्बन्धन प्राप्त शिक्षालयहरू र ५८७ प्राविधिक एस.एल.सी. तहका कार्यक्रमर ६१४ डिप्लोमा तहका कार्यक्रम सञ्चालनमा रहेका छन् (प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम एकीकृत बार्षिक प्रतिवेदन, २०७६) । कर्णाली प्रदेशमा ४ वटा आङ्गिक, २ वटा साझेदारी, १०४ वटा सामुदायिक विद्यालयहरू, १८ वटा निजी संस्थाहरूरहेका छन् भने यस पालिकामा एक वटा सामुदायिक विद्यालयहरूमा डिप्लोमा कृषि विज्ञानसञ्चालनमा रहेको छन् ।

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् अन्तर्गत सञ्चालीत डिप्लोमा कृषि विज्ञानमा ५५ जना विद्यार्थीहरू अध्ययनरत रहेका छन । चामुण्डाविन्द्रासैनी नगरलिकाले बार्षिक रूपमा उच्च तहमा प्राविधिक तर्फ अध्ययनरत विद्यार्थीहरू छात्रवृत्ति उपलव्ध गराउदै आइरहेको छ । सोही अनुरूप छात्रवृत्ति प्राप्त विभिन्न विद्यार्थीहरूले विभिन्न प्राविधिक विषयहरू अध्ययन गरिरहेका छन । आ.व २०७८।०७९ का लागि यस पालिकाले प्राविधिक शिक्षामा उच्च शिक्षा हासिल गरिरहेका विद्यार्थीहरूको लागि रु तीन लाख नगरप्रमुख छात्रवृत्तिका लागि विनियोजन गरेको छ । छोटो अवधिका व्यवसायिक र सिपमूलक तालिमहरू पालिकाकै अगुवाईमा सञ्चालन हुने गरेका छन् ।

### ३.४.३ लक्ष्य

उत्पादनशील जनशक्तिलाई आवश्यकताअनुसारका व्यावसायिक तथा पेसागत क्षेत्रहरूमा प्रयाप्त दक्षता हासिल हुने गरी सिपमूलक शिक्षा र तालिम उपलब्ध गराई जनताको आर्थिक स्तरमा सुधार ल्याउने ।

### ३.४.४ उद्देश्य

- प्राविधक तथा व्यावसायिक शिक्षा तथा सिप विकासमा पहुँच अभिबृद्धि गर्ने
- स्थानीय तहमा प्राविधक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसर सृजना गर्न संयन्त्र विकास गर्ने
- प्राविधक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउने

### ३.४.५ रणनीतिहरू

- स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको अवसर सृजना गर्ने
- बहुप्राविधिक शिक्षालय/तालिम केन्द्रहरूको स्थापना, सञ्चालन, तथा नियमन गर्ने
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको निम्तिसरोकारवालाहरूसँग समन्वय गर्ने
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमा व्यापार तथा उद्योग क्षेत्रको सहभागिता बढाउनप्रोत्साहन गर्ने
- आय आर्जन गर्ने खालका क्रियाकलापको माध्यमबाटआत्म निर्भर हुनको निम्ति संस्थागत क्षमता बढाउने
- पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिबासी/जनजाती, दलित, अपाङ्गताभएका नागरिक एवम् आर्थिक रूपले विपन्न समूदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकूद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने
- विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका अवसर उपलब्ध गराउनका लागि सम्बन्धित संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने
- स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने

### ३.४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

<u>उपलब्धिः</u>

उत्पादनशील जनशक्तिले आवश्यकताअनुसारका प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरूमा पर्याप्त दक्षता हासिल गरी उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका क्षेत्रबाट आर्थिक स्तर सुधार गरेको हुने ।

<u>प्रमुख नतिजाः</u>

- स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा उत्पादनशील जनशक्तिले आवश्यकताअनुसारका प्राविधिक तथा व्यावसायिक सिपका क्षेत्रहरूमा पर्याप्त अवसर प्राप्त गरेको हुने ।
- स्थानीय तहमा बहुप्राविधक शिक्षालय/प्राविधक धारका माध्यमिक विद्यालयहरूको स्थापना भई सञ्चालन हुने

- स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा सञ्चालित संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिबृद्धि हुने
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरूलाई उत्पादन र आर्थिक उपार्जनसँग जोडिने
- स्थानीय स्तरमा रहेका परम्परागत सिपहरूको पहिचान, प्रमाणिकरण तथा प्रबर्द्धन हुने
- बैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी, प्रमाणिकरण तथा उपयोग हुने वातावरण सृजना हुने
- खोज, नवपर्वर्तन तथा उद्यमशीलतामा अभिबृद्धि भएको हुने
- उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका अवसरमा बृद्धि हुने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिपका क्षेत्रमा सार्बजनिक, निजी तथा सामूदायिक सहभागितामा लगानी अभिबृद्धि हुने

## प्राविधिक तथा व्यवसायिक शिक्षा र सिप विकास तालिम का प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | जम्मा | | |
| १ | प्रयोगशाला व्यवस्थापन सहयोग | विद्यालय | | २ | | | | २ | २ | संघ र प्रदेशसँगको समन्वय र सहकार्यमा |
| २ | श्री जनज्योती मावि फारूलामा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन | विद्यालय | | | १ | | | १ | १ | संघ र प्रदेशसँगको समन्वय र सहकार्यमा |
| ३ | छोटो अवधिका सिपमूलक तालिमहरू सञ्चालन | वटा | २ | २ | २ | २ | २ | १० | १० | |
| ४ | प्राविधिक र व्यावसायिक शिक्षा सम्वन्धी पालिका स्तरिय नीतिको तर्जुमा | पटक | | १ | | | | १ | १ | |
| ५ | युवालाइ खोज र नवप्रवर्तनका लागि प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन | सङ्ख्या | | १० | १० | १० | १० | ४० | ८० | |
| ६ | प्राविधिक शिक्षा अध्ययन गरेका युवाहरूलाइ उद्यमशिलता विकासको लागि सहयोग | सङ्ख्या | | ५ | ५ | ५ | १० | २५ | ५० | |
| ७ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरूको अनुगमन, नियमन र व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |

## ३.६ पाठ्यक्रम र पाठ्यसामग्री

### ३.६.१ परिचय

पाठ्यक्रम सिकाइको एक योजना हो । शिक्षाको राष्ट्रिय,तहगत तथा कक्षागत उद्देश्यहरू परिपुर्ति गर्नका लागि सबैभन्दा महत्वपूर्ण साधन पाठ्यक्रम हो । पाठ्यक्रमले राखेका उद्देश्यहरू पूरा गर्न पाठ्यक्रमका आधारमा तयार पारिने सामग्री पाठ्यसामग्री हो । समय सापेक्ष रूपमा पाठ्यक्रम परिमार्जन हुँदै जान्छ र परिवर्तित पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक साधन तथा स्रोतको परिचालन गरी उल्लेख्य रूपमा कार्यान्वयनमा जोड दिइनेछ । शैक्षिक सत्र २०७७ देखि कक्षा १ मा लागु भएको एकीकृत पाठ्यक्रम अनुसार स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइने छ । नगरपालिकाको आवश्यकताको विषयहरू समेटेर स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री तयार गरी कार्यान्वयनममा ल्याइने छ । शिक्षकहरूका लागि परिमार्जित पाठ्यक्रम अनुसार आवश्यक प्रबोधीकरण तालिम सञ्चालन गरी पाठ्यक्रमकले निर्देशित गरेका उद्देश्यका आधारमा शिक्षण गराउने परिपाटीको विकास गरिनेछ ।

### ३.६.२ वर्तमान अवस्था

राष्टिय शिक्षा पद्धतिको योजना, २०२८ मा सर्वप्रथम विद्यालय तहमा पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो । पाठ्क्रम विकासका लागि संस्थागत रुपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्क्रम विकास केन्द्र स्थापना भयो । पाठ्यक्रम विकास केन्द्रको संरचनाको निरन्तरता सगैं विद्यालय तहको पाठ्यक्रम विकास, सुधारतथा अद्यावधिक गर्ने क्रममै वि. सं. २०७६ मा नयाँ पाठ्यक्रम प्रारुप तयार भइ कार्यान्वयन गर्ने क्रममा २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वन सुरु भएको छ । त्यसैगरी वि. सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरूमा यो पाठ्यक्रम कार्यान्वयन हुने योजना छ ।

चामुण्डाविन्द्रासैनी नगरपालिकामा वि सं २०७८ देखि कक्षा १ देखि ८ सम्मको लागि स्थानीय पाठ्यक्रम निर्माण गरि कार्यान्वयनमा ल्याइएको छ भने पाठ्यपुस्तक निर्माण गर्ने प्रक्रियामै छ । त्यसैगरी शैक्षिक सत्र २०७८ देखि आधारभूत तह कक्षा ६-८ को स्थानीय पाठ्यक्रम पनि तयार गरी लागू गरिएको छ । पाठ्क्रम तथा पाठ्पुस्तकको प्रभावकारी कार्यान्वयनको लागि हाल सम्म कक्षा १ देखि १० सम्म सबै विषय र कक्षा ११ र १२ का लागि अनिवार्य विषयका पाठ्यपुस्तक प्रदान गर्ने नेपाल सरकारले नि:शुल्क व्यवस्था मिलाएको छ । विभिन्न विषयका शिक्षक निर्देशिका तयार गरेको छ । पाठ्क्रमलाई सान्दर्भिक र प्रभावकारी बनाउन कक्षा १- ३ मा अन्तर सम्वन्धित विषयवस्तुलाई एकीकृत गरिएको छ । विभिन्न भाषिक समुदायका बालबालिकाको लागि हाल सम्म कक्षा १ देखि ५ सम्म विभिन्न २७ मातृभाषाका पाठ्यपुस्तक कार्यान्वयनमा ल्याइएको छ । प्रत्येक विषयमा विषयवस्तुको स्वरुप अनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशत सम्म भारको प्रयोगात्मक कार्य , परियोजन कार्य वा सामुदायिक कार्य लगायतका व्यवहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ । परिवर्तित पाठ्यक्रम अनुसार शिक्षकलाई निश्चित अवधिमा शिक्षकको पेसागत विकास लालिम लिनुपर्ने व्यवस्था गरिएको छ । परीक्षण र मूल्याङ्कन प्रणालीमा सुधार गरी आधारभूत तह सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति अपनाइएको छ । सबै कक्षामा अक्षराङ्कन पद्धतिअनुसार नतिजा निकाल्ने परिपाटी अपनाइएको छ ।

### चुनौतिहरू तथा अवसरहरू

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि विषयगत शिक्षकको व्यवस्था गर्नु चुनौतिका रूपमा रहेको छ । त्यसैगरी स्थानीय पाठ्क्रम र पाठ्यसामाग्री विकासका लागि क्षमता विकास गर्नु , सबै शिक्षकलाई नयाँ पाठ्क्रमको

अभिमुखीकरण गर्नु ,पाठ्क्रमलाई समय अनुसार अद्यावधिक गर्नु पनि चुनौतिका रूपमा रहेका छन् । अपाङ्गता, अनाथअसहाय भएका बालबालिकाको लागि अनुकूलको पाठ्सामाग्रीको व्यवस्था गर्ने आदि पाठ्क्रम तथा पाठ्यपुस्तक कार्यान्वयनका चुनौतिहरू पनि हाम्रा सामु छन् । माध्यमिक तहसम्म नि:शुल्क पाठ्यपुस्तकको व्यवस्था, शिक्षक निर्देशिकाको व्यवस्था , परीक्षा र मूल्याङ्कन प्रणालीमा सुधार, स्थानीय पाठ्यक्रम विकार तथा कार्यान्वयन मार्गदर्शन, २०७६ को निर्माण र कक्षा ३ सम्म एकीकृत पाठ्यक्रमको व्यवस्था, पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयनका अवसरहरू रहेका छन् ।

### ३.६.३ लक्ष्य

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान,सिप र अभिबृत्तिको विकास भई सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार हुने

### ३.६.४ उद्देश्य

- पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु
- पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण दिनु
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनु
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिपर व्यवहार विकासमा सहजीकरण गर्नु
- सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्यङ्कन पद्धतिको कार्यान्वयन गर्नु
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु

### ३.६.५ रणनीतिहरू

- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गरिने
- विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालहरूलाई प्रबोधिकरण गरिने
- पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिबृद्धि गरिने
- विपद् , महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिने
- शिक्षकका लागि शिक्षक निर्देशिकातथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गरिने
- शिक्षकको पेसागत सक्षमता विकास गरिने
- सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरिने
- माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहु भाषा प्रयोग गरिने
- विद्यालमा आधारित सहयोग पद्धति विकास गरिने
- सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाइने
- शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाइने
- स्थानीय तथा मातृ भाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गररिने

- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको बृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गरिने

### ३.६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धिः

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मकसोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार हुने

**प्रमुख नतिजाः**

- पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी रूपमा भएको हुने
- पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण उपलब्ध हुने
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित हुने
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिपर व्यवहार विकासमा सहजीकरण  भएको हुने
- सिकारुका सिकाइ समस्याको समाधानउन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्यङ्कन हुने
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन हुने

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

- पाठ्यक्रम अभिमुखिकरण
- शिक्षक तालिम
- शिक्षक पेसागत सहयोग
- कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन
- आवधिक विद्यार्थी मूल्याङ्कन
- डिजिटल सामग्रीको प्रयोग
- सुचना तथा सञ्चार प्रविधिको प्रयोग
- निशुःल्क पाठ्यपुस्तक
- बहुपाठ्यपुस्तक
- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन
- माध्यम भाषाका रूपमा मातृभाषाको प्रयोग
- सुपरिवेक्षण तथा अनुगमन
- परिक्षा सञ्चालन

## पाठ्यक्रम र पाठ्यसामाग्रीका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | जम्मा | | |
| १ | पाठ्यक्रम अभिमुखिकरण | सङ्ख्या | | ३० | ३० | | | ६० | १०० | स्थानीय तह,शिविसइ |
| २ | शिक्षक तालिम र पुनर्ताजगि तालिम | सङ्ख्या | ४० | ४० | ४० | ४० | ४० | २०० | ३०० | स्थानीय तह,मानव संसाधन केन्द्र |
| ३ | शिक्षक पेसागतसहयोग | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | स्थानीय तह,मानव संसाधन केन्द्र |
| ४ | कक्षाकोठामाआधारित विद्यार्थी मूल्यांकन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | विद्यालय |
| ५ | आवधिक मूल्यांकन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | विद्यालय |
| ६ | डिजिटल सामाग्रीको प्रयोग | वटा | ६ | ५ | ७ | ८ | ८ | ३२ | ६० | विद्यालय,सरकार |
| ७ | सूचना प्रविधिको प्रयोग | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | विद्यालय |
| ८ | निशुल्क पाठ्यपुस्तक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | विद्यालय |
| ९ | स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | स्थानीय तह, विद्यालय |
| १० | माध्यम भाषाको रुपमा | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | मातृभाषाको प्रयोग | | | | | | | | | |
| ११ | सुपरिवेक्षणतथा अनुगमन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १२ | पढाइ मैत्री शैक्षणिक सामग्री खरिद, सङ्कलन, निर्माण तथा प्रयोग जस्तैः विसङ्केतन किताब, ठूलो किताब, बाह्रखरी चार्ट, वर्ण तथा झ्याले पत्ती, शब्द चित्र पत्ती र अन्य सामग्रीको ब्यवस्था | सबै विद्यालयका कक्षा १ देखि ३ | ३४ | ३४ | ३४ | ३४ | ३४ | | | |
| १३ | सबै बालबालिकालाई पाठ्यपुस्तक तथा अभ्यास/कार्य पुस्तिकाको उपलब्धता | विद्यार्थि | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १४ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माण तथा प्रयोग | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| १५ | शिक्षण कार्यमा उपयोगी सामग्री जस्तै : पाठ्यक्रम, शिक्षक निर्देशिका लगायत सन्दर्भ सामाग्रीको उपलब्धता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ३.७ शिक्षक व्यवस्थापन र विकास

### ३.७.१ परिचय

शिक्षक ज्ञान ,सीप ,सभ्यता र संस्कारले भरिएका व्यक्तित्व हुन । शिक्षकहरूलाई जति खुसी र कार्यप्रति आकर्षित गर्न सक्यो उति नै देशको शिक्षा प्रणालीले काँचुली फेर्न सक्छ । शिक्षकहरूको सेवा, शर्त, सुविधा र वृत्तिविकासको बाटो अझै सशक्त र व्यवहारिक बनाई अगाडि बढ्नु सान्दर्भिक देखिन्छ । विद्यालयहरूमा शिक्षककोदरबन्दी मिलान, द्वन्द्व, तनाव व्यवस्थापन, समय व्यवस्थापन जस्ता पक्षमा ध्यान दिई विद्यालयको सर्वपक्षीय विकास गर्न शिक्षक व्यवस्थापन र विकासमा जोडदिनु अत्यावश्यक छ ।
शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य व्यावसायिक रुपमा दक्ष पेसाप्रति उत्प्रेरित समर्पित प्रतिवद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य दक्ष समर्पित र अभिप्ररित शिक्षकहरूको व्यवस्थापनवाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ ।

प्राथमिक तहमा विद्यार्थी सङ्ख्याको आधारमा र निम्न माध्यमिक तथा माध्यमिक तहमा विषय गत रुपमा विद्यमान मापदण्ड १ : ४५ शिक्षक विद्यार्थी अनुपात कायम गरिएको छ । शिक्षा ऐन तथा नियमावलीले आधारभूत तहमा कम्तिमा ७ दरबन्दी र माध्यमिक तहमा १२ दरवन्दी हुनुपर्ने व्यवस्था गरेको छ ।

नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना , परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन् । यसको फलस्वरुप विद्यालयको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने , प्रविधिको प्रयोग गरी शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन् । विद्यालय क्षेत्र विकास योजना अवधिमा कक्षाकोठाको शैक्षणिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएका छन् । यस अवधिमा शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम, छोटो अवधिको मागमा आधारित तालिमहरू सञ्चालन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन प्रयत्न गरियो ।

पेसागत रुपमा सक्षम ,दक्ष र अभिप्रेरित शिक्षकवाट नै कक्षाकोठाको शिक्षणसिकाइमा सुधार आउन सक्छ । यसका लागि शिक्षकलाई पेसागत विकासका अवसरहरू उपलव्ध हुन आवश्यक छ । शिक्षकको पेसागत विकासका लागि विभिन्न तौरतरिकाहरू छन् । शिक्षक तालिम, कार्यशाला , सेमिनार कनफरेन्स , कार्यमूलक अनुसन्धान , शिक्षकहरूको सिकाइ सञ्जाल , अवलोकन भ्रमण मेन्टरिङ आदि अवसरवाट शिक्षकको पेसागत विकास सम्भव छ ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेसालाई रोजाइको पेसाको रुपमा विकास गर्न शिक्षकहरूलाई सूचना प्रविधि , प्रधानाध्यापक तथा लेखापालहरूलाई विद्यालयमा गरिने लेखा व्यवस्थापन , सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन , शिक्षकहरूलाई पेसागत विकासका विभिन्न मोडालिटिका तालिम लगायतका कार्यक्रमहरूको आवश्यकता आँकलन गरिएको छ । कक्षाकोठाको शिक्षणसिकाइलाई गुणस्तरीय बनाउने शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने विद्यार्थीको

सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने कायलाई प्राथमिकता दिइएको छ । यसमा शिक्षक ब्यवस्थापनको वर्तमान अवस्थाको विश्लेषणबाट चुनौतिहरूको पहिचान गरि शिक्षक ब्यवस्थापन र विकासलाई प्रभावकारी बनाउने सम्बन्धमा यस कार्यक्रमका उद्धेश्य पुरागर्नका लागि अपनाइने रणनीतिहरू कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्यमुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ ।

### ३.७.२ वर्तमान अवस्था

नेपालमा वर्तमान अवस्थामा शिक्षकहरू तयार गर्ने काम विश्वविद्यालय त विद्यालयहरूले गरिरहेका छन् । शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन गर्ने , रिक्त दरवन्दीमा शिक्षक पदपूर्तिका परीक्षा सञ्चालन गरि नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्वन्धी काम शिक्षक सेवा आयोगले गर्दै आएको छ । आयोगबाट सिफारिस भइ आएका शिक्षकहरूलाई नियुक्ति गरी पदस्थापन गर्ने कार्य स्थानीय तहहरूले गर्दै आएका छन् । यसै गरि अस्थायी वा करार शिक्षकको नियुक्ति गर्ने , शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य स्थानीय तहले गर्दै आएका छन् । शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने काम शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले , प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास कन्द्रले र शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम प्रदेश शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन् ।

चामुण्डाविन्द्रासैनी नगरपालिकामा हाल सञ्चालनमा रहेका बालबिकास केन्द्रका २४, प्राथमिक तहका १०३, आधारभूत तहका २३, माध्यमिक तहका १६ गरी जम्मा १६६ जना सङ्घीय अनुदानबाट तलब भत्ता र नगरपालिकाबाट ५० प्राथमिक, २४ निम्न माध्यमिक र १ माध्यमिक गरि जम्मा ७५ जना शिक्षकहरूले अध्यापन गरिरहेका छन् । जहाँ शिक्षक विद्यार्थी अनुपात प्राथमिक तहमा ३४.४३ , निम्न माध्यमिक तहमा ५१.४७ र माध्यमिक तहमा ८५.८० रहेको छ ।

### ३.७. २.१ शिक्षक तयारी

शिक्षकहरू आफू जलेर अरुलाई उज्यालो प्रदान गर्ने मैनबत्तीरुपी समाजका आदर्श व्यक्तिहुन् ।समाजमा सदाचार, सुशासन र सकारात्मक धारणाको विकास गराउन शिक्षकको अहम् भूमिका रहेको हुन्छ ।शिक्षकहरू एक सामान्य वौद्धिक व्यक्तिमात्र नभएर सामाजर राष्ट्र परिवर्तनका हस्ती पनि हुन । शिक्षकहरू सक्षम र पेसाप्रति लगनशील भएको खण्डमा मात्र शिक्षाले गति पाउन सक्दछ। शिक्षकहरूले विद्यालयमा काँचो माटोको रुपमा रहेका बालबालिकालाई जीवनोपयोगी ज्ञान दिएर प्राज्ञिक व्यक्ति निर्माणका लागि अमूल्य योगदान प्रदान गर्दछन् । यस्ता शिक्षक तयार गर्न छोटो समयमा थोरै लगानीले सम्भव छैन । अधिक लगानी र लामो समयको अन्तरालमा उत्पादित जनशक्तिलाई व्यवस्थित बनाउन सकेको खण्डमा मात्र शिक्षाले गति लिन सक्दछ । चामुण्डाविन्द्रासैनी नगरपालिकाले शिक्षक तयारीका लागि देहाय बमोजिमका कार्यनीतिहरू अवलम्वन गर्नेछ ।

१. आवश्यकताअनुसार स्थानीय भाषा र संस्कृतीको ज्ञान भएका व्यक्तिहरूलाई शिक्षण पेशामा आकर्षित गरिनेछ ।
२. विगतमा दिइएको शिक्षकको १० दिने TPD तालिमलाई कक्षा कोठामा प्रयोग गर्न प्रेरित गरिनेछ ।
३. शिक्षकको वृत्ती विकासलाई विशेष ध्यान दिईनेछ ।
४. विद्यालय शिक्षाका उत्कृष्ट विद्यार्थीहरूलाई शिक्षा क्षेत्रका विषयहरू पढ्न अग्रसर गराईनेछ ।
५. समयसमयमा विज्ञापन खोली योग्य, दक्ष र क्षमतावान व्यात्ति छनौट गरी शिक्षक नियुक्त गरिनेछ ,

६. संघीय सरकाबाट दरबन्दी थप दरबन्दी प्राप्त नभएसम्मका लागि नगरपालिकाले खुला प्रतिस्पर्धाबाट स्वयंसेवक शिक्षक छनौट गरी परिचालन गरिनेछ ।

### ३.७. २.२ शिक्षण पेसामा आकर्षण र नियुक्ति

शिक्षण पेसा आफैंमा मर्यादित र सम्मानित पेशा हो । जुन देशामा शिक्षकलाई जति सम्मान दिएका हुन्छन् त्यो देशको शिक्षा प्रणाली पनि त्यतिनै माथि रहेको हुन्छ । वर्तमान समयमा नेपालमा खुला प्रतिस्पर्धाको माध्यमबाट शिक्षक सेवा आयोगले शिक्षक नियुक्तिका लागि सिफारिस गरेसँगै शिक्षकहरूको पेशागत सम्मानमा पनि सहयोग पुगेको छ । वर्तमान समाजले पुँजीलाई सर्वोत्कृष्ट साधनका रूपमा स्वीकारेर दक्ष र सक्षम व्यक्ति पलायन हुन थालेका छन् । यस्तो परिप्रेक्ष्यमा समयानुकूल जीवन निर्वाहका लागि आवश्यक सेवा सुविधा विस्तार गर्नु पनि शिक्षाण पेशाप्रति आकर्षण गराउने आधार हुनेछ । शैक्षिक गुणस्तर सुधारका लागि काम गरे बापत अतिरिक्त सेवा सुविधाले पनि शिक्षण पेशामा आकर्षण गर्न सकिन्छ ।

१. योग्य, क्षमतावान, आदर्श तथा चरित्रवान व्यक्तिलाई शिक्षक बन्न प्रेरित गरिनेछ ।
२. शिक्षकहरूलाई समयसमयमा क्षमता विकासका कार्यक्रम सञ्चालन र राम्राकामको अनुकरणको वातावरण सिर्जना गरिनेछ ।
३. शिक्षकहरूका लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरी व्यक्तित्व विकासमा सहयोग गरिनेछ ।
४. शिक्षकहरूको बढुवा प्रक्रियामा चुस्त दुरुस्त वनाउन विद्यार्थीको नतिजा संग शिक्षकको कासमु जोडिनेछ ।
५. शिक्षकहरूको पेशागत मर्यादा कायम राख्न राम्रो कामको प्रशंसा गरिनेछ ।
६. शिक्षण गरेको विषयमा विद्यार्थीले प्राप्त गरेको सिकाइ उपलब्धीको आधारमा शिक्षकलाई थप सुविधा प्रदान गरिनेछ ।

### ३.७. २.३ शिक्षण सिकाइ क्रियाकलाप

विद्यार्थीको मस्तिष्क तब सक्रिय हुन्छ जब शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी हुन्छ । शिक्षण सिकाइ क्रियाकलाप कस्तो बानाउने भन्ने कुरा सम्बन्धित शिक्षकमा निर्भर हुन्छ भने प्राविधिक सहयोग विद्यालय र समुदायको रहेको हुन्छ।जबसम्म शिक्षकहरूमा अन्तरहृदयदेखि केहि गरूँ भन्ने भावनाको विकास हुँदैन तबसम्म विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार हुनसक्दैन। चामुण्डाविन्द्रासैनी नगरपालिकाले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनका लागि देहाय बमोजिमका कार्यनीतिहरू अवलम्वन गर्नेछ ।

१. शिक्षकहरूममा अन्तरहृदयदेखि नै पेसा प्रतिको सम्मानभाव र जिम्मेवारी महसुस गराइनेछ ।
२. विद्यार्थीको पूर्व क्षमतालाई आँकलन गरी रुची, क्षमता र लगावका आधारमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिनेछ ।
३. बालबालिकाको पठन सीप विकासका लागि विगतमा गरिएका तालिमलाई निरन्तरता दिइनेछ ।
४. पाठ्यक्रमलाई मूल आधार बनाइ पाठ्यक्रमको प्रबोधिकरण र कार्यान्वयनमा प्रभावकारिता ल्याइनेछ ।
५. स्थानीय स्रोत साधानको अधिकतम उपयोग गर्दै सूचना तथा सञ्चार प्रविधिको शिक्षण सिकाइमा प्रयोग गर्न उत्प्रेरित गरिनेछ र आवश्यक तालिम तथा सहयोग प्रदान गरिनेछ ।
६. प्रत्येक विद्यार्थीहरूका लागि आवश्यक विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याब, पुस्तकालय, इ- पुस्तकालय र सामुदायिक पुस्तकालयको थप विकास गरिनेछ ।

७. Learning by doing, प्रयोगात्मक, परियोजनामा आधारित सिकाइलाई प्रभावकारी रूपले कार्यान्वयनमा ल्याइनेछ ।
८. कक्षा शिक्षण र विषयगत शिक्षण परम्पराको पूर्ण कार्यन्वयन गरिनेछ ।

### ३.७. २.४ शिक्षकको उत्तरदायित्त्व

शिक्षामा आएको नया परीवर्तन संस्थागत गर्न शिक्षक महत्वपूर्ण सहयात्री हुन् । शिक्षक शिक्षण पेसाको शिर्ष व्यक्ति हो । शिक्षकले आफ्नो पेशाप्रति निर्वाह गर्नु पर्ने सम्पूर्ण जिम्मेवारीको जस अपजस स्वयम्‌मा रहेको हुन्छ । शिक्षकले जति उत्तरदायित्व बहन गर्न सक्यो शिक्षा क्षेत्रले त्यति नै गति पाउने भएकाले शिक्षकको उत्तरदायित्व अपरिहार्य पक्ष बन्दै गएको छ ।यस योजनाले शिक्षक उत्तरदायित्वका लागि निम्न कार्यनीति कार्यान्वयन गरिनेछ ।

१. विधार्थीको सिकाइको लागि शिक्षकलाई जिम्मेवार वनाइनेछ ।
२. विद्यार्थीको उपलव्धिका आधारमा शिक्षकको मुल्यांङ्कन गरिनेछ ।
३. विद्यार्थीको सफलता रअसफलताको जिम्मेवारी सम्बन्धित सरोकारवालालाई दिईनेछ भने त्यसको नेतृत्व शिक्षकलाई दिइनेछ ।
४. विद्यालयको चलअचल सम्पतिको संरक्षण र सामग्रीको उत्पादन र त्यसको प्रयोगको प्रभावकारिता मापन गर्न लगाइनेछ ।
५. निरन्तर विद्यार्थी मूल्याङ्कन, विद्यार्थी अभिलेख तयार, विद्यार्थी प्रगतिको विवरण तयार, विषयगत शिक्षण योजनाको तयारी तथा प्रयोग गर्न लगाइनेछ ।

### ३.७. २.५ शिक्षक सहयोग पद्धति

शिक्षक शैक्षिक परिवर्तनका अगुवा हुन् । शैक्षिक परिवर्तनमा नेतृत्वलाई सहयोग पुऱ्याउने नभएमा नेत्तृत्व असफल हुने र शिक्षा प्रणाली नै धरापमा पर्न सक्छ । त्यसैले शिक्षकलाई सहयोग पुऱ्याउन यस योजनाले निम्न कार्यनीति लागु गर्नेछ ।

विद्यालयमा शिक्षकले भोग्नु परेका समस्याहरू छलफलबाट पत्तालगाई तिनको निराकरण गर्न नगरपालिकाबाट सहजीकरणको भूमिका नर्वाह गरिनेछ ।

१. शिक्षकहरूलाई पेशागत सहयोग गर्न प्रधानाध्यापक तथा आधारभूत तह इन्चार्जलाई थप जिम्मेवार वनाइनेछ ।
२. सामाजिक,आर्थिक, राजनैतिक, सांस्कृतिक,नैतिक समस्याको पहिचान गरी निराकरण गरिनेछ ।
३. आवश्यकताअनुसार क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।
४. सूचना सञ्चारका आधुनिक प्रविधिसम्बद्ध तालिमको व्यवस्था गरिनेछ ।
५. शिक्षा क्षेत्रका गुनासो सुनि आवश्यक पेशागत सम्मान र सहयोगको व्यवस्था गरिनेछ ।
६. शिक्षकहरूलाई नेपालका नमुना विद्यालय भ्रमणको व्यवस्था गरिनेछ ।
७. शिक्षा क्षेत्र सम्बद्ध प्राकृतिक प्रकोपहरूमा शिक्षकहरूको सुरक्षा गर्न आवस्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
८. विपद्को समयमा शिक्षा निरन्तरता सम्वन्धि तालिम दिइनेछ ।
९. मनोसामाजिक परामर्शको तालिम व्यवस्थापन गरिनेछ ।

### ३.७. २.६ शिक्षक क्षमता विकास कार्यक्रम

शिक्षक एक बहुआयामिक व्यक्तित्व हो। उसले एक क्षेत्र र विधाको ज्ञानले मात्र पेशागत दख्खल देखाउन सक्दैन त्यसै गरी एक समयको ज्ञानले सदाकालागि प्रयाप्त हुन्छ भन्नु सर्वथा गलत कुराहो । त्यसैले शिक्षकलाई समयानुकूल अद्यावधिक,जागरुक र समयसापेक्ष बनाउनु शिक्षक क्षमता विकास कार्यक्रमको उद्देश्य हो। शिक्षक क्षमता विकास कार्य गराउन यस नगरपालिकाले निम्नानुसारका कार्यनीतिहरू लागु गर्नेछ ।

१. शिक्षा तालिम केन्द्र, सुर्खेत तथा अन्य संस्थाहरूले आयोजना गरेका पेसागत विकास तालिममा शिक्षकहरूलाई अनिवार्य सहभागी गराइनेछ र तालिममा सिकेका कुराहरू समूहमा आदानप्रदान गर्न लगाईनेछ ।
२. नगरपालिकास्तरीय क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ ।
३. पेशागत सहयोग पुऱ्याउने खालका सन्दर्भ सामग्री,पूरक सामग्री, सूचना प्रविधिमा आधारित सामग्रीको प्रयोग पक्षमा जोड दिइनेछ ।
४. विषयगत समस्याहरू सङ्कलन गरी सामूहिक निकास निकाल्ने विषयगत समिति गठन तथा अनुभव आदान प्रदान कार्यक्रम निरन्तर गरिनेछ ।
५. कुनै विद्यालयले गरेको असल अभ्यासको सम्मान गर्दै अन्य विद्यालयमा पनि विस्तार गरिनेछ ।
६. शिक्षकहरूमा सकारात्मक स्वच्छ प्रतिस्पर्धाको भावना विकास गराउन प्रतियोगितात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।
७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भएका शिक्षा क्षेत्रका नविनतम् प्रविधिलाई शिक्षकको क्षमता विकास सम्बद्ध बनाउन विभिन्न तालिम, गोष्ठी र कार्यशाला सञ्चालन गरिनेछ ।
८. सूचना तथा प्रविधिको प्रयोग र व्यवस्थापन सीपको विकासमा जोड दिइनेछ ।

### ३.७.३ लक्ष्य

गुणस्तरीय शिक्षाका लागि योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित हुने

### ३.७.४ उद्देश्य

- सक्षम शिक्षक आपूर्तिका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गर्ने
- शिक्षक नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउनु
- विषयवस्तुमा निपुर्ण शिक्षकको सुनिश्चितता गर्नु
- सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु
- सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु
- शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु

### ३.७.५ रणनीतिहरू

- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रफमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा थप गरिने
- रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गरिने
- प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकास सम्बन्धी सेवाकालीन तालिम अनिवार्य बनाइने

- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने
- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिने
- शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिने
- शिक्षक नियुक्ति, सरूवा तथा तालिम र पेसागत विकामा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरिने

### ३.७.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने

**प्रमुख नतिजाः**

- राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाको आधारमा शिक्षक तयारी, छनौट र पेसागत विकास हुने
- शिक्षक तयारीका कोर्सहरूमा प्रयाप्त विषयगत तथा शिक्षण सिकाइसम्बन्धी सक्षमता विकास हुने
- शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने
- पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण हुने
- शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने
- शिक्षकको उपस्थिति, शिक्षण विधितथा तौरतरिका र कार्यसम्पादनमा सुधार हुने
- शिक्षक विद्यारथी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण हुने
- शिक्षकको आपूर्ति नियमित रूपमा हुने
- शिक्षकको बृत्ति विकासका लागि परादर्शी, र बस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित हुने

## शिक्षक व्यवस्थापन र विकासका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | जम्मा | | |
| १ | असल अध्यासको अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय |
| २ | कार्य सम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा दिने । | जना | ५ | ५ | ५ | ५ | ५ | ५० | ८० | स्थानीय |
| ३ | सबै स्थायी शिक्षाकको स्वास्थ्य विमा अनिवार्य गर्ने । | जना | | ६६ | | | | ६६ | ६६ | संघ, प्रदेश र स्थानीय |
| ४ | शिक्षण सिकाइमा पृष्ठपोषण प्राप्त गर्न परिक्षाको नतिजा विश्लेषण गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय |
| ५ | शिक्षक पेसागत सहयोग कार्यविधिका आधारमा सिकाइका लागि शिक्षकको इ संजाल बनाउने | वटा | | १ | | | | | १ | |
| ६ | शिक्षकलाइ परामर्श कार्य गर्न, अध्ययन अनुसन्धान, अनुगमन, सुपिरवेक्षणको लागि विज्ञ समुह परिचालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | संघ, स्थानीय तह |
| ७ | शिक्षक मेन्टरिङ/कोचिङका लागि कार्यक्रम सञ्चालनका गरेर शिक्षक पेसागत सहयोग विकास गर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | संघ, स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | विद्यालय तथा पालिका स्तरमा प्रारम्भिक कक्षाका शिक्षकलाइ पेसागत सहयोग गर्न शिक्षण सिकाइ समुह वैठक/घुम्ती वैठक सञ्चालन गर्ने | पटक | १० | १० | १० | १० | १० | ५० | ८० | स्थानीय तह तथा अन्य निकाय |
| ९ | आवश्यकताका आधारमा शिक्षक पेसागत सहयोग तालिम सञ्चालन गर्ने | जना | ३४ | ३४ | ३४ | ३४ | ३४ | १७० | १७० | संघ, प्रदेश र स्थानीय तह |
| १० | शिक्षिक दरवन्दी मिलान तथा पुनर्वितरण | पटक | | १ | | | | १ | १ | |
| ११ | पालिकाले प्रअ र प्रअले शिक्षकहरूसँग करार सम्झौता मार्फत सिकाइ उपलव्धीमा सुधार ल्याउने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |
| १२ | विद्यालय तथा पालिका स्तरमा प्रारम्भिक कक्षाका शिक्षकलाइ पेसागत सहयोग गर्न शिक्षण सिकाइ समुह वैठक/घुम्ती वैठक सञ्चालन गर्ने | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| १३ | कक्षा १ देखी ३ सम्म क्रमिक सिकाइ रणनीतिमा आधारित शिक्षण सिकाइ कार्य सञ्चालनका लागि तालिमको ब्यवस्था | पटक | १ | १ | | | | २ | ४ | |
| १४ | एकीकृत पाठ्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्नका लागि कक्षा १ देखि ३ सम्मका शिक्षकहरूलाई पठन तत्व तथा एकीकृत ढाँचाको तालिमको ब्यवस्था | जना | ३४ | ३४ | | | | ६८ | ६८ | |
| १५ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक | वटा | | १ | | १ | | २ | ४ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सामग्री निर्माणका लागि तालिम वा कार्यशालाको ब्यवस्था | | | | | | | | | |
| १६ | एकीकृत पाठ्यक्रममा पठन तत्व तथा एकीकृत ढाँचासम्बन्धी पुर्नताजगी तालिमको ब्यवस्था | पटक | | | | | १ | १ | | |
| १७ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टरनेट लगायत प्रयोगका लागि तालिमको ब्यवस्था | पटक | | | १ | | | १ | | |
| १८ | शिक्षक पेसागत सहयोग प्रणाली विकास र कार्यान्वयन | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १९ | शिक्षक पेसागत सहयोग सम्बन्धी प्रावधान कार्यान्वयन गर्नका लागि प्रणाली विकासगर्ने (जस्तै)<br>प्रधानाध्यापक/ आधारभूत संयोजक/अनुभवी शिक्षक परिचालन<br>विज्ञ समूह गठन र परिचालन<br>शिक्षक सिकाइ समूह गठन र परिचालन<br>वैकल्पिक विधिको प्रयोग | सबै विद्यालय र पालिकामा/ पटक | १ | | १ | | १ | ३ | ५ | |
| २० | शिक्षक पेसागत सहयोग प्रणाली कार्यान्वयन | सबै | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | गर्ने र निरन्तरताका लागि निम्न काम गर्ने<br><br>शिक्षकलाई शिक्षण कार्य प्रभावकारी बनाउन प्राज्ञिक तथा प्राविधिक सहयोग पुऱ्याउने<br><br>प्राविधिक सहयोगकर्ताका लागि तालिमको व्यवस्था गर्ने<br><br>प्राविधिक सहयोगकर्ताबाट नियमित कक्षा अवलोकनको व्यवस्था गर्ने<br><br>शिक्षकहरूको नियमित समीक्षा बैठक सञ्चालन, अन्तरक्रिया र छलफलको व्यवस्था गर्ने<br><br>दिगो र प्रभावकारी रुपमा शिक्षकलाई पेसागत सहयोग प्रदान गर्नेप्रणाली विकास र निरन्तरताको सुनिश्चितता गर्ने | विद्यालयमा | | | | | | | | |

## ३.८ विद्यालय व्यवस्थापन (प्रधानाध्यापक व्यवस्थापन समेत)

### ३.८.१ परिचय

नेपालको संविधान अनुसुची ९ अनुसार तीन तह संघ, प्रदेश र स्थानीय सरकारको अधिकारको साझासूचीमा शिक्षा, खेलकुद र पत्रपत्रिका रहेका छन । नेपालको संविधान अनुसुची ८ अनुसार स्थानीय सरकारको अधिकार सूचीमा आधारभूत तथा माध्यमिक शिक्षा रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन,२०७४ शिक्षासम्वन्धी २३ वटा अधिकारहरू गरिएको छ । विद्यालयको सु-सञ्चालनको लागि शिक्षा ऐन, २०२८ अनुसारको शिक्षा नियमावली, २०५९ परिच्छेद ६बमोजिम विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको गठन गरिने प्रावधान रहेको छ । व्यवस्थापनका दृष्टिले विद्यालय प्रमुख निकाय हो जहाँ सहभागितात्मक दृष्टिकोण, पाठ्यक्रम सुधारका दृष्टिकोण, मागमा आधारित शैक्षिक कार्यक्रम तथा वित्तीय पद्धति, स्थानीय र सामुदायिक साझा विचार रहेका हुन्छन । विद्यालय व्यवस्थापन भित्र शैक्षिक योजना निर्माण र कार्यान्वयनको संस्थागत जिम्मेवारी बाँडफाड गरिएको छ ।

विद्यालयहरूलाई आफूले सेवा प्रदान गर्ने समुदायप्रति उत्तरदायी बनाउन यस्ता समितिहरूको भूमिका र सक्रियतालाई बढाई पारदर्शिता, जवाफदेहिता कायम गर्दै शैक्षिक सुशासन अभिवृद्धि कायम गरिएको देखिन्छ । सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गरी आम अभिभावकहरूको विश्वास बहाली गर्ने र संस्थागत विद्यालयहरूलाई नियमन गरी सेवामूलक बनाउदै सबैका लागि गुणस्तरीय शिक्षाको प्रत्याभूतिका लागि स्थानीय सरकारले अगुवाई गरेको छ ।

विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापक रहने र प्रधानाध्यापक छनौट वा नियुक्ति सम्वन्धि व्यवस्था मौजुदा शिक्षा ऐन २०२८ अनुसार शिक्षा नियमावली २०५९ को नियम ९३ को आधारमा विद्यालयको प्रधानाध्यापकको व्यवस्था गरिने व्यवस्था छ । विद्यालयमा शैक्षिक वातावरण, गुणस्तर र अनुशासन कायम राख्ने प्रधानाध्यापकको कर्तव्य हो ।

### ३.८.२ वर्तमान अवस्था

चामुण्डाविन्द्रासैनी नगरपालिकामासंस्थागत ५ र सामुदायिक ४२ गरी आधारभूत तहका र १२ सामुदायिक माध्यमिक विद्यालयहरू गरी जम्मा ५९ र १० वटा बालविकासकेन्द्रहरू समुदायमा सञ्चालित विद्यालयहरू रहेका छन । पाठ्यक्रमले निर्दिष्ट गरेबमोजिम विद्यालय न्यूनतम २४० दिन खुल्नुका साथै कम्तिमा २१० दिन पठनपाठनको सुनिश्चितताको लागि शैक्षिक क्यालेन्डरको व्यवस्था गरिएको छ । अगुवा विद्यालयहरूलाई आफ्ना फिडर विद्यालयहरूको समन्वय र पेसागत सहायताका लागि जिम्मेवार बनाइएको छ । वडामा वडा शिक्षा समितिले काम गरिरहेका छन् । समग्र पालिकाको शिक्षासम्वन्धी नीति, योजना र कार्यक्रमको समन्वय र व्यवस्थापनको लागि पालिका प्रमुखको संयोजकत्वमा शिक्षा समिति गठन भई क्रियाशिल रहेको अवस्था छ ।

चुनौती र अवसर

- सबै वडामा वडा शिक्षा समितिहरूले सक्रियता बढाउनु,
- सबै विद्यालयहरूमा प्रचलित ऐन र नियमावली अनुसारको प्रधानाध्यापकको नियुक्ती,
- विद्यालय व्यवस्थापन समितिको समायावधि भित्र गठन गरी विद्यालयको समग्र व्यवस्थापन गर्नु,
- प्रधानाध्यापकहरूलाई सिर्जनशील, समयसापेक्ष, जवाफदेही र उत्तरदायी बनाउनु,
- विद्यालय व्यवस्थापन समितिलाइ श्रृजनशिल, समयसापेक्ष, जवाफदेही र उत्तरदायी बनाउनु,

- विभिन्न समिति, प्रधानाध्यापक र लेखा तथा प्रशासनिक कर्मचारीहरूको क्षमता विकास गर्नु।

### ३.८.३ लक्ष्य

सबै विद्यालयहरू बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउन सक्षम हुने

### ३.८.४ उद्देश्य

- विद्यालको शैक्षिक, भौतिक तथा आर्थिक अवस्थालाई सुदृढ बनाउनु
- विद्यालयको विकास, सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनु
- गुणस्तरीय तथा समतामलूक शिक्षामा बालबावलिकाको सहज पहुँचको आधार तयार गर्नु
- विद्यालयको शासकीय प्रबन्धलाई उच्च नतिजाका लागि प्रोत्साहित गर्नु
- विद्यालयहरूको सक्षमतामा सुधार गरी रूपान्तरणको गतिलाई तीव्रता प्रदान गर्नु
- योग्यतम् प्रधानाध्यापको छनौट तथा नियुक्ति गर्नु
- विभिन्न समित, प्रधानाध्यापकर लेखा तथा प्रशासनिक कर्मचारीहरूको क्षमता विकास गर्नु
- विद्यालय व्यवस्थापनलाई समावेशी, समन्यायिक र जवाफदेही बनाउनु
- विद्यालय व्यवस्थापनमा सरोकारवालाहरूको सहभागिता अभिबृद्धि गर्नु
- विद्यालयको सेवा प्रवाहलाई प्रभावकारी बनाउनु

### ३.८.५ रणनीतिहरू

- विद्यालयको सुधार योजना बनाई कार्यान्वयन गरिने
- शैक्षिक कार्ययोजनाको निर्माण र कार्यान्वयनलाई प्रभावकारी बनाइने
- विद्यालयको विकास तथा व्यवस्थापनका लागि गुरुयोजना बनाई कार्यान्वयन गरिने
- विद्यालय नक्शाङ्कन गरी विद्यालय समायोजन, पनर्वितरण तथा स्थापना गरिने
- शिक्षक दरबन्दी मिलान तथा प्रधानाध्यापक नियुक्ति
- विद्यालय सञ्चालन तथा व्वस्थापनका लागि विनियम तयार गरी कार्यान्वयन गरिने
- विद्यालयले वार्षिक कार्य सम्पादनको स्वमूल्याङ्कन गरी अभिभावक भेला मार्फत सार्वजनिक गरिने
- नियमित रूपमा विद्यालको लेखा तथा सामाजिक परिक्षण गरिने
- विद्यालयको विपद् व्यवस्थापन योजना बनाई कार्यान्वयन गरिने
- विद्यालयका सबै गतिविधिहरूमा अभिभावकहरूको पहुँच, सहभागिता, पारदर्शिता, र जवाफदेहिताको सुनिश्चितता गरिने
- नियमित रूपमा विभिन्न समितिहरू, प्रधानाध्यापक, शिक्षक, कर्मचारीहरूको क्षमता विकास र प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिने

### ३.८.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

<u>उपलब्धिः</u>

सबै विद्यालयहरू गुणस्तरीय शिक्षा प्रदान गर्न सक्षम हुने

<u>प्रमुख नतिजाः</u>

- विद्यालको शैक्षिक, भौतिक तथा आर्थिक अवस्था सुदृढ भएको हुने
- विद्यालयको विकास, सञ्चालन तथा व्यवस्थापन प्रभावकारी हुने

- विद्यालयमा गुणस्तरीय तथा समतामलूक शिक्षामा बालबावलिकाको सहजपहुँचको आधार तयार हुने
- विद्यालयको शासकीय प्रबन्ध उच्च नतिजाका लागि प्रोत्साहित भएको हुने
- विद्यालयहरूको सक्षमतामा सुधार भई रूपान्तरणको गतिलाई तीव्रता प्रदान गरेको हुने
- योग्यतम् प्रधानाध्यापको छनौट तथा नियुक्ति हुने
- विभिन्न समित, प्रधानाध्यापक र लेखा तथा प्रशासनिक कर्मचारीहरूको क्षमता विकास हुने
- विद्यालय व्यवस्थापन समावेशी, समन्यायिक र जवाफदेही हुने
- विद्यालय व्यवस्थापनमा सरोकारवालाहरूको सहभागिता अभिबृद्धि हुने
- विद्यालयको सेवा प्रवाह प्रभावकारी हुने

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

- विद्यालय सुधार योजना तयारी तथा अध्यावधिक
- शैक्षिक कार्ययोजनाको निर्माण
- विद्यालयको विकास तथा व्यवस्थापन गुरुयोजना
- विद्यालय नक्शाङ्कन
- विद्यालय समायोजन, पुनर्वितरण तथा स्थापना
- शिक्षक दरबन्दी मिलान
- प्रधानाध्यापक नियुक्ति
- विद्यालय सञ्चालन तथा व्यस्थापन विनियम तयारी
- वार्षिक कार्य सम्पादनको स्वमूल्याङ्कन
- अभिभावक भेला
- विद्यालयको लेखा तथा सामाजिक परिक्षण
- विपद् व्यवस्थापन योजना निररमाण
- विद्यालयका गतिविधिहरू सार्वजनिक
- क्षमता विकास र प्रोत्साहनका कार्यक्रम

## विद्यालय व्यवस्थापनका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ १ | २०८१/८२ २ | २०८२/८३ ३ | २०८३/८४ ४ | २०८४/८५ ५ | जम्मा | | |
| १ | विद्यालय सुधार योजना तयारी तथा अध्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | संघ, स्थानीय तह र विद्यालय |
| २ | शैक्षिक कार्यपात्रो निर्माण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय, स्थानीय तह |
| ३ | विद्यालयको विकास तथा व्यवस्थापन गुरुयोजना बनाउने | पटक | | १ | | | | १ | १ | विद्यालय |
| ४ | विद्यालय नक्साङ्कन गर्ने | पटक | १ | | | | | १ | १ | |
| ५ | विद्यालय समायोजन, पुनर्वितरण तथा स्थापना गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | शिक्षक दरबन्दी मिलानगर्ने | पटक | | १ | | | | १ | १ | |
| ७ | योग्यता, क्षमता र वरिष्ठताकोआधारमाप्रधानाध्यापक नियुक्ति गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | | | स्थानीय तह, विव्यस |
| ८ | विद्यालय सञ्चालन तथा व्यस्थापन विनियम तयारी गर्ने | विद्यालय | | ५ | ५ | ५ | ५ | २० | ५४ | विद्यालय |
| ९ | वार्षिक कार्य सम्पादनको स्वमूल्याङ्कन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | अभिभावक भेला गर्ने | पटक | २ | २ | २ | २ | २ | १० | २० | विद्यालय |
| ११ | विद्यालयको लेखा तथा सामाजिक परिक्षण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | संघ, स्थानीय तह |
| १२ | विपद् व्यवस्थापन योजना निर्माण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | स्थानीय तह |
| १३ | विद्यालयका गतिविधिहरू सार्वजनिक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय |
| १४ | प्रधानाध्यापक, शिक्षक र कर्मचारीलाइ प्रोत्साहन उपलव्ध गराउने | प्रअ, शिक्षक र कर्मचारी % | २० | २० | २० | २० | २० | १०० | १८० | स्थानीय तह |
| १५ | नगरपालिकाको शिक्षा योजनाको निर्माण, प्रवोधिकरण र परिमार्जन | | १ | १ | १ | १ | १ | | | |
| १६ | शिक्षक अभिभावक संघको कार्यकारी समितिले वित्तिय पारदर्शिता र जवाफदेहिता कायम, अभिभावक तथा अन्य संघसंसथासँग समन्वय र साझेदारी गर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| १७ | विद्यालयमा गठन हुने विभिन्न समितिका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १८ | विद्यार्थि तथा अभिभावकहरूको गुनासो सुनुवाइको व्यवस्था गर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| १९ | सामाजिक लेखापरिक्षण र प्रतिवेदनलाइ सार्वजनिक गर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| २० | विद्यालयहरूमा सेवा वडापत्रको व्यवस्था गर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |

## ३.९ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा

### ३.९.१ परिचय

औपचारिक शिक्षा प्रणालीको संरचना भदा बाहिर मानव जिवनका लागि आवश्यक ज्ञान, सिप र प्रकृयाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि विभिन्न लक्ष्य बनाई सेवा प्रदान गर्दछ । निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरवृद्धी, शिक्षासँग सिप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवम आजीवन शिक्षाले काम गर्दछ ।

संविधानले सुनिश्चित गरेको शिक्षा पाउने, हक, राष्ट्रिय शिक्षा नितिले अवलम्वन गरेको सिद्धान्त, दिगो विकासका लक्ष्य ४ तथा आवधिक योजनाले अपेक्षा गरेको ,प्रत्येक नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ । सबैका लागि गुणस्तरीय शिक्षा र जीवनपर्यान्त सिकाइ अवसर दिगो विकासको मुल मर्म रहेकोले विगतको साक्षरताका कार्यक्रमबाट साक्षर बनेका नवसाक्षरहरूका लागि मागमा आधारित निरन्तर शिक्षा र जीवनप्रयन्त सिकाइ अवसर उपलव्ध गराउनुपर्दछ । विशेष गरी शिक्षाको औपचारिक संरचना बाहिर ठूलो सङ्ख्यामा रहेका युवा, महिला र प्रौढहरूका लागिकार्यमूलक साक्षरता, आयआर्जन, समूह साझेदारी प्रविधि साक्षरता लगायतका कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक बनाइ अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारण गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाइ प्रदान गरेको छ । सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी  मापदण्ड, २०७८ जस्ता नीतिगत व्यवस्था गरिएको छ ।

### ३.९.२ वर्तमान अवस्था

दैलेख जिल्ला नेपालकै ३४ औं साक्षर जिल्ला घोषणा भईसकेको छ । यस पालिकामा दुई वटा सामुदायिक सिकाइ केन्द्रहरू सञ्चालनमा रहेका छन  । शिक्षाको अवसरबाट वञ्चित भएका, गरिबीको चपेटामा परेका समुदायका विभिन्न व्यक्तिहरूको आवश्यकतामा आधारित आयआर्जन कार्यक्रम, सीपमुलक कार्यक्रम, चेतनामूलक कार्यक्रम र पुस्तकालय सञ्चालन गर्ने उद्देश्य सामुदायिक सिकाइ केन्द्रको रहेको छ । । केन्द्रले आयआर्जनका लागि समुह गठन तथा परिचालन तथा पुस्तकालय व्यवस्थापनको काम गरिरहेको छ । चामुण्डाविन्द्रासैनी नगरपालिकाको साक्षरता दर ७४.९ प्रतिशत रहेको छ । जसमा महिला साक्षरता दर ६८.७ प्रतिशत र पुरूषको साक्षारता दर ८१.३ प्रतिशत (NPH Census 2021)  रहेको छ ।

चुनौती र अवसर

- सामुदायिक सिकाइ केन्द्रहरूलाइ क्रियाशिल रूपमा परिचालन गर्ने,
- सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी संघसंस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरि साक्षरता स्थिति बढाउने,
- सामुदायिक सिकाइ केन्द्रलाइ समयसापेक्ष सिकाइ आवश्यकता सम्बोधन गर्न सक्ने बनाउने,

- सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७८ लाइ प्रभावकारी कार्यान्वयन गर्ने,
- मौलिक तथा परम्परागत ज्ञानमा आधारित सामाग्री विकास गर्नु,
- महिलाहरूको साक्षरता प्रतिशत वृद्धि गर्नु ।

**३.९.३ लक्ष्य**

- सबै निरक्षरहरू पूर्ण साक्षर भई नागरिकको जीवनस्तरमा सुधार हुने

**३.९.४ उद्देश्य**

- सबै नागरिकका लागि समावेशीतथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने
- औपचारिक, अनौपचारिक तथा अरितिक शिक्षकाबीच अन्तरसम्बन्ध स्थापित गर्ने
- आजीवन सिकाइ संस्कृति सापेक्ष अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि संस्थागत सुदृढीकरण गर्ने
- स्थानीय तहलाई पूर्ण साक्षर पालिका घोषणा गर्ने

**३.९.५ रणनीतिहरू**

- सामूदायिक सिकाइ केन्द्रहरूको समायोजन, पुनर्संरचना तथा पनर्वितरण गरिने
- सामूदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी संघ संसथाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गरिने
- सिकारुका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विवधता अनुरूपका सामग्रीको प्रयोग गरिने
- सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गरिने
- सामूदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ.एम. सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गरिने

**३.९.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

<u>उपलब्धिः</u>

सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसर प्राप्त हुने

<u>प्रमुख नतिजाः</u>

- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरू प्राप्त हुने
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई सञ्चालन हुने
- सिकारूको आवश्यकताअनुसार जीवनपर्यन्त सिकाइका सामग्रीहरू कार्यान्वयन हुने
- सामुदायिक सिकाइ केन्द्र आजीवन सिकाइको केन्द्रका रूपमा विकास हुने

- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सिपको पहिचान एवम् प्रमाणीकरण गरी समकक्षता प्रदान हुने
- अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी तथ्याङ्क अध्यावधिक हुने
- स्थानीय तह पूर्ण साक्षर घोषणा हुने

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

- निरक्षरहरूको तथ्याङ्क संकलन तथा खण्डिकृत डाटावेस तयारी
- साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन
- सामूदायिक सिकाइ केन्द्र सञ्चालन
- सामूदायिक सिकाइ केन्दरलाई सामूदायिक पुस्तकालयका रूपमा सञ्चालन
- सामूदायिक सिकाइ केन्द्रको सुदृढीकरण
- सरकारी तथा गैर सरकारीनिकायसँग साझेदारी र सहकार्य
- मौलिक तथा परम्परागत ज्ञानमा आधारित सामग्री विकास
- सूचना तथा सञ्चार प्रविधिको प्रयोग
- सिकाइ सामग्री र सिकाइको प्रमाणीकरण
- संस्थागत प्रबन्ध
- अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालय, र धार्मीक प्रकृतिका विद्यालयहरूलाई अनुदान
- पूर्णसाक्षर पालिका घोषणा

## निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षाका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | जम्मा | | |
| १ | अनौपचारिक शिक्षा तथा आजिवन सिकाइ र यसका आगामी मार्ग सम्वन्धमा अवधारणागत स्पष्टताका लागि विज्ञ समुहबाट अवधारणा पत्र तयार गराइ अभिमुखिकरण गर्ने | पटक | १ | | | | | १ | १ | |
| २ | निरक्षरहरूको विवरण संकलन र आजिवन सिकाइका सरोकारवालाहरूको खण्डिकृत तथ्यांकहरूको डाटावेस तयार गर्ने | पटक | | १ | | | | १ | १ | सामुदायिक सिकाइ केन्द्र |
| ३ | सामुदायिक पुस्कालयको व्यवस्थापन गरी सामुदायिक सिकाइ केन्द्र सँग आवद्द गर्ने | सङ्ख्या | | | १ | | | १ | १ | संघ |
| ४ | सामुदायिक केन्द्रमा सुचना तथा संचारप्रविधि मैत्री उपकरणको व्यवस्था गर्ने | पटक | | १ | | | | १ | १ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | संयोजक र आवश्यकता अनुसार सहयोगीको व्यवस्था गर्ने | केन्द्र | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | |
| ६ | संघ, प्रदेश र स्थानीय तहमा समन्वय संयन्त्र विकास गर्ने | तह | १ | | | | | १ | १ | |
| ७ | सरकारी तथा गैर सरकारी निकाय तथा स्थानीय तहमा रहेका समुदायमा आधारित संस्थासँग साझेदारी र सहकार्य गर्ने | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | संघ, प्रदेश, स्थानीय तह र अन्य संघसंस्था |
| ८ | अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालय लगायतका संस्थाहरूको स्थापना, संस्थागत विकास र सञ्चालनका लागि अनुदान उपलव्ध गराउने | वटा | | १ | १ | | | २ | ४ | संघ |
| ९ | जेष्ठ नागरिक, श्रमिक, गृहणी महिलाहरूका लागि आवश्यकतामा आधारित निरन्तर सिकाइ प्रवर्धन गर्ने | स्थानीय तह (आवश्यकतामा आधारित) | | | | | | | | |

## ३.१० गुणस्तरीय सार्वजनिक शिक्षा

### ३.१०.१ परिचय

शैक्षिक गुणस्तर भन्ने कुरा नाप्न कठिन छ । सामान्यतया विद्यार्थीले विभिन्न परीक्षामा प्राप्त गर्ने सफलता तथा अङ्कलाई गुणस्तरको रुपमा बुझ्ने गरिएको पाइन्छ । शिक्षाको गुणस्तरलाइ अङ्कमा सीमित गर्न सकिंदैन । परीक्षामा कम अङ्क ल्याएपनि शिक्षण संस्थामा सिकेका सीपलाई व्यवहारमा प्रयोग गर्न सक्छ ।व्यावहारिक जीवनमा सिर्जनशील बन्छ, जागिरका लागि दिने परीक्षा तथा माथिल्लो शिक्षाका लागि हुने प्रवेश परीक्षाहरूमा सफलता प्राप्त गर्न सक्छ । माथिल्लो तहको शिक्षा आर्जन गर्ने क्रममा तल्लो तहको शिक्षाले सहयोग गरेको महसुस गर्छ भने त्यस्तो शिक्षालाइ गुणस्तरीय शिक्षा भन्न सकिन्छ ।

नेपाल सरकारले २०७६ सालमा जारी गरेको राष्ट्रिय शिक्षा नीतिले समेत गुणस्तरीय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुणसहितको प्रतिस्पर्धी, सिपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । समग्रमा विद्यालय पद्धतिलाई विद्यार्थीमैत्री र गुणस्तर उन्मुख बनाउन विद्यालयमा पूर्वाधार सहितको सिकाइ वातावरण निर्माण शिक्षकको क्षमता तथा उत्प्रेरणामा सुधार र निरन्तर सहयोग पद्धतिको विकास, विद्यार्थीलाई सिकाइका लागि उत्प्रेरित गर्नुका साथै उनीहरूको कुशलताप्रति चासो बढाउन विद्यालयमा आधारित स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा तथा शिक्षालाई विद्यालयमा आबद्ध गरी व्यवस्थित गर्नु आवश्यक छ ।

२१ औं शताब्दीका बालबालिकालाई सूचना तथा सञ्चार प्रविधिको पहुँच पुर्याउन, शिक्षकलाई स्वाध्ययन गर्ने मौका सिर्जना गर्ने, शिक्षण सिकाइलाई प्रभावकारी पार्न विद्यालयमा इन्टरनेटको व्यवस्था गरी शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग बढाइनु पनि अपरिहार्य छ। विद्यालय सुशासनलाई प्रभावकारी पार्ने र सार्वजनिक शिक्षाका लागि छुट्याएको बजेट सदुपयोग भएको सुनिश्चित गर्नु पनि त्यत्तिकै आवश्यक छ। यस्तै सानातिना कुरामा समेत ध्यानदिन सकेमा सार्वजनिक शिक्षाको गुणास्तर सुधार हुनसक्छ।

### ३.१०.२ वर्तमान अवस्था

सार्वजनिक शिक्षालाई गुणस्तरीय बनाउन तथा सबलीकरण गर्न समस्याका जराहरू पत्ता लगाइ सुधारको थालनी गर्नुपर्ने आवश्यकताछ। विद्यालयमा बालबालिकाले प्राप्त गर्ने उपलब्धि विद्यालयको पठनपाठनमा मात्र भरपर्दैन। बालबालिका विद्यालयमा आउनुभन्दा पहिला सिकाइका लागि कति तयार भएका छन् । त्यसले समेत प्रभाव पार्दछ। बालबालिकाको शिक्षाको तयारी सुनौलो हजार दिनदेखि सुरुवात हुन्छ। विद्यालयपूर्वको तयारीका लागि गर्भवती अवस्थामा आमालाई प्राप्त पोषणयुक्त खाना, स्वास्थ्य उपचार, सुत्केरी गराउने उपयुक्त तरिका, सुत्केरी आमाको स्याहारसुसार, शिशु जन्मेपछिको रेखदेखसमेतले विद्यालयको शिक्षामा प्रभाव पार्ने कुरा अध्ययनले देखाएका छन् । पूर्वबालशिक्षा तथा बालविकास केन्द्रहरूका लागि उपयुक्त कक्षाकोठा, उपयुक्त बाहिरी वातावरण, कक्षाकोठामा साना बालबालिकालाई पर्याप्त खेल्ने सामाग्रीको व्यवस्था, तालिमप्राप्त शिक्षक, पोषण ततयुक्त खाजाको व्यवस्था हुनसकेमा गुणस्तरिय सिकाइका लागि जग तयार हुन्छ।

सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीहरू प्रायः पिछडिएको समाजको, निरक्षर र आधारभूत तहको समेत शिक्षानपाएका अभिभावकका बालबालिका हुने ग्रेके कुरा पनि अध्ययनले देखाएका छन् । अभिभावकले बालबालिकालाईउपयुक्त पोषणको व्यवस्था गर्न र घरमा सिक्नका लागि उपयुक्त वातावरण मिलाउन नसकेमा विद्यालयमा बालबालिकाले राम्रो गर्ने सम्भावना हुदैन। बालबालिकालाई शिक्षाप्रति सचेत बनाउन अभिभावक शिक्षा सञ्चालन गर्न सकेमा त्यस्ता अभिभावकले समेत घरमा सहयोग गर्न सक्छन् । विगतमा अभिभावक शिक्षा भनेर केही प्रयास गरिएको पनि हो तर नाममात्रका अभिभावक शिक्षा प्रभावकारी हुन सकेका छैनन्। घरको वातावरण सिकाइलाई सहयोगी बनाउन अभिभावक शिक्षाबाहेक अन्य कुनै उपयुक्त तरिका हुन सक्दैन।अभिभावक शिक्षा व्यापक र प्रभावकारी पार्न सकेमा पनि सार्वजनिक शिक्षाको गुणस्तर सुधारको थालनी हुनसक्छ।

विद्यालयमा सुचना तथा प्रविधिमा आधारित शिक्षण सिकाइ प्रक्रियाको कार्यान्वयन गर्न नसक्नु, बालबालिकाहरूको सिकाइ सक्षमता पूरा भए नभएको एकिनको लागिनिरन्तर मुल्याङ्कन तथा सोही अनुरुप कमजोर सिकाइ भएकालाई उपचारात्मक शिक्षण सिकाइको व्यवस्था नहुनु, विद्यालयमा हुने हरेक प्रकारका वैठकहरूमा बालबालिकाहरूको सिकाइको सट्टा विद्यालयको प्रशासनिक एजेण्डाहरूमा मात्र छलफल गर्ने प्रवृति हावी हुनु जस्ता कुराले पनिसार्वजानिक शिक्षाको गुणस्तर सुधार आउन सकेको छैन ।

सोचे अनुरुप समुदाय तथा अभिभावकले उनीहरूका छोराछारीप्रति वा पढाइप्रति सहभागिता नहुनुले पनि सार्वजनिक शिक्षा धरासायी अवस्थामा पुगेको छ । समुदाय तथा अभिभावकको चेतनास्तरको कारण सार्वजनिक शिक्षामा उनीहरूको सहभागितामा वृद्धि बाधक देखिन्छ । अभिभावकको सोचाइ अङ्ग्रेजीमा पढाइ होस् भन्ने छ तर अङ्ग्रेजी भनेको त भाषाको माध्यम मात्र हो ज्ञान, सिप, अभिवृति तथा व्यवहार परिवर्तन होइन । त्यसैगरी शिक्षा भनेको अङ्ग्रेजी जान्नु होइन भन्ने बुझाइ उनीहरूमा ल्याउन नसक्नु पनि सुधारको बाधक रहेको विश्लेषण छ । आज मैले मेरा छोराछोरीहरूलाई पढाइमा सहयोग गर्ने त्यसले भविष्यमा सकारात्मक प्रतिफल दिन्छ भन्ने कुराको सचेतना आम अभिभावकहरूसँग पुर्याउनु आजको आवश्यकता रहेको छ । शिक्षा क्षेत्रमा नतिजामुखी अनुगमन सहजीकरण तथा सुपरीवेक्षण नहुनु तथा ऐननियम, कानुनबमोजिम विद्यालय शिक्षा सञ्चालन तथा व्यवस्थापनमा राजनीतिक नेता, कार्यकर्ताहरूले गर्ने अवरोधले पनि सार्वजनिक शिक्षाको गुणस्तरमा समस्याहरू परेको देखिन्छ ।

चामुण्डाविनद्रासैनी नगरपालिकाले पालिकाको शिक्षालाइ गुणस्तरिय बनाउनका लागि शिक्षा ऐन, नियमावली र कार्यविधि निर्माण गरी कार्यान्वयन गरिएको छ । त्यसैगरी विद्यालयहरूलाई शैक्षिक सामाग्रीहरू प्रदान, सिकाइमा नवीनता ल्याउनका लागि ३ वटा विद्यालयहरूमा Talking Teacher कार्यक्रम सञ्चालन, शिक्षण सिकाइ सहयोग अनुदान प्रदान गरिएको छ । बालबिकास कक्षा सञ्चालन, शैक्षिक गुणस्तर सुधारका लागि विद्यालयलाइ अनुदान, स्थानीय पाठ्यक्रम निर्माण र लागु, अभिभावक शिक्षामाला निर्माण र कार्यान्वयन मूल्याङ्कन प्रणाली सुदृढीकरण, अतिरिक्त क्रियाकलाप सञ्चालन, विद्यालयमा इन्टरनेट जडान र प्रविधि हस्तान्तरण, छात्रवृत्ति, उपचारात्मक कक्षा सञ्चालन लगायतका काम पनि गरिएको छ ।

### ३.१०.३ लक्ष्य

सार्बजनिक शिक्षाको गुणस्तरमा अभिबृद्धि गर्ने

### ३.१०.४ उद्देश्य

- सबै बालबालिकाका लागि गुणस्तरीय विद्यालय शिक्षा सुनिश्चित हुने
- क्षमता तथा योग्यताका आधारमा गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा पहुँच पुग्ने
- क्षमता तथा योग्यताका आधारमा गुणस्तरीय उच्च शिक्षा उपलब्ध हुने
- शिक्षाका सबै निकाय, विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा र उच्च शिक्षा प्रदायक संस्थाहरूमा कार्यरत जनशक्तिको क्षमता विकास गरी गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्ने
- शिक्षाका सबै निकाय, विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा र उच्च शिक्षा प्रदायक संस्थाहरूमा सुशासन प्रबर्द्धन गरी सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास तथा कार्यान्वयन हुने
- दैनिक जीवनमा आवश्यक पर्ने आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मसख नागरिक तयार हुने

### ३.१०.५ रणनीतिहरू

- शैक्षिक संस्थाहरूमा उपयुक्त सिकाइ वातावरण सुनिश्चित हुनेगरी भौतिक, आर्थिक, शैक्षिक तथा जनशक्ति व्यवस्थापन गरिने छ
- सबै सामुदायिक विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संसथाहरूमा पेसागत रूपमा दक्ष, स्वप्रेरित र उत्तरदायी शिक्षक उपलब्ध गराइने छ
- शिक्षण पेसामा उच्चयोग्यता र सिप भएका मेधावी व्यक्तिहरू प्रवेश गर्ने वातावरण सिर्जना गरिने ।
- विद्यमान राष्ट्रिय शैक्षिक गुणस्तर मानक तथा मापदण्ड प्रयोगमा ल्याउने ।
- शैक्षिक गुणस्तर अभिवृद्धि तथा शिक्षालाई सामयिक बनाउन आधुनिक प्रविधिमैत्री क्रियाकलापमाआधारित विद्यार्थीकेन्द्रित शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्ने
- प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सिप अभिबृद्धिका लागि प्रयाप्त पठन सामग्रीको व्यवस्था, प्रारम्भिक कक्षा शिक्षण पद्धतिको प्रयोग, शिक्षक पेसागत विकास तथा पेसागत सहयोग उपलब्ध गराउने
- प्रारम्भिक कक्षाका बालबालिकाहरूका लागि उनीहरूको मातृभाषामा शिक्षण सिकाइ हुने वातावरण सृजना गर्ने
- विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संसथाहरूमा पुस्तकालय, प्रयोगशाला, Computer Lab आदिको व्यवस्था गरिने
- कक्षाकोठामा आधारित निरन्तर मूल्याङ्कन तथा आवधिक रूपमा विद्यार्थी उपलब्धि परीक्षण, विश्लेषण, तथा समीक्षा गरी निरन्तर पृष्ठपोषणको लागि संयन्त्र तयार गर्ने
- सार्बजनिक शिक्षामा सुशासन प्रबर्धन गर्न नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिकमा आधारित व्यवस्थापन, नतिजामा आधारित उत्तरदायित्व प्रणाली तथा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरी कार्यान्वयन गरिने

### ३.१०.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

<u>उपलब्धिः</u>

सबै बालबालिका तथा युवाहरूलाई गेणस्तरीय सार्बजनिक शिक्षा प्राप्त गर्ने अवसर सुनिश्चित हुने

<u>प्रमुख नतिजाः</u>

- शैक्षिक संस्थाहरूमा उपयुक्त सिकाइ वातावरण सुनिश्चित हुने

- सबै सामुदायिक विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संसथाहरूमा पेसागत रूपमा दक्ष जनशक्ति कार्यरत रहेको हुने
- शिक्षण पेसामा उच्चयोग्यता र सिप भएका मेधावी व्यक्तिहरू प्रवेश हुने
- विद्यामान राष्ट्रिय शैक्षिक गुणस्तर मानक तथा मापदण्ड प्रयोगमा आएको हुने
- आधुनिक प्रविधिमैत्री क्रियाकलापमाआधारित विद्यार्थीकेन्द्रित शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन भएको हुने
- प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सिप अभिबृद्धिका भएको हुने
- बालबालिकाहरूले आवश्यकताअनुसार मातृभाषामा शिक्षा प्राप्त गर्ने अवस्था सृजना हुने
- शिक्षण संस्थाहरूको भौतिक तथा शैक्षिक पुर्वाधार सुदृढ भएको हुने
- सार्बजनिक शिक्षामा सुशासन प्रबर्द्धन भएको हुने

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

- शैक्षिक वातावरण सुदृढीकरण
- क्षमता विकास कार्यक्रम
- शिक्षक दरबन्दी व्यवस्थापन
- अतिरिक्त क्रियाकलाप सञ्चालन
- शिक्षक पेसागत सहयोग
- प्रशंसा तथा प्रोत्साहन कार्यक्रम
- सूचना प्रविधिमा आधारित शिक्षण सिकाइ कार्यक्रम
- परीक्षण तथा अनुसन्धान
- सरोकारवालबीच निरन्तर अन्तरक्रिया
- कार्यसम्पादन परीक्षण
- आवधिक समीक्षा तथा प्रतिवेदन

## गुणस्तरिय सार्वजनिक शिक्षाका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | जम्मा | | |
| १ | प्रारम्भिक बालविकासमा खेल सामाग्री, सिकाइ सामाग्री, मनोरञ्जन सामाग्री, अडियो भिडियो सामाग्री सहितको आकर्षक तथा मनोरञ्जनात्मक कक्षाकोठा व्यवस्थापन | वटा | ३ | ५ | ५ | ५ | ७ | २५ | ५४ | |
| २ | शैक्षिक गुणस्तरको सुधारको थालनी कक्षा १ बाट गरौं अभियान सञ्चालन | सबै विद्यालय | | | | | | | | |
| ३ | बालबालिकालाइ सिक्नेगरी पढ्ने बनाउने उद्देश्यले कक्षा १ देखि ३ सम्म पढ्न सिकाउनका लागि पठन सिप विकास सम्वन्धी क्रियाकलापलाइ सहयोग गर्न कक्षा १-३ मा छापामय वातावरण बनाउने | विद्यालय | १५ | ५ | १० | ५ | | ४० | ५४ | स्थानीय तह तथा अन्य |
| ४ | विद्यार्थीको प्रतिभा पहिचान, परिचालन र प्रवर्दनका लागि सिर्जनात्मक गतिविधि सञ्चालन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | विद्यालय |
| ५ | विज्ञान तथा प्रविधि एक्स्पो, शैक्षिक मेला तथा प्रदर्शनी, महोत्सव आयोजना | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह तथा अन्य |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | प्रधानाध्यापकहरूको व्यवस्थापकिय एवम नेतृत्व क्षमता विकास | पटक | | १ | | १ | | २ | ४ | प्रदेश |
| ७ | शिक्षक दरवन्दी पुनर्वितरण तथा न्यूनतम शिक्षक सुनिश्चितता | पटक | | १ | | | | १ | १ | |
| ८ | शिक्षक तालिम तथा पेसागत विकासलाइ सुदृढिकरण गर्ने | जना | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | | |
| ९ | प्रअ, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि गर्ने | जना | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ | |
| १० | विद्यालयहरूले गुणस्तर केन्द्रित विद्यालय सुधार योजना बनाउने वा अध्यावधिक गरी कार्यान्वयनमा लैजाने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ११ | पोषणयुक्त खाजा कार्यक्रम | सबै विद्यालय | | | | | | | | |
| १२ | नियमित नतिजा मुखि अनुगमन तथा सुपरिवेक्षणको व्यवस्था | विद्यालय | १५ | १५ | १५ | १५ | १५ | | | |
| १३ | सरोकारवालाहरूविच अन्तर्रक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १४ | योजनाको आवधिक समिक्षा र अद्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ३.११ आर्थिक तथा सामाजिक रूपले पछाडी परेका वर्गको पहुँच/समावेशी शिक्षा

### ३.११.१ परिचय

शिक्षा मानव जीवनको सार्थकता प्रदान गर्ने महत्त्वपूर्ण अवयव हो । प्राचीन युगमा मानिसहरूले देखेर अनि प्रत्यक्ष भोगेका व्यवहारबाट शिक्षा प्राप्त गर्थे । बिस्तारै समयको बदलिदो क्रमसँगै आफ्ना अग्रज, आश्रम , गुरू सन्त, महात्मा धर्मप्रचारक विभिन्न पुस्तक तथा ग्रन्थका श्रवणबाट प्राप्त गर्दै विभिन्न विद्यालय, विश्व विद्यालय ,पुस्तकालय सङ्ग्रहालय, रेडियो, टिभी, इन्टरनेट, कम्प्युटर , मोबाइल लगायत विभिन्न आधुनिक विद्युतीयउपकरणबाट प्राप्त गरिएको अवस्था छ । शिक्षालाई समय सुहाउदो ढङ्गबाट प्रदान र ग्रहण गर्दै लैजानु पर्ने आजको टडकारो आवश्यकता देखिन्छ ।

समावेशी शिक्षा भन्नाले शिक्षाको मुलधार बाट बन्चित भई राज्यले चाहेको जनशक्ति उत्पादन गर्न नसकेको अवस्थामा शिक्षाप्रदान गर्नु भन्ने बुझिन्छ । सङ्कुचित अर्थमा अपाङ्गता भएका बालबालिकालाई शिक्षामा सहभागिता भन्ने बुझियता पनि व्यापक अर्थमा भौगोलिक, आर्थिक , सामाजिक , साँस्कृतिक , धार्मिक , शारिरिक, मानसिक तथा जातिय ढङ्गबाट उपेक्षित भन्ने बुझिन्छ। हाल विकसित परिवेश सँगै सडक बालबालिका अनाथ घरेलु हिंसा पिडित, द्वन्द्व पिडित, सहिद परिवार, बेपत्ता घाइते , अपाङ्गता सबै किसिमका बालबालिकालाई शिक्षामा सहभागिता र सुनिश्चितता भन्ने बुझिन्छ ।

### ३.११.२ वर्तमान अवस्था

चामुण्डाविन्द्रासैनी नगरपालिकाका अनाथ घरेलु हिंसा पिडित, अपाङ्गता सबै किसिमका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउनका लागि नगरपालिकाले विभिन्न कामहरू गरिरहेको छ । छात्रवृत्ति, अपाङ्गमैत्री विद्यालय, बालमैत्री विद्यालय, दिवा खाजालगायतका कामहरू नगरपालिकाले गरिरहेको छ । तर पनि समावेशी शिक्षाको हकमा धेरै काम गर्न बाँकी छ । यस पालिकामा अपाङ्गता भएका बालबालिकाहरू श्रोत विद्यालयको व्यवस्थापन हुन नसक्दा अहिले पनि शिक्षाको मुलधारमा पुग्न सकेको देखिदैन ।

विद्यालयमा शिक्षामा कमजोर वर्गको समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्न, विशेष सुविधाको आवश्यकता पर्ने बालबालिकाहरूलाई सिकाइका लागि आवश्यक पर्ने सहयोग गर्ने प्रणाली प्रभावकारी व्यवस्थापन गर्नु, सबै प्रकारका अपांगता भएका बालबालिकाहरूका लागि विशेष शिक्षाको सुनिश्चितता गर्नु, विद्यालयका पूर्वाधारहरूलाई छात्रामैत्री र अपांगमैत्री बनाउनु र श्रोतकक्षाको सञ्चालन तथा व्यवस्थापनमा प्रभावकारीता अभिवृद्धि गर्नु यस क्षेत्रमा देखिएका मुख्य चुनौतिका विषयहरू हुन् ।

नेपालको संविधानमा कमजोर वर्गका बालबालिकाहरूलाई आधारभूत र माध्यमिक शिक्षामा नि:शुल्क तथा अपाङ्गता बालबालिकाहरूलाई नि:शुल्क उच्च शिक्षा प्रदान गर्ने व्यवस्थाछ । छात्रा र दलित एवम् सीमान्तकृत बालबालिकाहरूका लागि छात्रवृत्ति प्रदान गर्नु, विद्यालय एवम् कक्षाकोठामा विविधता व्यवस्थापनको पाटो सशक्त बन्दै जानु, नगरपालिकाले कमजोर वर्गको शिक्षामा पहुँच पुर्याउनका लागिखेल्दै गरेको भूमिका, शिक्षक लगायत हरेक पेसामा आरक्षणको व्यवस्था लागु गरिनु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### ३.११.३ लक्ष्य

शिक्षामा आर्थिक, सामाजिक तथा शारीरिक रूपमा कमजोर बालबालिकाहरूको पहुँच अभिबृद्धि गरी उनीहरूलाई सशक्त, स्वतन्त्र र मर्यादित जीवन यापन गर्न सक्षम बनाउने

### ३.११.४ उद्देश्य

- महिला, दलित, जनजाती, अपाङ्गताभएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले बञ्चितिमा परेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याउने
- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता बृद्धि गरी गुणस्तर सुनिश्चित गर्ने
- विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाहगर्ने जनशक्तिको दक्षता र सक्षमता सुनिश्चित गर्ने
- शैक्षिक सुशासनका लागि विद्यमान संरचनालाई जवाफदेही बनाउने
- पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलापलगायत समग्र शैक्षिक प्रणालीमा विवधता, समता तथा समावेशीता अभिबृद्धि गरी विद्यालयलाई बालमैत्री बनाउने
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चितता गर्ने

### ३.११.५ रणनीतिहरू

- घरधुरी सर्वेक्षण गरी बालबालिकाहरूको अवस्था तथा आवश्यकता पहिचान गरी सोअनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाइने
- सबै विद्यालयमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई शिक्षा उपलब्ध गराइने
- आवश्यकतामा आधारित बैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमूनाहरूको विकास गरी पहुँच सुनिश्चित गरिने
- आधारभूत तहमा बहु तथा मातृभाषामा सिकाइको अवसर प्रदान गरिने
- शिक्षण सिकाइमा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गरिने
- आवश्यकताअनुसार पोशाक, स्टेशनरी तथा सिकाइ सामग्रीका लागि छात्रबृत्ति उपलब्ध गराइने
- सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकतालाई सम्बोधन गरिने
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने वातावरणको सृजना गरिने
- विद्यालयमा अभिभावको सहभागिता बढाइने
- शिक्षण गर्ने सिपयुक्त जनशक्तिको व्यवस्था गरिने
- समूदाय, सामुदायिक अध्ययन केन्द्र, गैर सरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूको सहभागितामा बालबालिकाहरूको शिक्षा पाउने हक सुनिश्चित गर्ने

### ३.११.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

<u>उपलब्धिः</u>

विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने

**प्रमुख नतिजाः**

- महिला, दलित, जनजाती, लोपोन्मुख समूदाय, अपाङ्गताभएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले बञ्चितिमा परेका सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर पाउने
- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता बृद्धि भई गुणस्तर सुधार हुने
- विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाहगर्ने जनशक्तिको दक्षता र सक्षमता सुधार हने
- शैक्षिक सुशासनका लागि विद्यमान संरचनाहरू जवाफदेही हुने
- पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलापलगायत समग्र शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिबृद्धि हुने
- सबै विद्यालयहरू बालमैत्री हुने

## आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच/समावेशी शिक्षाका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | जम्मा | | |
| १ | स्थानीय तहहरूमा व्यक्तिको अवस्था, सिकाइ आवश्यकता पहिचान गर्ने संयन्त्र विकास गर्ने | पटक | | १ | | | | १ | १ | स्थानीय तह |
| २ | शिक्षाको अवसरबाट वञ्चित हुनका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको वैकल्पिक शैक्षिक कार्यक्रमहरू तथा सहायता पद्दती तर्जुमा गरी कार्यान्वयन गराउने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | संघ, प्रदेश र स्थानीय तह |
| ३ | विद्यालय बाहिर रहेको सबै बालबालिकालाइ विद्यालय भित्र ल्याउन तथा अध्ययनमा निरन्तरताको सुनिश्चित गर्न जनसहभागिता सहितको कार्यक्रम सञ्चालन गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | स्थानीय तह |
| ४ | विशेष लक्षित समूहका विद्यार्थीहरूको आवश्यकता र सामाजिक सुरक्षाका कार्यक्रम तथा अवसर लागतसँग तादाम्य गरी छात्रवृत्ति दिने व्यवस्था मिलाउने | निरन्तर | | | | | | | | संघ, प्रदेश र स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | सबै आधारभूत विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, पानी, पुस्तकालय, बुक कर्नर, शौचालय जस्ता भौतिक तथा शैक्षिक पूर्वाधार अपाङ्गता एवं लैङ्गिकमैत्री बनाउने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | | संघ, प्रदेश र स्थानीय तह |
| ६ | बालबालिकालाइ अध्ययनको निरन्तरताका लागि दिवा खाजा व्यवस्था लगायतका विभिन्न प्रोत्साहनको व्यवस्था गर्दै बाकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थीबिच सुमधुर सम्वन्ध विकास, सिकाइमुखि शिक्षण पद्दति, कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्वन गर्ने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | स्थानीय तह तथा विद्यालय |
| ७ | राष्ट्रिय पाठ्यक्रम प्रारूप अनुरूप पाठ्यक्रमको स्थानीयकरण गरी पाठ्यक्रममा स्थानीय आवश्यकता अनुसारका विषयवस्तु समावेश गर्न स्थानीय तहका शिक्षा अधिकृत, प्रअ, शिक्षक तथा विव्यसका पदाधिकारीलाइ अभिमुखिकरण गर्ने । | पटक | | १ | | १ | | २ | ४ | स्थानीय |
| ८ | पाठ्यक्रम तथा सिकाइ सामाग्रीलाइ अपाङ्गमैत्री तथा लैङ्गिक उत्तरदायी बनाउदै सबै बालबालिकाको सिकाइ सुनिश्चित गर्ने । | पटक | | १ | | | | १ | १ | संघ, प्रदेश र स्थानीय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | आजिवन सिकाइ तथा निरन्तर शिक्षाका सहभागिहरूको आवश्यकता अनुसारको सिकाइ सहजीकरण सामाग्रीको व्यवस्था गर्ने तथा कार्यान्वयनका लागि स्थानीय तहका शैक्षिक व्यवस्थापक तथा सहजकर्ताहरूको क्षमता विकास गर्ने । | पटक | | १ | | १ | | २ | ४ | स्थानीय तह |
| १० | पाठ्यक्रमलाइ स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गर्ने र सिकाइलाइ जीवनोपयोगी सिपसँग आवद्ध गर्ने । | पटक | १ | १ | १ | | | ३ | ५ | संघ र स्थानीय तह |
| ११ | स्थानीय तहबाट आधारभूत शिक्षाका उमेर समूहका सबै बालबालिकाहरूलाइ विद्यालय भर्ना गर्ने व्यवस्था मिलाइ अनिवार्य शिक्षा सुनिश्चित भएको सार्वजनिक घोषणा गर्ने व्यस्था मिलाउने | पटक | | | १ | | | १ | १ | स्थानीय तह |
| १२ | विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चित गर्न यस सम्वन्धी शिक्षा तथा संयन्त्र स्थापना गर्ने | निरन्तर | | | | | | | | स्थानीय |
| १३ | पाठ्यक्रम, पाठ्यसामाग्री, विद्यालय वातावरण तथा सिकाइ प्रकृयालाइ समता र समावेशिताका दृष्टिले परीक्षण तथा सुधार गर्ने | पटक | १ | | | १ | | १ | १ | स्थानीय |

## ३.१२ शिक्षामा सूचना तथा सञ्चार प्रविधि

### ३.१२.१ परिचय

सबै नागरिकहरूमा देश विकासका लागि आवश्यक ज्ञान तथा सिप विकास गराउनु र नेपाललाई विश्वव्यापी समुदायमा आवद्ध गराउनु शिक्षाको दीर्घकालिन उद्धेश्य रहेको छ । विश्व प्रतिस्पर्धी, श्रमवजारको माग अनुरुपको जनशक्ति उत्पादनको लागि विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिमा जोड दिनु अपरिहार्य छ । विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र निजी तथा सामुदायिक विद्यालयहरूबीच देखिएको शैक्षिक गुणस्तरको दुरी घटाउन एवम् विश्व ज्ञानभण्डारमा विद्यार्थीको पहुँच विस्तार गरी उनीहरूको सिकाइको दायरा फराकिलो पार्न , विशेष गरी शिक्षण सिकाई क्रियाकलापमा सुधार गर्न, सिकाइ सामग्रीको प्रयोगमा पहुँच बढाउन र शैक्षिक प्रशासन र व्यवस्थापनलाई सुदृढ तुल्याउन वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि अपरिहार्य रहेको छ ।

नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकको आफनो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सुचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनि मौलिक हकमा उल्लेख गरेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागिसूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने सबैका लागिशिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाइ सुशासनको प्रत्याभूतिका लागिसूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुर्याउनु पर्दछ । त्यसैगरी नेपालकोसूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरू योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ । डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस (Geospatial/GIS) शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षासम्बन्धी क्षमता विकास गर्ने र सबैका लागिसूचना प्रविधिसम्बन्धी साक्षरता प्रदान गरेको छ ।
नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्वन्धी नीतिहरू उल्लेख गरिएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थपनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामाग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ ।

### ३.१२.२ वर्तमान अवस्था

आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम २०७७ विज्ञान तथा प्रविधि विषयमा सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग गर्न सक्ने सक्षमता निर्धारण गरी सूचना तथा सञ्चार प्रविधि ३० कार्य घण्टाको समय निर्धारण गरेको छ । माध्यमिक तहमा ऐच्छिक विषयका रुपमा कम्प्युटर अध्ययन गर्न सकिन्छ ।

चामुण्डाविन्द्रासैनी नगरपालिकामा एक वटा विद्यालयहरूमा प्रोजेक्टर र  स्मार्ट वोर्डको माध्यमले शिक्षण सिकाइ गर्न थालिएको छ ।१६ वटा विद्यालयहरूमा इन्टरनेट जडानको कार्य अगाडि बढिरहेको छ  ।  सबै माध्यमिक विद्यालयहरूमा इन्टरनेट सुविधाका लागि अनुदानको व्यवस्था गरिएको छ।३ वटा विद्यालयहरूमा टकिङ्ग टिचर कार्यक्रम सञ्चालन गरिएको छ। कक्षा ४ देखि कक्षा १२ सम्मका सबै विद्यार्थीहरूको सियुजी सिममार्फत सहजीकरण गरिएको छ।

### ३.१२.३ लक्ष्य

सूचना तथा सञ्चार प्रविधको प्रयोगले विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार आई गुणस्तरीय शिक्षाको प्रवर्द्धन हुने ।

### ३.१२.४ उद्देश्य

- सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्ने
- सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउने
- शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र समतामूलक बनाउने

### ३.१२.५ रणनीतिहरू

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिने
- सबै शिक्षकहरूको क्षमता विकास गरिने
- विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाइने
- शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गसरने
- शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गरिने
- शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरिने
- सामूदायिक अध्ययन केन्द्रहरूमा Digital Learning Center स्थापना गरिने

### ३.१२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

<u>उपलब्धिः</u>

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रबर्द्धन हुने

<u>प्रमुख नतिजाः</u>

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने
- विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच हुने
- सबै विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेको हुने
- सामूदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार हुने
- सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुदृढ हुने
- सूचना प्रविधिको प्रयोगले व्यवस्थापन, अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार आउने

## शिक्षामा सूचना प्रविधिका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | जम्मा | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार | वटा | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | वटा | २५ | १० | ० | ० | ० | ३५ | ५४ | संघ र स्थानीय तह |
| ३ | शिक्षकहरूको क्षमता विकास | जना | | ३० | ३० | ३० | ३० | १२० | १७५ | |
| ४ | विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | विद्यालय | २ | ३ | ३ | ५ | ५ | १८ | ३० | |
| ५ | IEMIS व्यवस्थापन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ६ | सामुदायिकसिकाइ केन्द्रहरूको क्षमता विकास | पटक | | १ | | | | १ | १ | |
| ७ | विद्यालमा इ हाजिरी ब्वस्थापन | वटा | | २ | २ | २ | २ | ८ | १५ | |
| ८ | माध्यमिक विद्यालयका अनिवार्य विषयहरूको भर्चुअल कक्षा सञ्चालन | | | | १ | २ | ३ | ६ | १० | |
| ९ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायतको व्यवस्थापन (लागत सहभागिताका अधारमा) | विद्यालय | ५ | १० | १० | ५ | ५ | ३५ | ५४ | |
| १० | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायतप्रयोगका लागितालिमको ब्यवस्था | जना | २० | २० | २० | २० | २० | १०० | १३० | |

## ३.१३ आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा

### ३.१३.१ परिचय

युद्ध, द्वन्द महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितका शैक्षिक कार्यक्रमलाई आपतकालिन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षाको रुपमा लिने गरिन्छ । यसको मुल उद्देश्य विभिन्न कारणले उत्पन्न सङ्कटकालिन अवस्थामा बालबालिका लगायत हिंसासँग सम्बद्ध व्यक्तिहरूको जीवन रक्षा, प्रकोपबाट सिर्जित सङ्कटको व्वस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाद रुपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । आपतलिन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बालअधिकारको रुपमा स्वीकार गरिएको छ । यसमा प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण, महामारी, युद्ध, द्वन्द व्यवस्थापन आदि कुराहरू समावेश गरिन्छ ।

### ३.१३.२ वर्तमान अवस्था

नेपालको वर्तमान संविधानले बालबालिकामाथि हुने सबै किसिमका विभेद सजाय र दुराचारलाई निषेध गरेको छ । अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ तथा नियमावली २०७७ ले छात्रवृत्ति, दिवा खाजा, सुविधा विहिनका लागि विशेष सहयोग, मातृभाषामा शिक्षा पाउने अधिकार उल्लेख गरेको छ । विद्यालय शान्ति क्षेत्र ,राष्टिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ ले विद्यालयलाई ससस्त्र गतिविधि र हिंसाबाट मुक्त गर्ने, दलगत राजनीतिक हस्तक्षेपबाट मुक्त राख्ने , भेदभाव दुव्र्यवहार र शोषणबाट मुक्त राख्ने कुरा उल्लेख गरिएको छ । हाल कोभिड १९ को विश्वव्यापी महामारीको अवस्थामा शैक्षिक क्षतिलाई न्यूनिकरण गर्न वैकल्पिक माध्यमबाट शिक्षण सिकाइ गर्न विभिन्न नीतिगत कार्यक्रहरू हुदै आएका छन । जसमध्ये सिकाइ सहजिकरण निर्देशिका, २०७७ विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना, २०७७ विद्यालय सञ्चालन कार्यढाँचा, पाठ्वस्तु समायोजन ढाँचा, २०७७ एसइइ नतिजा प्रकाशन तथा प्रमाणिकरण कार्यविधि, २०७७ जारी भएको छ ।

### चुनौतीहरू तथा अवसर

आपतकालीन अवस्थामा लागू गरिने पाठ्यवस्तु, छुटटै योजना बनाउने की योजनाको हरेक अङ्गमा यसलाई समावेस गर्ने, योजना तत्कालीन बनाउने कि दीर्घकालीन, योजनामा सङ्कटका कुनकुन पक्षलाई समावेश गर्ने, अनुमान गर्न नसकिने, घटनालाई योजनामा कसरी समेट्ने आदि यसका चुनौतिहरू रहेका छन ।

नेपालको संविधानले सबैलाई अनिवार्य, तथा नि:शुल्क आभारभूत शिक्षा र माध्यमिक तह सम्म नि:शुल्क शिक्षाको व्यवस्था र बालबालिकामाथि हुने सबै किसिमका विभेद सजाय र दुराचारलाई निषेध, अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५ तथा नियमावली २०७७ ले छात्रवृति, दिवा खाजा, सुविधा विहिनका लागि विशेष सहयोग, मातृभाषामा शिक्षा पाउने अधिकार उल्लेख गरेको छ । विद्यालय शान्ति क्षेत्र ,राष्टिय कार्य ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ ले विद्यालयलाई ससस्त्र गतिविधि र हिंसाबाट मुक्त गर्ने, दलगत साजनितिक हस्तक्षेपबाट मुक्त राख्ने , भेदभाव दुव्र्यवहार र शोसनबाट मक्त राख्ने नीतिगत व्यवस्था आदि अवसरहरू रहेका छन ।

### ३.१३.३ लक्ष्य

विपद्को अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुर्याउने

### ३.१३.४ उद्देश्य

- औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट सम्भावित विपद्को पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने
- सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको तयारी गर्ने
- विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्ने
- अल्पकालीन र दीर्घकालीन पुनर्स्थापना गर्ने

### ३.१३.५ रणनीति

- विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्यर पुनर्स्थापनासम्बन्धि आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गर्ने,
- सम्भावित प्रकोप तथा विपद्सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा सिप विकासगर्ने,
- प्रकोपबाट शिक्षा क्षेत्रलाई जोगाउन आवश्यक तयारीगर्ने,
- कोभिड- १९ लगायतका महामरीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारीगर्ने,
- महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने बैकल्पिक उपायहरूको तयारीगर्ने,
- शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङेकन तथा विश्लेषणगर्ने,
- सङ्कटासन्नता (Vulnerability) को मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको वृहत योजना तयार गर्ने,
- विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने,
- विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापना गर्ने,
- शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने,
- विपद् व्यवस्थापनको लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने,
- विपद् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबिच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने,
- विपद् व्यवस्थापनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफल अभ्यासलाई स्थानीयकृत गर्ने,
- हरित विद्यालय अभियान, जलवायु परिवर्तन, दिगो विकासका लागि शिक्षा जस्ता कार्यक्रमहरू कार्यान्वयन गर्ने।

### ३.१३.६ मुख्य उपलब्धी, क्रियाकलाप र लक्ष्य

<u>उपलब्धी</u>

आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने ।

<u>नतिजा</u>

- विद्यालय र शिक्षा प्रणालीमा विपद् तथा प्रकोप व्यवस्थापनको लागि पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा पुनर्उत्थान योजना तथा क्षमता विकास हुने,
- भौतिक, मानवीय र आर्थिक स्रोत व्यवस्थापन सहित विद्यालय तथा शिक्षा प्रणाली उत्थानशील हुने,
- विपद् तथा सङ्कटपूर्ण अवस्थामा शैक्षिक क्रियाकलापहरू निरन्तररुपमा सञ्चालन हुने,

**प्रमुख क्रियकलाप र लक्ष्य**

- विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण
- स्थानीय तह र विद्यालयको क्षमता विकास
- विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताको लागि सचेतना कार्यक्रम
- शिक्षक तथा विव्यस तालिम
- संकटासन्नता मूल्याङ्कनको आधारमा योजना निर्माण
- विपद् प्रतिरोधी विद्यालय भवन निर्माण

## आपतकालीन तथा सङ्कटपुर्ण अवस्थामा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | जम्मा | | |
| १ | उत्थानसिलताका लागि whole school approach का आधारमा सचेतना विकास गर्ने | विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ✓ | |
| २ | शिक्षक तथा विव्यस तालिम | पटक | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ✓ | सबै विद्यालय |
| ३ | स्थानीय तहमा संकटासन्नता मूल्यांकनका आधारमा योजना निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्य समुह निर्माण र परिचालन | विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ✓ | |
| ५ | स्वास्थ्य सुविधा सहितको स्वास्थ्य शिक्षक कार्यकर्ताको व्यवस्था | विद्यालय | १० | ५ | १० | १० | १० | ४५ | ५४ | आवश्यकताको आधारमा |
| ६ | हरित, सफा, शान्त र सुरक्षित विद्यालय प्रवर्धन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ७ | आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षासँग सम्वन्धित विभिन्न मापदण्ड, निर्देशिका तथा कार्यविधि एकिकृत गर्ने | पटक | १ | | | | | १ | १ | |
| | शिक्षाका सबै उपक्षेत्रमा उल्लेखित आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा गर्न सकिने विधिमा वैकल्पिक उपाय सहित योजना बनाउने | पटक | १ | | | | | १ | १ | |

## परिच्छेद ४: संस्थागत संरचना र क्षमताविकास (प्रदेश र संघीय तहसँगको अन्तरसम्बन्ध)

### ४.१ परिचय

बदिलदो परवेशअनुसार शासकीय संरचना, प्रकृया र क्षमता सुधार गरीएमा शैक्षिकगतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय सरचनाअनुसार तीन तहकोसरकारकाअधिकार तथा दायित्व बाँडफाड गरिएको छ । शिक्षामा भएको संङ्ख्यात्मक विकास र विज्ञान प्रविधिको तिव्र विकासले रसामाजिक विकास र मानवीय चेतनामा आएको परिवर्तन लगायतकापक्षहरू समेतलाई विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु नै संस्थागत संरचना र क्षमताविकासहो ।नेपालको शिक्षाक्षेत्रको वर्तमानसंस्थागत संरचना संघीय स्वरुपमा ३ वटै तहमा प्रवाह गर्ने, शैक्षिक सेवालाई निरन्तर गर्ने, तत्कालीन समस्या समाधानका लागि कर्मचारीका व्यवस्थापन र संगठनात्मक स्वरुपमा केहि परिवर्तन गरी व्वस्थापन गरिएको छ ।

यसमा योजनका प्रारम्भिक बालविकास, आधारभुत र माध्यमिक शिक्षामा सवैको पहुँच र सहभागिता सुनिश्चत गरी गुणस्तरमा सुधार, अनौपचारीक तथा आजिवन सिकाईका अवसरहरूको विस्तार र समता तथा समावेसिताको पर्वर्धन सहित जवाफदेही शैक्षीक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रकृया स्थापित गर्न खोजिएको छ ।

### ४.२ वर्तमान अवस्था

यस नगरपालिकाको शिक्षाको वर्तमान संस्थागत संरचनालाई हेर्दा नगरपालिकामा शिक्षा युवा तथा खेलकुद शाखाको व्यवस्था गरिएको छ । जसमा १ जना अधिकृत छैठौं , १ जना स्रोत शिक्षक र प्राविधिक कम्प्यूटर अपरेटर रहनु भएको छ । उहाँहरू मार्फत नै दैनिक शैक्षिक प्रशासन सञ्चालन, अनुगमन तथा नियमनका कार्यक्रमहरू निरन्तर रुपमा अगाडी बढीरहेका छन । सरकारका विभिन्व तहहरू बीच सहजीकरण र समन्वयका पक्षमा सुधार गर्नुपर्ने आवश्यकता यस पालिकामा देखिएको छ । समग्रमा, राज्यका तीनै तहका सरकारको एउटै लक्ष्य र उद्देश्य भएता पनि संस्थागत संरचना र क्षमताविकासकार्यमा आआफ्नानै कार्यशैली प्रस्तुत गरेका कारणले यस नगरपालिकामा चाहे अनुरुप काम भने हुन नसकिरहेको अवस्था छ । भिन्न भिन्न विशेषता र क्षमतालाई सम्बोधन गर्ने किसिमको संस्थागत व्यवस्था, क्षमता विकास र सो अनुसार कार्यन्वयन गर्ने परिपाटीका लागि थप कार्यगर्नुपर्ने देखिन्छ ।

### ४.३ लक्ष्य

- स्थानीय तहको शिक्षाको शासकीय प्रबन्धलाई सुदृढ बनाई नतिजामुखी शिक्षा व्यवस्थापनको प्रबर्द्धन गर्ने

### ४.४ उद्देश्य

- स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउने
- तीनै तहका सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउने
- गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्न जनशक्तिको व्यवस्था गर्ने
- जनशक्तिलाई नतिजाप्रति उत्तरदायी र जवाफदेही बनाउने
- कर्मचारी र संस्थाको क्षमता अभिबृद्धि गर्ने

### ४.५ रणनीतिहरू

- स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गरिने छ

- संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गरिने छ
- कार्यरत जनशक्तिको क्षमता विकास गरिने छ
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गरिने छ
- प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई क्षमता विकास गरिने छ

### ४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

शिक्षाका सबै निकाय तथा विद्यलयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुने

**प्रमुख नतिजाः**

- शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुने
- शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागि हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुने
- शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागि हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास पद्धति स्थापना भई क्षमता सुधार हुने
- सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुने

## संस्थागत संरचना र क्षमता विकासका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | जम्मा | | |
| १ | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास | सङ्ख्या | १ | | | | | १ | १ | संघ, प्रदेश तथा स्थानीय तह |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | ५४ | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | ५४ | |
| ४ | कार्यसम्पादन करार गरी सबैलाई नतिजाप्रति जिम्मेवार बनाउने | सङ्ख्या | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | १७५ | |
| ५ | स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना तथा सञ्चालन | सङ्ख्या | १५ | १५ | २० | २१ | २० | ९१ | १२० | |
| ६ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र विकास गर्ने | सङ्ख्या | | १ | | | | १ | १ | |
| ७ | विद्यालय स्वास्थ्य तथा पोषण, सरसफाइ तथा स्वच्छता, विपद् तथा महामारी सम्बन्धी सेवा तथा समन्वयका लागि संयन्त्र विकास गर्ने | सङ्ख्या | | १ | | | | १ | १ | |

# परिच्छेद ५ : लगानी र स्रोत व्यवस्थापन

## ५.१ परिचय

सबै नागरिकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलव्ध गराउने संवैधानिक प्रावधान रहेको छ । आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ । आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका टिउसन कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ । कार्यक्षेत्रभित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलव्ध गराउने, लेखापरीक्षण र वित्तिय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्यी, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ ।

वित्तिय व्यवस्थापन अन्तर्गत दुईवटा पक्षहरूलाई समेटिएको छ । एकातर्फ योजना कार्यन्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारवाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुर्याई तोकिएबमोजिम खर्च, पारदर्शिता बढाउदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ ।

शिक्षा विकासका पूर्वाधारहरूको पनि पूर्वाधारका रूपमा लिइन्छ । शिक्षाको समयसापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो त्यसो हुन सकेको छैन । विभिन्न प्रतिवेदनहरूले कुल बजेटको २० प्रतिशत बजेट शिक्षामा विनियोजन गरिएता पनि सो अनुपातमा पुग्न सकेको छैन । यथार्थताको नजिक रहेर योजना बनाएर सोबमोजिम बजेट विनियोजन गर्ने नभई हचुवाको भरमा बजेट विनियोजन गर्ने कार्यले प्रश्रय पाएको छ । समुदायको विद्यालयमा लगानी गर्नुपर्छ भन्ने सोचमा गिरावट आएको छ । संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउदै लजाने नीति उल्लेख गरिएको छ ।

कमजोर भौतिक पूर्वाधारलाई सुविधा सम्पन्न बनाउनु, विद्यालयहरूको आर्थिक पक्षलाई सबलीकरण गर्नु, विद्यालय शिक्षामा परिचालन हुने बजेटलाई पारदर्शि बनाउनु चुनौतिका रूपमा रहेका छन् । संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा शिक्षालाई राखिनु, संघ, प्रदेश र स्थानीय तहको एकल अधिकारका रुपमा समेत स्पष्ट गरिनुले शिक्षामा लगानीको अवसर राम्रो

## ५.२ वर्तमान अवस्था

विश्वव्यापी रुपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिवद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ । सर्शत अनुदानको रुपमा प्राप्त हुने केन्द्रिय अनुदानको ९५ प्रतिशत भन्दा वढि रकम शिक्षक तलब भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शिर्षकहरूमा खर्च हुने गरेको छ । गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन । विद्यार्थी सङ्ख्याका आधारमा एकाई लागत विश्लेषण गर्दा अभिभावकको प्रत्यक्ष लागानीका अतिरिक्त पालिका क्षेत्रमा अध्ययनरत विद्यार्थीको प्रतिविद्यार्थी

लागत २१ हजार रहेको छ । तिहारको भैलो देखि अभिभावकको सहयोग विद्यालयका आम्दानीका प्रमुख स्रोतहरू बनेका छन् ।

दश वर्षे नगर शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहनेछन् । अभिभावक र समुदायको भूमिका परिपूरकको रुपमा रहनेछ । शिक्षा क्षेत्रमा कार्य गर्ने संघसंस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रुपमा साझेदारी गर्न सकिनेछ । समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलव्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन । नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ । श्रोतको आँकलन तपसिल बमोजिम गरिएको छ ।

| क्र.स. | वित्तीय श्रोतको व्यवस्थापन | कूल बजेट (लाखमा ) | जम्मा हिस्साको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | सङ्घीय सरकार | ३८५५ | ५८.२२% | |
| २ | प्रदेश सरकार | १९११ | २८.८६% | |
| ३ | स्थानीय सरकार | ७८७ | ११.८८% | |
| ४ | अभिभावक तथा समुदाय | ० | ०% | |
| ५ | संघ संस्था तथा दातृनिकाय | ३० | ०.५% | |
| ६ | स्थानीय दाता तथा अन्य श्रोत परिचालन | २८.३ | ०.४% | |
| ७ | अपुग रकम | १० | ०.१५% | |
| | जम्मा | ६६२१.३ | १००% | |

## ५.३ लक्ष्य
